मानवका लागि मानव अधिकार
मानव अधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ७१ जेठ २०६७

मूल्य : रु. २०/-

लैङ्गिक हिंसा विरुद्धको वर्ष सन् २०

हार्दिक बधाइ

इन्सेकका संस्थापक अध्यक्ष, राष्ट्रिय मानवअधिकार आयोगका पूर्व आयुक्त तथा वरिष्ठ मानवअधिकारकर्मी श्री सुशील प्याकुरेल सन् २०१० को ग्वाङ्जु मानवअधिकार पुरस्कारबाट सम्मानित हुनुभएकोमा हार्दिक बधाइ ज्ञापन गर्दछौं ।

सुबोधराज प्याकुरेल

अध्यक्ष तथा

इन्सेक परिवार

प्राची

संचेतना द्वैमासिक

वर्ष १७ पूर्णांक ७१ जेठ २०६७

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
विजयराज गौतम

संयोजक
गीता गौतम

सम्पादक
मदन पौडेल

आवरण ले-आउट
गोविन्दप्रसाद त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा
इन्सेक जिल्लाप्रतिनिधि

व्यवस्थापन
शैलेश शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र
(इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np
www.inseconline.org

मुद्रक
थौलागिरि अफसेट प्रेस
बल्खु, काठमाडौं
फोन : २००४६१२

लैङ्गिक हिंसा विरुद्धको वर्ष २०१०



- नेपालमा महिला विरुद्ध हिंसा र लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजना....

  - इन्दिरा फुँयाल

  ६

- घरेलु हिंसा नियन्त्रणसम्बन्धी ऐन र कार्यान्वयनको पक्ष– दिनेश त्रिपाठी ९
- अन्तर्वार्ता : घरेलु हिंसाको संवेदनशीलतालाई कानूनले हेर्न सकेको छैन सपना मल्ल प्रधान १३
- अन्तर्वार्ता : महिला अधिकार सुनिश्चित भइसकेपछि मात्र महिला..... मञ्जुकुमारी चौधरी १५
- अन्तर्वार्ता : अहिले पनि महिलाको मुद्दालाई ..... शर्मिला कार्की १६
- सुदूरपश्चिममा महिला हिंसा– मनमाया बस्नेत १७
- महिला हिंसा न्यूनीकरणको लागि सञ्चारमाध्यम...../ उषा थपलिया १८
- महिलाविरुद्ध हुने हिंसा र निराकरणका ..../ सरस्वती मल्ल २३
- महिलामाथि हुने हिंसा र नियति/शवनम शर्मा २४
- स्थलगत अध्ययन प्रतिवेदन २५
- जनमत ३०
- फिचर ३५
- सप्तरीमा महिला हिंसाको अवस्था ...../ प्रकाश खतिवडा ३६
- महिला हिंसा रोक्नका लागि आवश्यक नीति/कविता बस्नेत ३८
- फिचर ४०

नियमित स्तम्भहरू

- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

यथावत

यी दुवै व्यवस्था संविधानमा छैनन् । राष्ट्रपतिले त्यस विपरितको सिफारिशलाई संवैधानिक दायराभित्र छ कि छैन भनी जाँचेर स्वीकृति दिने मात्र हो । राष्ट्रपति शासन तथा सैनिक शासन सबै हल्ला मात्र हुन् ।

राष्ट्रपति डा. रामवरण यादव

राष्ट्रपति शासन वा सैनिक शासन लागू हुने सम्भावना बारे पत्रकारहरूको प्रश्नको जवाफ दिँदै

०६६ चैत २९

गिरिजाबाबुले खास कुनै नेता वा पार्टीका लागि संयन्त्र गठनको प्रस्ताव गर्नुभएको थिएन । दलहरुबीचको सहमति, सहकार्य र एकताको केन्द्र बनोस् भनेर त्यस्तो प्रस्ताव ल्याउनु भएको थियो ।

कृष्णप्रसाद सिटौला, केन्द्रीय सदस्य, नेपाली काँग्रेस

आफ्नो बचावटका लागि स्व. गिरिजाप्रसाद कोइरालाले उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गरेको भन्ने माओवादी अध्यक्ष पुष्कमल दाहालको भनाइको प्रतिवाद गर्दै

०६७ वैशाख २२

माओवादी सहित संयुक्त रुपमा बनाएको संविधान छ । अब शासन गर्ने प्रतिक्रियावादी शासक छैनन् । अनि, यो तमासा र हिंसाको तयारी केका लागि ?

केपी ओली, स्थायी समिति सदस्य, नेकपा एमाले

एकीकृत नेकपा (माओवादी) ले आन्दोलनकै धम्की दिने गरेको पृष्ठभूमिमा त्यो औचित्यहीन हुने तर्क गर्दै

देशान्तर, २०६७ जेठ २

अरु महिलाले अनुभव गर्न नपाएको एउटा ठूलो जिम्मेवारी मैले पाएँ । महिलाले के चलाउन सक्लिन र भनी मान्छेहरु कुरा काट्थे ।

प्रभा पाण्डे, स्थानीय विकास अधिकारी, भक्तपुर

मुलुकभरिकै एकमात्रै महिला स्थानीय विकास अधिकारी आफ्नो अनुभव सुनाउँदै

०६७ वैशाख ३०, नयाँ पत्रिका दैनिक

कार्टून

साभार
नागरिक दैनिक
२०६७, वैशाख ११

बल्ल कुरो छिन्यौं ।
... हवाँ पहिलो स्थानको नेता,
हवाँ एक नम्बरको नेता र
हवाँ चैं फस्ट नेता ।

प्रिय पाठक !

तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?

प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ?

कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

सम्पादक

बारा जिल्ला सन्तपुर मटिऔन गाविस-६ की १९ वर्षीया मन्जुदेवी साहलाई ०६६ माघ १३ गते राति पति रामभजन साह, ससुरा पतिलाल साह, सासू लालोदेवी साहले दाइजो नल्याएको आरोपमा घरैमा हत्या गरी शवसमेत जलाएर बेपत्ता बनाए । हत्यामा संलग्न मृतकका पति फरार रहेको प्रहरीले जनायो । मृतकको डेढ वर्षअघि विवाह भएकोमा केटा पक्षकाले १५ हजार दाइजो माग गरेकोमा विवाहको समयमा पाँच हजार नगद दिएको र बाँकी १० हजार रकमपछि दिने भनिएपनि सो रकम नदिएको भन्दै उनको हत्या गरेको मृतकका भाइ राजेश साहले बताए ।

मकवानपुर डाँडाखर्क गाविसकी ३५ वर्षीया आशामाया स्याङ्तानलाई मानव मलमुत्र खुवाएर, सिस्नुपानी लगाएर, कपाल काटेर, फलामले डामेर र निर्घात तरिकाले कुटपिट गरी जेठ २२ गते बिहान आफ्नै आँगनमा बोक्सीको आरोपमा स्थानीय हरिबहादुर विकको नेतृत्वमा रहेको समूहले हत्या गऱ्यो ।

माथि उल्लेख गरिएका दुईवटा घटनाहरू महिलामाथि हुने हिंसाका घटना प्रतिविम्वित गर्ने प्रतिनिधिमुलक घटना मात्र हुन् । हाम्रो देशमा महिला माथि विभिन्न प्रकारका हिंसाहरू हुने गरेका छन् । घर भित्र हुने हिंसाका घटना कतिपय अवस्थामा परिवार, समाज , अनि लोकलाजका कारण सार्वजनिक हुँदैनन् । कानूनी चेतनाको अभाव, प्रहरी प्रशासनसम्म पुग्नका लागि आवश्यक सहयोग, तथा हिंसा पीडित महिलाको सुरक्षाजस्ता कारणहरूले गर्दा महिला माथि हुने हिंसा न्यूनिकरण हुन सकेको छैन । पति र परिवारद्वारा पीडित महिलाले प्रशासनसम्म जाने आँट गरिहालिन् भनेपनि साँझ बास बस्न त्यही घर फर्किनुपर्छ, जहाँ उनीमाथि दुर्व्यवहार भएको थियो ।

महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व अर्थात गर्भावस्थादेखि मृत्यु नहुञ्जेलको अवस्थासम्म महिला भएकै कारणले हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार, शोषण, शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । महिलालाई शारीरिक, मानसिक, यौनिकरुपमा आघात पुग्ने गरी सामाजिक लिङ्गभेदका आधारमा गरिने सम्पूर्ण कार्यहरू वा डर, धाक, धम्की, ओहदाको प्रयोग गरी त्यस किसिमको आघात पुऱ्याउने काम वा व्यक्तिगत वा सामाजिक जीवनमा बलपूर्वक महिलाको स्वतन्त्रताको हनन् गरिन्छ भने त्यो महिला माथि हुने हिंसा हो । यसका अलावा मृत्युपश्चात गरिने सांस्कृतिक कार्यमा भएको विभेद पनि यसभित्र पर्दछ ।

महिला हिंसालाई रोक्न अन्तर्राष्ट्रिय स्तरमा सन्धि, महासन्धि, घोषणापत्रहरु जारी भएका छन् । पितृसतात्मक संरचना कायम रहेको हाम्रो जस्तो मुलुकमा महिला हिंसालाई अपराधको रुपमा स्वीकार नगरी सामान्य रुपमा लिइने प्रचलन र व्यवहारले गर्दा एकाइसौँ शताब्दीमा आइपुग्दा समेत महिलाहरुले आत्म सम्मानका साथ बाच्न पाउने, मानवअधिकार र मौलिक अधिकारको निर्वाध उपयोगबाट वञ्चित हुनु परेको छ ।

महिला विरुद्धको हिंसा महिलाको मात्र समस्या नभइ परिवार समुदाय तथा अन्ततः राज्यले समेत यसको परिणामबाट उच्च मूल्य चुकाउनुपर्ने भएकाले महिला हिंसा अन्त्यको लागि कुनै एकपक्ष मात्र नभइ राज्य, राजनीतिक दल, सरकारी, गैरसरकारी संस्था, सञ्चारकर्मी, नागरिक समाजलगायत सरोकारवाला सबै पक्षले महत्वपूर्ण भूमिका निर्वाह गर्नु जरुरी छ । साधन श्रोत सम्पन्न समावेशी संयन्त्रहरुको निर्माण गरी अनुगमनकारी नीति समेत अवलम्बन गर्नु जरुरी छ ।

स्व.गिरिजाप्रसाद कोइराला

जहाँ मानवअधिकारको कुरा हुन्छ त्यहाँ स्वभाविक ढङ्गले प्रजातन्त्रको पनि कुरा आउँछ । प्रजातन्त्र भएन भने मानवअधिकार निरर्थक हुन्छ, त्यस्तै मानवअधिकार भएन भने प्रजातन्त्र पनि निरर्थक भएर जान्छ । तसर्थ मानवअधिकार र प्रजातन्त्रलाई सँगसँगै लिएर जानु पर्दछ । अनि मात्र प्रजातन्त्र सफल र सुदृढ भएर जान्छ ।

म प्रधानमन्त्री हुँदा मानवअधिकार सम्बन्धमा धेरै कुरा उठे । यूरोप लगायतका विभिन्न देशहरूबाट आएका धेरै मानवअधिकारवादीहरूले मसँग प्रश्न गरे । पर्यावरणवादीहरूले पनि कुरा राखे । तर एउटा गाह्रो प्रश्न के छ भने मलाई यी सबै कुराको राम्रो ज्ञान वा जानकारी थिएन ।

सबै राष्ट्रको धार्मिक, साँस्कृतिक र ऐतिहासिक कुरालाई ध्यानमा राखेर मानवअधिकारको विश्लेषण गरिएको छ र मानवअधिकारका बारेमा यो-यो हुनुपर्छ भनी किटानी गरिएको छ । तर व्यवहारिक रूपमा त्यस्तो देख्न पाइँदैन । यूरोप, जर्मनी लगायतका देशहरूबाट करिब बीस जनाको प्रतिनिधिमण्डल नेपाल आएको थियो । तिनीहरूले मावनअधिकार बारेमा धेरै कुरा उठाए । हामीकहाँ भर्खर भर्खर प्रजातन्त्र आएको थियो । सरकार कसरी सञ्चालन गर्नुपर्छ भन्ने कुराको राम्रो ज्ञान नभएको मान्छे सरकार प्रमुख छ । कानूनी राज्य स्थापना भइसकेको छैन । तसर्थ सरकारको पहिलो काम भनेको कानूनी अवधारणाको विकास गर्नु र जनतालाई सुरक्षा प्रदान गर्नु हो । मेरो विचारमा मानवअधिकारको सुरुवात त्यही हो र अन्तिम विन्दू भनेको संविधानले कोरिदिएको सीमा रेखा हो ।

अर्कोतर्फ मानवअधिकारको सवालमा इन्सेकको भूमिका मेरो विचारमा अत्यन्त सकारात्मक छ । उहाँहरुले यस सम्बन्धी थुप्रै पुस्तकहरु पनि प्रकाशित गर्नु भएको छ । ती सबै पढ्न पाएको छैन । तर अब पढ्नु पर्ने महसुस भइरहेको छ । मानवअधिकार सम्बन्धमा मेरो दृष्टिकोण के रहेको छ भने मानव सभ्यताको विकास सँगसँगै यो पनि जोडिएर आएको छ । मानवअधिकारको सम्बन्धमा निश्चित रुपमा यही हुनु पर्छ भन्ने केही छैन । परिस्थितिको विकासले नै जनता आफ्नो अधिकार खोज्न मजबुर हुन्छन् । फ्रान्स स्वतन्त्र हुने क्रमसँगसँगै यसले विकसित हुने मौका पायो र यहाँसम्म आइपुगेको छ ।

मानवअधिकारवादीहरु आफ्नो आस्था र विश्वास छोडेर अन्यत्र गएभने मात्र यहाँ प्रजातन्त्र खतरामा पर्छ । प्रजातन्त्रवादी र मानवअधिकारवादीहरूले आफ्नो भूमिकालाई महत्व दिएनन् भने पनि यो स्थिति आउन सक्छ । आज यहाँ जनआन्दोलन र प्रजातन्त्रको भावना विपरीत काम हुन थालेको आभास भइरहेको छ । यसलाई बचाउने हो भने हामी दुई ठूला पार्टीहरु मिल्दै पर्छ । मनमोहनजी र हामी बसेर टाउको भिडायौ भने मात्र प्रजातन्त्र बच्न सक्छ ।

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९६ को विमोचन समारोह २०५३ साल चैत २७ गते दिनु भएको मन्तव्यको सार संक्षेप

पाठक पत्र

श्रीमान् सम्पादकज्यू,
प्राची संचेतना द्वैमासिक

प्राची संचेतना द्वैमासिकको पूर्णाङ्क ७० पढ्ने मौका मिल्यो । दिगो शान्तिका लागि दण्डहीनताको अन्त्य भन्ने विषयलाई केन्द्रबिन्दू बनाएर लेखिएका लेखहरू पठनीय तथा ज्ञानवर्धक लाग्यो । हाम्रो देशमा भएको दश वर्ष लामो सशस्त्र द्वन्द्व र यसले उब्जाएका समस्याहरू मध्ये एक दण्डहीनता हो । अपराधमा राजनीति र राजनीतिमा अपराधको मिश्रणले पीडितहरू न्याय पाउनबाट वञ्चित भएका छन् । सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका मानिसहरूको खोजविनका लागि अझैसम्म केही काम हुन सकेको छैन । सत्य निरुपण तथा मेलमिलाप आयोगका चर्चा पटक पटक हुने गरेपनि यो विषयले मूर्तता पाएन । सत्ता केन्द्रित नेपाली राजनीति कहिले पनि जनतामुखी हुन सकेन । यसकै कारण हुनसक्छ, नेपाली जनता सधैँ पिल्सित हुन पुगे । गरीब नेपाली जनताका पक्षमा बोलिदिने तथा गरिदिने राजनेताको यो देशमा खाँचो छ ।

गोपाल भुजेल
लालगढ-८,धनुषा

श्रीमान् सम्पादकज्यू,
प्राची संचेतना द्वैमासिक

मानवअधिकार, सामाजिक न्याय, दिगो शान्ति र संविधान निर्माणका लागि प्राची संचेतना द्वैमासिक ०६६ सालमा प्रकाशित भएको अङ्कको बाहिरी पेजमा द्वन्द्व पीडितको फोटो राखिएको छ । यस फोटोले कैयौँ नेपाली महिला पुरुष नागरिकहरू आजसम्म द्वन्द्वको पीडाले सँधैभरि गाउँस्तरमा दश वर्षको जनयुद्धको आन्दोलनले चक्राएको घाउ अझैसम्म थाकिनसकेको अनुभव आम नेपालीमा छ । यो अङ्कमा चेलिबेटी बेचबिखन, हिंसाबाट पीडितको सवाल, बेपत्ता पारिएका मानिसहरुलाई खोजीको कार्य पहल गर्न यस प्राचीमा उल्लेख गर्न आवश्यक छ । शान्ति प्रवर्द्धनको लागि आचार संहिता उल्लेख गर्नु आवश्यक द्वन्द्व व्यवस्थापन र द्वन्द्वबाट सिकार भएका जोसुकै पनिलाई न्याय अधिकार दिलाउनको लागि प्राचीले सहयोग पुऱ्याउन सक्ने आशा राखिएको छ । सङ्घीय शासन प्रणाली र मानव अधिकार, मौलिक अधिकार बारेमा संरचना सहित खाका तयार पार्नका लागि यस प्राचीको अङ्कले भूमिका निभाउने बाटोमा लम्कने छ । संविधान सभाको म्याद एक वर्षसम्म थपिएको छ । एक वर्ष समयको रेखामा देशमा संविधान जारी गरी जनताको हात हातमा संविधान पुऱ्याउनका निम्ति प्राचीका पाठक/लेखकहरूले सहयोग पुऱ्याउनका लागि अनुरोध गर्दछौँ । देशमा विभिन्न भागमा अपहरण गरी हत्याको घटना दिनहुँ आइसकेका छन् । सबैखाले घटना/फिचरहरू तयार पारी प्रस्तुत गरेदेखि प्राची अझै पनि उत्कृष्ट हुने थियो कि ?

रुद्रबहादुर खड्का
अध्यक्ष, रिलेक-नेपाल जिल्ला शाखा सिन्धुली

महिला हिंसा : आफ्नै भविष्य विरुद्धको अपराध

यो एक्काइसौँ शताब्दीमा घरघरै रेडियोले विभेदका विरुद्ध यस्तरी फुकेको फुकै गर्दा पनि दाइजो नल्याएको भनेर, छोरा पाइन भनेर, बोक्सीको शङ्का गरेर महिलामाथि अत्याचार भइरहन्छ । शहरमा बस्ने, महङ्गो फेसन गर्नेदेखि गरीब, निरक्षर परिवारसम्म एक वा अर्को प्रकारको महिला हिंसाको रुप देख्न पाइन्छ । बुहारीविरुद्ध गरिने हिंसामा परिवारकै महिला सदस्यको सहभागिता देख्दा झन् अत्यास लाग्छ । अरु सबैको भाग पुगेपछि मात्र आफ्नो पालो पर्खने महिलाहरूको नियति सच्याउनै पर्छ ।

सुबोधराज प्याकुरेल

सन् २०१० लाई महिला हिंसा विरुद्धको वर्षका रूपमा मनाउने तयारी नेपाल सरकारले गरेको छ । असल योजना बनाउने तर पुरातन शैली र संस्कृतिमा गाँजिएको प्रशासनतन्त्रको भरपर्नु पर्ने हुँदा कहिले पनि श्रृजनात्मक ढङ्गले कामहरू पूरा नहुने समस्याले हामी पीडित छौँ । परिवारमा आमाले समेत छोरापछि आफूलाई राख्ने हीनताग्रस्त संस्कारले हामीलाई थिचेको छ । परिवर्तन नभएको होइन, चेतना नबढेको पनि होइन तर द्रुतगामी आजको युगको गतिलाई पक्रन सक्ने गरी सामाजिक चेतनाको उभार आएन । यतिका जनता परिचालन गर्न सक्ने पार्टीहरूको एजेण्डामा सामाजिक विभेद, लैङ्गिक विभेद आदि विषय पनि परिदिएको भए हाम्रो परिवर्तनको गति तीब्र हुन सक्ने थियो ।

घरेलु हिंसा नियन्त्रण ऐन बनेको यतिका समय बितिसक्यो तर त्यसको नियमावली बनेको छैन । जनसङ्ख्याको आधाभन्दा बढी हिस्सालाई प्रत्यक्ष प्रभाव पार्ने यस्तो ज्वलन्त विषयमा संसदले गम्भीर ध्यान आकर्षण गराउन सक्थ्यो । 'कुखुरा पहिले कि अण्डा' भनेजस्तो विवादमा अल्झिएर संसद बहिष्कार गर्न तम्सनेहरूको नजरमा यस्ता विषय कहिले पर्लान कुन्नी ? बाल मृत्युदर र प्रजनन् स्वास्थ्यजस्ता विषयमा हाम्रो प्रगति राम्रो मानिन्छ । २००६ सम्ममा मातृ तथा शिशु मृत्युदर आधा घटेको भनिन्छ । झण्डै ६० प्रतिशत जनता गरीबीको रेखामुनि बाँच्न बाध्य छन् । झाडापखालाको लागि जीवनजल र रुघाखोकी जस्ता सामान्य रोगको उपचार गर्न पनि टाढा टाढासम्म पैदल जानुपर्ने र आफैँ खर्च व्यहोर्नुपर्ने अवस्था छ । परिवारको अन्तिम सदस्यले यस्तो कठिन परिस्थितिमा कति कहालीलाग्दो समस्या झेल्नु परिरहेको होला ?

नारीको सम्मान गरिएको ठाउँमा देउता रमाएर बस्छन् भनिन्छ । 'प्रवचन र धार्मिक अनुष्ठानमा यस्तै भनिन्छ । तर, यो एक्काइसौँ शताब्दीमा घरघरै रेडियोले विभेदका विरुद्ध यस्तरी फुकेको फुकै गर्दा पनि दाइजो नल्याएको भनेर, छोरा पाइन भनेर, बोक्सीको शङ्का गरेर महिलामाथि अत्याचार भइरहन्छ । शहरमा बस्ने, महँङ्गो फेसन गर्नेदेखि गरीब, निरक्षर परिवारसम्म एक वा अर्को प्रकारको महिला हिंसाको रुप देख्न पाइन्छ । बुहारीविरुद्ध गरिने हिंसामा परिवारकै महिला सदस्यको सहभागिता देख्दा झन् अत्यास लाग्छ । अरु सबैको भाग पुगेपछि मात्र आफ्नो पालो पर्खने महिलाहरूको नियति सच्याउनै पर्छ । असल सन्तान चाहनेले असल आमा नभई असल सन्तान असम्भव छ भन्ने कुरा कस्तो नबुझेको होला । बोलीमा, व्यवहारमा, संस्कारमा हरतिर महिलाप्रति हिंसालु व्यवहार छ । अपरिचितले पनि कुनै महिलासँग अशिष्ट व्यवहार गर्ने दुस्साहस गर्न बेर लगाउँदैन।

सञ्चार माध्यमले पनि त्यस्ता घटना प्रकाशित गर्दा केवल घटनाको जानकारी पस्किने हिसाबले प्रस्तुत् गरिदिन्छन् । त्यसको विरुद्धको प्रतिक्रियाको रूपमा प्रकाशित गरिन्न । संसद, संविधानसभामा पनि महिलासँग सम्बन्धित विषय महिलाहरूले नै उठाइरहेका छन् । केही महिला आफूले मात्र विषय उठाएकोमा दङ्ग छन् । केही पुरुषप्रति नकारात्मक र आक्रामक छन् । यस्तो परिस्थितिले गर्दा महिलालाई हेप्ने संस्कार र प्रवृतिलाई नै बल पुग्छ । महिलाको शक्ति र पहुँच कमजोर पार्न चाहनेहरूले महिलालाई न्यायका लागि साथ दिनेहरूबाट टाढा राख्न नै चाहेका हुन् ।

नारी वा पुरुष दुवै एक परिवारका सङ्गी भएकाले पारिवारिक विकासका लागि दुवैको क्षमता विकासमा बराबरी हुनैपर्छ । एक आपसमा सम्वाद, व्यवहार र सहयोग हुनैपर्छ । यस्तो सामूहिक यात्रामा दुवैबीच कसरी एउटा ठूलो र अर्को सानो हुन सक्छ ? अवसरको छनौटमा सहमति हुन सक्छ तर दवावको ठाउँ पटक्कै हुनुहुन्न । हिंसा विरुद्धको वर्ष मनाइरहँदा सबैमा चेतना रहोस् कुटपिट गर्नु मात्र होइन हेप्नु पनि हिंसा हो । हेपिएकी आमाबाट स्याहार गरिएका सन्तानमा आत्मविश्वास र जाँगर हुँदैन । हेपाइमा परेर हुर्किएका बालबालिकाले अभिभावकलाई माया गर्ने सम्भावना कम हुन्छ । बुढेसकालमा पछुताउनु अघि बेलैमा सचेत बनौँ।

हिंसा त्यो पनि नारी विरुद्धको हिंसा सम्पूर्ण श्रृजना र आफ्नै भविष्य विरुद्धको अपराध हो ।

नेपालमा महिलाविरूद्ध हिंसा र लैङ्गिक हिंसाविरूद्ध राष्ट्रिय कार्ययोजना २०१० ले उठाएका सवालहरू

इन्दिरा फुँयाल

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ ले समानताको हकलाई सुनिश्चित गर्दै "राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्नेछैन" भनेर स्पष्ट उल्लेख गर्नुका साथै धारा २० मा महिलाको हकबारे व्याख्या गर्दै "महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन ।

पृष्ठभूमि :

"यत्र नारी पुज्यन्ते, तत्र रमन्ते देवता" अथवा जहाँ नारीको सम्मान हुन्छ, त्यहाँ नै देवताहरू समेत रमाउँछन् वा सबैको सम्मान हुन्छ भन्ने वेदको कथनलाई लत्याउँदै "छोरा पाए खसी, छोरी पाए फर्सी", "छोरा भनेको सुन्तलाको बोट, छोरी भनेको बन्सो (एक प्रकारको झार, जसलाई गोडमेल नभए पनि आफैं सप्रेर आउँछ) को बोट" भन्ने रूढीवाढी मान्यतालाई पछ्याउँदा नेपाली समाजमा महिला विरूद्ध हिंसाका अनगिन्ती स्वरूपहरू विद्यमान छन् । दैनिक तथा साप्ताहिक पत्रिकाका पानाहरू पल्टाउँदा कुनै न कुनै स्वरूपका क्रुर, अमानवीय र विभत्स महिलाविरूद्ध हिंसाका घटनाहरूका श्रृङ्खला भेट्न सकिन्छ । सामान्यतया: बलात्कार पछि हत्या, हत्या, कुटपिट, यौनशोषण, दाइजोको नाममा यातना, बलात्कार, बैबाहिक बलात्कार, जबरजस्ती करणीबाट गर्भधारण, यातना, महिलालाई हानी हुने परम्परागत प्रचलनहरू, बोक्सीका नाममा यातना, श्रीमान् वा श्रीमान्का आफन्तले गर्ने हिंसाजन्य व्यवहार, शैक्षिक वा अन्य क्षेत्रमा काम गर्ने सिलसिलामा गरिने यौन दुर्व्यवहार, बालविवाह, बहुविवाह, अनमेल विवाह, महिला बेचबिखन, जबरजस्ती यौनकार्यमा लगाउने लगायतका महिला विरूद्धका हिंसाका स्वरूपहरू नेपालमा विद्यमान छन् । यसका साथै भ्रुण परीक्षण गराई छोरी भए गर्भपतन गराई छोरीलाई जन्मिनबाटै वञ्चित गराउने प्रचलन हिजो आज क्रमश: बढ्दै गइरहेको छ । यसरी हेर्दा महिलाविरूद्ध हिंसा गम्भीर मानवअधिकार उल्लङ्घनको सवाल हो, यसले व्यक्तिको स्वतन्त्र र सम्मानित भएर बाँच्न पाउने नैसर्गिक अधिकारबाट वञ्चित गराउँछ साथै व्यक्तिको चौतर्फी विकास र अवसरलाई कुठाराघात गर्दछ भनेर सहजै अनुमान गर्न सकिन्छ ।

संवैधानिक तथा कानूनी प्रयासहरू:

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ ले समानताको हकलाई सुनिश्चित गर्दै "राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्नेछैन" भनेर स्पष्ट उल्लेख गर्नुका साथै धारा २० मा महिलाको हकबारे व्याख्या गर्दै "महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन । कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ" भन्ने उल्लेख गरिएको छ ।

२० डिसेम्बर १९९३ मा संयुक्त राष्ट्र सङ्घबाट पारित महिला विरूद्ध हिंसा उन्मुलन गर्नेसम्बन्धी घोषणा पत्र (Declaration on the eleimination of violence against women 1993) का अनुसार article 1; For the purpose of this Declaration, the term "violence against women" means any act of gender based violence that results in, or is likely to result in, physical, sexual or psychological ham or suffering to women, including threats of such acts, coercion, or arbitrary deprivation of liberty, whether occurring in publich or in private life. "महिलाविरूद्ध हिंसा भन्नाले सार्वजनिक तथा निजी हुने त्यस्ता कार्य, जसले महिलालाई शारीरिक, मानसिक र यौनिक रूपमा हानी पुऱ्याउँछ र महिलालाई स्वतन्त्रपूर्वक जीवनयापन गर्नबाट वञ्चित गराई डर, त्रास, धम्की सहन बाध्य पारिन्छ ।" यसका अतिरिक्त उक्त घोषणाले महिला विरूद्धका हिंसाबारे अझ स्पष्ट पार्दै धारा २ मा भनेको छ- Violence against women shall be understood to encompass, but not be limited to, the Following:

> **"महिलाविरूद्ध हिंसा भन्नाले सार्वजनिक तथा निजी हुने त्यस्ता कार्य, जसले महिलालाई शारीरिक, मानसिक र यौनिक रूपमा हानी पुऱ्याउँछ र महिलालाई स्वतन्त्रपूर्वक जीवनयापन गर्नबाट वञ्चित गराई डर, त्रास, धम्की सहन बाध्य पारिन्छ ।"**

यो घोषणाले घरपरिवार, सार्वजनिकस्थल, कार्यक्षेत्र, शिक्षालय र राज्यसम्वद्ध निकाय, जुनसुकै ठाउँमा महिलाविरूद्ध हुने शारीरिक, मानसिक र यौनिक हिंसाहरू महिलाविरूद्ध हिंसा हुन् भनेको छ । कुटपिट, अङ्गभङ्ग गर्ने, दाइजोको निहुँमा यातना तथा हिंसा, वैवाहिक बलात्कार, स्त्री गुप्ताङ्ग विच्छेद गर्ने तथा महिलाहरूलाई क्षति पुऱ्याउने अन्य परम्परागत हिंसालगायत घरेलु हिंसा, परिवारको अन्य सदस्यबाट हुने हिंसा, महिलाहरूको बेचबिखन, जबरजस्ती यौनकार्यमा लगाउने जस्ता स्वरूपमा यस्ता हिंसाहरू व्यक्त हुन्छन् भन्ने व्याख्या गरेको छ । यो घोषणाले महिलाले आर्थिक, सामाजिक, साँस्कृतिक तथा नागरिक र राजनीतिक अधिकार र स्वतन्त्रता समान अधिकार उपभोग गर्न पाउने उल्लेख गर्दै सुरक्षित जीवनको अधिकार, समानताको

अधिकार, कानूनद्वारा समान संरक्षण पाउने अधिकार, सबै प्रकारका भेदभावबाट उन्मुक्ति र स्वतन्त्रताको अधिकार, काम गर्ने ठाउँमा उचित र सुरक्षित वातावरणको अधिकार तथा कुनैपनि खाले यातना, अमानवीय व्यवहारबाट संरक्षणका लागि राज्यले विशेष उपायहरू अपनाउनु पर्ने कुरामा विशेष जोड दिएको छ ।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (Convention on the Elimination of all Form of Discrimination Against Women [CEDAW] 1979 ले नै महिला विरूद्ध हिंसालाई राम्ररी परिभाषित गरेको छ । यसको धारा १ ले महिला विरूद्ध हिंसालाई परिभाषित गरेकोमा अझ यसको साधारण सिफारिसहरू विशेषत: सिफारिस नं. १२ तथा १९ (Genderal recommendation no 19) ले स्पष्ट रूपमा परिवार, कार्यक्षेत्र र कुनै पनि सामाजिक जीवनमा महिला माथि हुने हिंसालाई महिला विरूद्धका हिंसा हुन् भनेर स्पष्ट पारेको छ । CEDAW को धारा १ का अनुसार महिला विरूद्ध हुने भेदभाव भन्नाले लिङ्गका आधारमा गरिने कुनै पनि फरक व्यवहार, बहिस्करण, प्रतिबन्धहरू जस्ले महिलाको जीवनमा नकारात्मक असर, आत्म सम्मानमा असर र अधिकार उपभोगमा नकारात्मक असर पार्दछन् । साथै, यसले उनीहरूको वैवाहिक जीवन, समानता, मानवअधिकार (राजनीतिक, नागरिक, सामाजिक, आर्थिक, सांस्कृतिक), स्वतन्त्रता तथा अन्य पक्षमा समेत गम्भीर नकारात्मक असर पार्दछ ।

नेपाल सरकारले महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (Convention on the Elimination of all Form of Discrimination Against Women[CEDAW1979 लाई सन् १९९१ मा नै अनुमोदन गरेर सोही अनुरूप राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गरिरहेको छ । यसका साथै, नेपाल सरकारले चौथो विश्व महिला सम्मेलनमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गरी बेइजिङ कार्ययोजनालाई दृढतापूर्वक कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको हो । त्यसकै फलस्वरूप, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना २०५३, राष्ट्रिय महिला आयोगको स्थापना २०५८ जस्ता महत्वपूर्ण संरचनागत व्यवस्थाहरू भएका छन् ।

नेपाल सरकारले CEDAW को महिलाअधिकार मानवअधिकार हुन् (Women's Rights are Human Rights), र समानता र भेदभावको अन्त्य (Equality, non-Discrimination) भन्ने भावनालाई आत्मसाथ गर्दै, अन्तरिम संविधानले अङ्गिकार गरेको समानता, भेदभावरहित र समावेशीकरण (Equality, non-Discrimination and Inclusion) को मुल मर्मलाई मनन गरी लैङ्गिक दृष्टिले संवेदनशील नभएका र लैङ्गिक मैत्री साथै लैङ्गिक हिंसालाई सम्बोधन गर्ने गरी विभिन्न ऐनहरूमा संशोधन परिर्माजन र परिष्कार गर्दै आएको छ । मुलुकी ऐन, २०१९, लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण ऐन २०६४ र नियमावली २०६५, घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ लगायत विभिन्न २३ वटा ऐनहरूमा भएका महिलासम्बन्धी व्यवस्थाहरूले महिलाविरूद्धको हिंसालाई कानूनी रूपमा सम्बोधन गर्नका लागि मार्ग प्रशस्त गरेको छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट प्रकाशित "महिलाको हक र अधिकारलाई सम्बोधन गर्न हालसम्म बनेका कानूनहरूको सँगालो २०६६" मा यी ऐनहरूका बारेमा बिस्तृत जानकारी पाउन सकिन्छ ।

लैङ्गिक हिंसाविरूद्ध राष्ट्रिय कार्ययोजना (सन् २०१०):

गत वर्ष २०६६ भदौ २४ गते प्रधानमन्त्री माधवकुमार नेपालले लैङ्गिक हिंसा विरूद्धको राष्ट्रिय अभियानको शुभारम्भ गर्नुभएको थियो उक्त अवसरमा सन् २०१० लाई लैंगिक हिंसाविरूद्ध वर्षको रूपमा मनाउने घोषणा गर्दै, सो वर्ष र आयोजना गरिने विभिन्न कार्यक्रमहरू निश्चित गरी कार्ययोजना तयार गर्न तत्कालै अन्तरमन्त्रालय स्तरीय समिति गठन गरिने घोषणा पनि गर्नुभएको थियो । सो अनुरूप नेपाल सरकार (मन्त्रिपरिषद)ले ०६६ भदौ २६ को निर्णयअनुसार मुख्य सचिवको संयोजकत्वमा ७ सदस्यीय अन्तरमन्त्रालय समितिको गठन हुनुको साथै सो समितिलाई प्राविधिक तथा विज्ञकोरूपमा सल्लाह दिन एक सल्लाहकार समिति समेत गठन गरी कार्य प्रारम्भ गरिएको थियो । यसरी तयार गरिएको मस्यौदामा सञ्चार माध्यम, महिलाका क्षेत्रमा कार्यरत विभिन्न सङ्घ संस्थाहरू, विकास संस्थाहरूसँग छलफल परामर्श बैठक सम्पन्न गरी सुझाव लिइएको थियो । प्राप्त सुझावहरूलाई समेत समेटेर लैङ्गिक हिंसाविरूद्ध राष्ट्रिय कार्ययोजना (सन् २०१०) निर्माण गरी २०६६ मंसिर १० मा जारी गरिएको थियो । यस कार्ययोजनाको प्रारम्भमा लैंगिक हिंसा नियन्त्रण र हिंसाबाट महिला र बालिकाहरूलाई सुरक्षा र संरक्षण प्रदान गर्नका लागि राष्ट्रिय कार्ययोजना तर्जुमा गरेको कुरा उल्लेखित छ। यस कार्ययोजनाले महिला र बालिका विरूद्धको हिंसा र खास गरी तथाकथित बोक्सीको आरोपमा हुने दुर्व्यवहार विरुद्ध सशक्त रूपमा क्रियाशील हुन र महिलाविरुद्ध भएका हिंसाका घटनाको उजुरी उपर तत्काल कारबाही गराउने उद्देश्य राखेको छ । स्थानीय तहदेखि नै उजुरी व्यवस्थापन,पीडितलाई यथासक्य छिटो न्याय दिने र कुनै पनि बहानामा अपराधीले उन्मुक्ति नपाओस् भन्ने मुल ध्येयले प्रेरित भई यो कार्ययोजना तयार भएको हो । लैङ्गिक हिंसा विरूद्धको उजुरी गर्दा सम्बन्धित निकायले लिन अस्वीकार गरेमा, प्रभावकारी अनुसन्धान वा सुनुवाई नगरेमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन र पीडितलाई तत्काल सहयोग पुऱ्याउन सकियोस् भन्ने उद्देश्यले उजुरी व्यवस्थापन तथा अनुगमन इकाइ स्थापना गरिने समेत कार्ययोजनाको प्रारम्भमै उल्लेख गरिएको छ ।

राष्ट्रिय कार्ययोजनामा जम्मा तीनवटा परिच्छेदहरू रहेका छन् :

१. प्रारम्भिक
२. राष्ट्रिय कार्ययोजना
३. कार्यान्वयन, अन्तर निकाय समन्वय, सहयोग र अनुगमन

१. प्रारम्भिक

नेपालमा लैङ्गिक हिंसा र राष्ट्रिय कार्ययोजना तथा यसको मुख्य उद्देश्यहरू के के हुन् ? भन्ने विषय यस खण्डमा समेटिएको छ । लैङ्गिक हिंसाबारे स्पष्ट पार्दै कार्ययोजनामा भनिएको छ "नेपाली महिला एवम् बालिकाहरू घरेलु हिंसाका साथै सार्वजनिक हिंसाको जोखिममा पर्दछन् । घरेलु हिंसा भौतिकजन्य दुर्व्यवहार (जस्तै कुटपिट गर्ने, गाला चड्काउने, कपाल तान्ने, लात्ती हान्ने, आगोमा जलाउने, लौरोले कुट्ने, छुरा प्रयोग गर्ने) प्रष्ट रूपमा

कानूनी रूपमा केटीको विवाह गर्ने उमेर १८ वर्ष तोकिएपनि परिवारबाट बलपूर्वक र सानै उमेरमा विवाह गर्ने प्रचलन यद्यपि विद्यमान छ। सार्वजनिक क्षेत्रमा हुने लैङ्गिक हिंसामा बलात्कार, यौन शोषण तथा कार्य क्षेत्रमा गरिने यौनजन्य दुर्व्यवहार, महिला तथा बालिकाको बेचबिखन र परम्परागत विभेदपूर्ण प्रचलनहरू जस्तै दाइजोका लागि रकम भुक्तानी, देउकी, बोक्सी एवम् छाउपडी प्रथाहरू पर्दछन् ।"

देखिने हुन्छ भने मानसिक यातना (भय, त्रास, गालीगलौज, बेवास्ता) लोग्ने वा उसका अरू नातेदारहरूबाट हुने गर्दछ । त्यसैगरी उनीहरूको सानै उमेरमा विवाह, दाइजोसँग सम्बन्धित हिंसा, घरमा यौनशोषण, बहुविवाह, वैवाहिक बलात्कार, आदिबाट हिंसा हुने गरेको पाइन्छ । कानूनी रूपमा केटीको विवाह गर्ने उमेर १८ वर्ष तोकिएपनि परिवारबाट बलपूर्वक र सानै उमेरमा विवाह गर्ने प्रचलन यद्यपि विद्यमान छ । सार्वजनिक क्षेत्रमा हुने लैङ्गिक हिंसामा बलात्कार, यौन शोषण तथा कार्य क्षेत्रमा गरिने यौनजन्य दुर्व्यवहार, महिला तथा बालिकाको बेचबिखन र परम्परागत विभेदपूर्ण प्रचलनहरू जस्तै दाइजोका लागि रकम भुक्तानी, देउकी, बोक्सी एवम् छाउपडी प्रथाहरू पर्दछन् ।"

कार्य योजनाका उद्देश्यहरू

१. कानून एवम् संस्थागत सुधार र लैङ्गिक हिंसाबाट प्रभावितहरूको न्यायमा पहुँच सुनिश्चित गर्ने ।
२. लैङ्गिक हिंसाबाट प्रभावितहरूलाई संरक्षण प्रदान गर्न समुदायमा आधारित एवम् गाउँस्तरीय घुम्ती सेवाहरू स्थापना गर्ने ।
३. लैङ्गिक हिंसालाई प्रभावकारी रूपमा सम्बोधन गर्न स्वास्थ्य क्षेत्रलाई सुदृढ गर्ने ।
४. लैङ्गिक हिंसा विरूद्ध प्रमाणमा आधारित जनचेतना जगाउने र शून्य सहनशीलता प्रवर्द्धन गर्ने ।
५. लैङ्गिक हिंसाविरूद्ध लड्न महिला तथा केटीहरूको आर्थिक एवम् सामाजिक सशक्तिकरणका लागि सहजीकरण गर्ने ।
६. योजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरूबीच समन्वय, सञ्चार र अनुगमन कार्यको सुनिश्चित गर्ने ।

२. राष्ट्रिय कार्ययोजना

यस खण्डमा विभिन्न मन्त्रालय, सरकारी निकायले लैङ्गिक हिंसाविरूद्धको वर्ष सफल बनाउनका लागि गर्नुपर्ने रणनीतिक उद्देश्यहरू, क्रियाकलापहरू, जिम्मेवार निकाय, सहयोगी निकाय, समयसीमा, सूचकहरूबारे उल्लेख गरिएको छ । ६ वटा उद्देश्य, १९ वटा रणनीति र ६४ वटा क्रियाकलापहरू सफलता मापनको सूचक सहित उल्लेख गरिएका छन् । जसको कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र ११ वटा मन्त्रालयहरूलाई प्रत्यक्ष जिम्मेवारी तोकिएको छ भने सहयोगी निकायका रूपमा विभिन्न मन्त्रालय, गैसस, दातृ संस्था, विकास साझेदार संस्थाहरू, बार एशोसिएसन, विभिन्न सञ्जालहरू, सञ्चार माध्यम, विद्यालय, कलेज, निजी क्षेत्र, जिल्ला र स्थानीय तहका सरकारी, गैरसरकारी निकायहरूलाई जिम्मेवार बनाइएको छ ।

यस कार्ययोजनाले मूलत: निम्नलिखित क्षेत्रमा कामहरूलाई विभाजन गरेको देखिन्छ ।

लैङ्गिक हिंसा नियन्त्रणका लागि नीति, कानून र संस्थागत ढाँचा निर्माण, पुनरावलोकन र सुधार

- लैङ्गिक हिंसासम्बन्धी उजुरी व्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गर्न उजुरी व्यवस्थापन, सम्बोधन तथा अनुगमन संयन्त्र स्थापना गर्ने ।
- लैङ्गिक हिंसाबाट प्रभावितहरूको बचाउ एवम् सुरक्षा प्रदान गर्न आवश्यक भएका स्थानमा समुदायमा आधारित सेवा केन्द्र स्थापना, सुदृढिकरण र सञ्चालन गर्ने ।
- लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्ने र व्यवस्थित गर्ने ।
- लैङ्गिक हिंसासम्बन्धी मुद्दाहरूका लागि स्वास्थ्य सेवा स्थापना ।
- लैङ्गिक हिंसालाई सम्बोधन गर्न सार्वजनिक र निजी तथा नागरिक समाजको साझेदारीलाई प्रभावकारी बनाउने, सञ्जालहरूलाई परिचालन गर्ने ।
- महिला र केटीविरूद्ध हुने हिंसा नियन्त्रण गर्न पुरूष तथा केटासंग काम गर्ने ।
- सबै क्षेत्र र तहमा आचार संहिताको विकास गरी कार्यान्वयन गराउने ।
- लैङ्गिक हिंसाविरूद्ध व्यापक जनचेतनामूलक अभियानहरू सञ्चालन गर्ने ।
- लैङ्गिक हिंसासम्बन्धी खण्डिकृत तथ्यांक र तथ्यहरू सङ्कलनका लागि संयन्त्र स्थापना गर्ने ।
- लैङ्गिक हिंसा अन्त्य गर्न विद्यालयहरूमा विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- हिंसालाई प्रतिरोध गर्न महिला तथा केटीहरूको सामूहिक क्षमता अभिवृद्धि गर्ने ।
- महिलाहरू विशेष गरी लैङ्गिक हिंसाको जोखिममा रहेकाहरूको आर्थिक अवस्था सुदृढीकरण गर्ने ।
- लैङ्गिक हिंसाविरूद्ध वर्ष २०१० कार्यक्रम तयारी तथा समन्वय समिति बनाई काम गर्ने त्यसको आवधिक अनुगमन गर्ने ।

३. कार्यान्वयन, अन्तर निकाय समन्वय, सहयोग र अनुगमन

कार्ययोजनाको कार्यान्वयनमा सबै सरकारी निकाय, मन्त्रालय, विभाग, सङ्घ संस्थाहरू, नागरिक समाज तथा निजी क्षेत्रहरूलाई जिम्मेवार बनाइएको छ । कार्ययोजनामा तोकिएका मन्त्रालयहरूले आफ्नो जिम्मेवारी अनुसारको कार्यान्वयन योजना, बजेट विनियोजन, वित्तीय र मानवीय स्रोत परिचालन गरेर यस कार्ययोजनालाई मुर्तरूप दिनुपर्ने दायित्व

नेपाल सरकारले लैङ्गिक हिंसालाई उच्च प्राथमिकतामा राखी समयवद्ध राष्ट्रिय कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिरहेको छ । लैङ्गिक हिंसाविरूद्ध उजुरी व्यवस्थापन र अनुगमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लैङ्गिक हिंसाविरूद्ध उजुरी व्यवस्थापन र अनुगमन इकाइ खड़ा गरी ११११ नं. टोल फ्री (नि:शुल्क) फोन तथा लिखित आएका उजुरीहरूलाई तुरून्त कारबाहीका लागि सम्बन्धित निकायलाई निर्देशन, समन्वय र सहकार्यको काम अगाडि बढाइएको छ ।

तोकिएको छ । विकास साझेदारहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरू, नागरिक समाज र निजी क्षेत्रले वित्तीय तथा प्राविधिक सहयोगका माध्यमबाट मन्त्रालयको प्रयासमा सहयोग गर्नेछन् । सम्बन्धित मातहतका निकायहरू जस्तै जिल्ला विकास समिति, महिला विकास कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय आदिले आफ्ना सम्बन्धित मन्त्रालयमा कार्य प्रगतिको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ भने अन्तरमन्त्रालयगत समितिले समग्र निर्देशन प्रदान गर्ने व्यवस्था कार्ययोजनामा गरिएको छ । कार्ययोजनाको उचित कार्यान्वयनको सुनिश्चितता गर्ने कार्यका लागि अन्तरमन्त्रालय समितिले गठन गरेको प्राविधिक समिति प्रत्यक्ष रूपमा जिम्मेवार हुने व्यवस्था छ । यस कार्ययोजनाको समन्वय र मूल्याङ्कनको समग्र जिम्मेवारी अन्तर मन्त्रालय समितिमा रहेको छ । प्राविधिक समितिले चौमासिक प्रगति समीक्षा गर्ने र प्रतिवेदन प्रधानमन्त्रीलाई उपलब्ध गराउनुपर्नेछ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले त्रैमासिक रूपमा कार्ययोजनाको प्रगतिबारे सञ्चार माध्यमलाई जानकारी गराउने प्रावधान उल्लेखित छ ।

अन्तर मन्त्रालयगत समितिका सदस्यहरू र यस क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका कम्तिमा तीन जना प्रतिनिधिहरू रहेको

संयुक्त अनुगमन समिति गठन गर्ने व्यवस्था छ । संयुक्त अनुगमन समितिले मासिकरुपमा अनुगमन बैठक बस्ने र विभिन्न जिल्लामा रोकथाम र सम्बोधन गतिविधिहरूलाई समेट्ने गरी कम्तिमा चारवटा अनुगमन भ्रमणहरू गरिने व्यवस्था कार्ययोजनामा तोकिएको छ । स्थानीय तहमा रहेका कानून सहयोग समिति (प्यारालिगल कमिटी)हरूले सामुदायिक समूहहरूहरूसँग प्रत्यक्ष समन्वय गर्नेछन्, यिनीहरूले जिल्ला स्रोत समूहहरूलाई जानकारी गराउन र जिल्ला स्रोत समूहले प्रत्येक जिल्ला विकास समिति र महिला विकास कार्यालयसँग प्रत्येक्ष समन्वय गरी काम गर्ने कुरा कार्ययोजनामा उल्लेख गरिएको छ। साझेदारी र सहयोगका लागि सरकार, नागरिक समाज, निजी क्षेत्र एक अर्काका सहयोगी भएर काम गर्ने कुरा उल्लेखित छ । विभिन्न विषयगत दक्ष संघसंस्था र सरोकारवाला निकायहरूबीच साझेदारी र सहकार्य विकसित गर्दै काम गर्ने कुरा कार्ययोजनाले मार्गदर्शन गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहेको लैङ्गिक हिंसाविरूद्ध उजुरी अनुगमन तथा व्यवस्थापन इकाइमा खण्डिकृत तथ्याङ्क राखिनेछ । जिल्ला स्तरका सूचनाहरू महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँग प्रत्यक्ष समन्वयमा डाटावेशमा समावेश गरिने व्यवस्था छ ।

यसरी नेपाल सरकारले लैङ्गिक हिंसालाई उच्च प्राथमिकतामा राखी समयवद्ध राष्ट्रिय कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिरहेको छ । लैङ्गिक हिंसाविरूद्ध उजुरी व्यवस्थापन र अनुगमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लैङ्गिक हिंसाविरूद्ध उजुरी व्यवस्थापन र अनुगमन इकाइ खडा गरी ११११ नं. टोल फ्री (निशुल्क) फोन तथा लिखित आएका उजुरीहरूलाई तुरून्त कारबाहीका लागि सम्बन्धित निकायलाई निर्देशन, समन्वय र सहकार्यको काम अगाडि बढाइएको छ ।

निष्कर्ष र सुझावहरू :

महिलाविरूद्धको हिंसा विश्वभरि नै कुनै न कुनै रूपमा विद्यमान छ । नेपाललगायत दक्षिण एशियाली मुलुकका महिलाहरू अझ बढी हिंसा पीडित छन् । सबैभन्दा चेतनशील भएका नाताले पनि मानिस आफ्ना भावनाहरूप्रति बढी नै संवेदनशील हुने प्राणी हो । महिलाहरूमाथि भएका हिंसा, दुर्व्यवहार र अमानवीय व्यवहारहरू हेर्दा एउटा पशुलाई भन्दा पनि बढी हिंसा र दुर्व्यवहार भएको घटनाहरू समाजमा व्याप्त रहेका छन् । विभिन्न सञ्चार माध्यममा वैशाख महिनामा प्रकाशित घटनाहरू हेर्दा ६१ वटा महिला विरूद्ध हिंसाका घटनाहरू सार्वजनिक भए । तिनीहरूमध्ये १५ जनाको हत्या, १० जनाको बलात्कार, २ जनालाई दाइजो कम भएको निहुँमा हत्या, २ जनालाई श्रीमानले जलाएर मार्ने प्रयास गरेको, १ जनालाई विवाह भएको चार दिन नबित्दै श्रीमानद्वारा हात काटिएको, २ जना अन्तरजातीय विवाह गरेको निहुँमा गाउँनिकाला, एकजना बालिकाको कमलरी बसेकै घरमा रहस्यमय मृत्यु भएका जस्ता घटनाहरू प्रकाशमा आएका छन् । नेपाल प्रहरीले सार्वजनिक गरेको तथ्याङ्कअनुसार वर्ष ०६५-६६ मा ४ सय ६६ यौन दुर्व्यवहारका उजुरीमध्ये ३ सय ९१ जर्बजस्ती करणीका घटना रहेका छन् ।

यसै तथ्यलाई मध्यनजर गरी नेपाल सरकारले लैङ्गिक हिंसाविरूद्धका हिंसालाई समेट्ने गरी विभिन्न कानूनहरूलाई परिमार्जन, विकास र नियमावलीहरू तयार गरिरहेको छ । यसका साथै लैङ्गिक हिंसाविरूद्ध राष्ट्रिय कार्ययोजना तयार गरी सन् २०१० लाई महिला हिंसा विरूद्ध वर्षका रूपमा मनाउने निर्णय गरी कार्य अगाडि बढाइरहेको छ । CEDAW, CRC लगायतका विभिन्न मानवअधिकार अभिसन्धिमा प्रतिवद्धता जनाएको छ । यसका साथै बेइजिङ कार्ययोजनाको लागि राष्ट्रिय कार्ययोजना बनाएर काम गरिरहेको छ । संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद् १३२५ र १८२० को कार्ययोजनाको तयारी गरिरहेको छ । निश्चय नै, यो सकारात्मक र सराहनीय पाटो हो । यद्यपि, सुधार गर्नुपर्ने पक्षहरू पनि थुप्रै छन् । नेपाल सरकारले तयार गरेको संवैधानिक तथा कानूनी प्रावधानहरूलाई व्यवहारमा कार्यान्वयन गराउनु नै अहिलेको प्रमुख कार्य र चुनौती रहेको छ । नेपालको अन्तरिम संविधान २०६३ को भावना अनुरूप, समानता, समावेशीकरण र भेदभाव रहित भन्ने मुल मर्मलाई जनताले विशेषत: महिला, बालिका, त्यसमा पनि विशेष अवस्थामा रहेका अपाङ्ग, दलित, ग्रामीण, निरक्षर महिलाहरूले अनुभव गर्नेगरी कार्यान्वयनमा ल्याउनु, उनीहरूको जीवनमा परिवर्तन हुने गरी विकास गर्नु नै अहिलेको चुनौती हो । यसका लागि लैङ्गिक हिंसाविरूद्ध राष्ट्रिय कार्ययोजनाले उल्लेख गरे बमोजिम स्थानीय तहमा (गाविस, विद्यालय, कार्य क्षेत्रमा) उजुरी केन्द्र स्थापना र परिचालन, प्रहरी, प्रशासनबाट तदारुकताका साथ अनुसन्धान र कारबाही, अदालती प्रक्रियामा चुस्तदुरुस्त र छिटोछरितो न्याय प्रणाली, अपराधीलाई राजनीतिक संरक्षणको अन्त्यं गरी, प्रभावित, पीडितलाई न्याय दिलाउन राजनीतिक प्रतिवद्धता र तत्परता जरुरी छ । यसका साथै सरकारी, गैरसरकारी र निजी क्षेत्रकाबीच समन्वय, सहकार्य र कार्यमा आधारित सिफारिस (Case Referal) र सहयोग पनि अति आवश्यक छ ।

सञ्चार माध्यमहरूले महिला हिंसाका घटनालाई उजागर गर्न मद्दत गर्नुका साथै भएका सकारात्मक परिवर्तनहरूलाई पनि जनसमुदायको जानकारीमा ल्याई प्रभावितहरूको मनोबल बढाउने र हिंसा र दुर्व्यवहारबाट बच्न र बचाउन के गर्न सकिन्छ भन्ने सन्देशलाई व्यापक प्रचार प्रसार गर्नु आवश्यक छ । हिंसाबाट प्रभावितहरूलाई सामाजिक एकीकरण र आर्थिक रूपमा सबल बनाउनका लागि निजी क्षेत्र र रोजगारदाताहरूसँग समन्वय गरी तालिम र व्यवसाय उन्मुख सीप दिनु अपरिहार्य छ । यसका लागि सम्बन्धित क्षेत्रमा विशेषज्ञता हासिल गरेका र दृढ़ो प्रतिबद्धता राखी काम गरिरहेका संस्था तथा निकायहरूलाई प्रोत्साहन गरी सहयोग लिनु वान्छनीय छ ।

सबैभन्दा महत्वपूर्ण पक्ष भनेको दण्डहीनताको अन्त्य भई अनुसन्धान छिटो छरितो र अपराधमा संलग्नलाई कारबाही हो । यसले गर्दा अपराधीको मनोबल घट्नुका साथै अपराधका घटनामा क्रमश: कमी आउनेछन् यसका लागि सबैको प्रतिवद्धता र सहयोग अपरिहार्य छ ।

सन्दर्भ सामग्रीहरू

१. महिलाको हक र अधिकारलाई सम्बोधन गर्न हालसम्म बनेका कानूनहरूको सँगालो २०६६, नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
२. लैङ्गिक हिंसाविरूद्ध राष्ट्रिय कार्य योजना (सन् २०१०), नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
३. http://www.opmcm.gov.np/
४. http://www.unifem.org/gender_issues/violence_against_women/
5. http://www.un.org/documents/ga/res/48/a48r104.htm
6. विभिन्न पत्रपत्रिकामा प्रकाशित लैङ्गिक हिंसासम्बन्धी समाचार तथा लेख रचनाहरू

(लेखक : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत लैङ्गिक हिंसाविरूद्ध उजुरी व्यवस्थापन तथा अनुगमन इकाईमा कार्यरत हुनुहुन्छ ।)

घरेलु हिंसा नियन्त्रण सम्बन्धी ऐन र कार्यान्वयनको पक्ष

अधिवक्ता दिनेश त्रिपाठी

महिलाविरूद्ध हुने हिंसा एउटा गम्भीर समस्याकोरुपमा विद्यमान रहेको छ। सर्वेक्षणहरू अनुसार करिव ६० प्रतिशत महिलाहरू कुनै न कुनै रुपमा हिंसाको शिकार भएको देखिन्छ। नेपाल पनि यस समस्याबाट अछुतो छैन। नेपाली समाजमा महिलाहरू विरूद्ध गरिने हिंसाका घटनाहरूमा निरन्तर वृद्धि हुँदै गएको छ। महिला विरूद्ध हुने हिंसाले कुनै पनि समाजको प्रगतिलाई वाधा तुल्याउँछ।

महिलाहरूको अधिकार एवम् स्वतन्त्रतालाई व्यापक रूपमा सुनिश्चित नगरी कुनैपनि समाज लोकतान्त्रिक हुन सक्दैन । हिजोआज महिला अधिकारको सम्बन्धमा विश्वव्यापी रूपमा नवीन चेतना वा जागरण देखा परिरहेछ । महिलाहरू विश्वव्यापीरूपमा आफ्नो अधिकार वा स्वतन्त्रताका लागि सङ्घर्षरत छन् । महिला अधिकारको सुनिश्चितता एवम् प्रत्याभूतिका लागि यथास्थितिलाई तोड्नु जरूरी छ । यसका साथै विद्यमान राजनीतिक आर्थिक, सामाजिक एवम् कानूनी संरचनामा व्यापक फेरबदल तथा परिववर्तन ल्याउनु आवश्यक छ । यथास्थितिमा महिला अधिकारको पूर्ण प्रत्याभूति सम्भव छैन । यसका लागि विद्यमान राजनीति र सामाजिक, आर्थिक तथा संवैधानिक एवम् कानूनी संयन्त्रलाई लैङ्गिक मैत्री (Gender Friendly) तुल्याउनु जरूरी छ ।

महिला अधिकारको प्रश्न एउटा अलग प्रश्न (Isolated Issue) मात्र होइन, यो समग्र समाजको आधुनिकीकरण एवम् लोकतान्त्रिकरणको सवालसँग गाँसिएको छ । कुनै पनि समाजले आफ्ना आधा भन्दा बढी जनसङ्ख्याको हक अधिकार एवम् स्वतन्त्रताको संरक्षण वा प्रवर्द्धन नगरी त्यो समाज आधुनिक, सभ्य एवम् लोकतान्त्रिक कहलाउन सक्दैन । महिलाहरूको स्वतन्त्रता, गतिशीलता एवम् उर्जाले सम्पूर्ण समाजलाई नै एउटा नवीन उर्जा प्रदान गर्न सक्दछ भन्ने तथ्यलाई आत्मसात गर्नु जरूरी छ ।

महिलाहरूको आधारभूत अधिकार र स्वतन्त्रतालाई सुनिश्चित गर्ने विषय नेपालमा पनि टड्कारो रुपमा उठिरहेको छ । नेपाली महिलाहरू शताब्दीयौँदेखि विभेद र असमानताका शिकार छन् । शासकीय तथा कानूनी संरचना महिलाहरूका लागि अनुकूल तथा मैत्रीपूर्ण छैनन् । नेपाली महिलाहरूलाई आर्थिक र सामाजिक रूपमा पछाडि पारिएको छ भने नीति निर्माण प्रक्रियामा महिलाहरूको न्यून प्रतिनिधित्व गराइएको छ । महिलाहरूको हक अधिकार र समानतालाई सुनिश्चित गर्न अन्तर्राष्ट्रिय कानूनको निरन्तर विकास भइरहेको छ । मानवअधिकारको तमाम अन्तर्राष्ट्रिय कानूनको पक्षराष्ट्र भएको नाताले नेपालले ती अन्तर्राष्ट्रिय कानूनहरूमा उल्लेखित अधिकारहरूलाई कार्यान्वयन गर्ने अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्नुपर्ने हुन्छ ।

महिला विरूद्ध हुने हिंसा महिला अधिकारको एउटा गम्भीर उल्लङ्घन हो । महिलाविरूद्ध हुने हिंसा विश्व एउटा गम्भीर समस्याकोरूपमा विद्यमान रहेको छ । सर्वेक्षणहरू अनुसार करिव ६० प्रतिशत महिलाहरू कुनै न कुनै रूपमा हिंसाको शिकार भएको देखिन्छ । नेपाल पनि यस समस्याबाट अछुतो छैन । नेपाली समाजमा महिलाहरू विरूद्ध गरिने हिंसाका घटनाहरूमा निरन्तर वृद्धि हुँदै गएको छ । महिला विरूद्ध हुने हिंसाले कुनै पनि समाजको प्रगतिलाई वाधा तुल्याउँछ । यसैगरी महिलाहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार (Right to Dignified Life) लाई कुण्ठित तुल्याउने, महिलालाई राजनीतिक एवम् सामाजिक रूपमा सीमान्तीकृत बनाउनुका साथै समान सहभागिताको अधिकारबाट समेत वञ्चित पार्छ ।

महिलाहरू आफ्नै घर-परिवारमा असुरक्षित हुनु झनै गम्भीर समस्या हो । महिलाविरूद्ध हुने घरेलु हिंसा असमान सामाजिक शक्ति सम्बन्धको (Unequal Power Relationship) उपज हो । समाजमा विद्यमान गलत परम्परा वा कुप्रथाहरूद्वारा महिलाको हैसियत (Social Status) लाई तल पारिएको छ भने हिंसालाई महिला शसक्तिकरण विरूद्ध एउटा औजारको रूपमा प्रयोग गरिएको छ । महिला विरूद्ध गरिने कुनै पनि प्रकारको हिंसालाई वर्जित र यसलाई कानूनी रूपमा दण्डनीय बनाउनु पर्छ । महिला अधिकारको रक्षाका लागि यो पहिलो शर्त हो ।

नेपाल अन्तर्राष्ट्रिय मानव अधिकार कानूनका महत्वपूर्ण दस्तावेजहरूको पक्ष राष्ट्र भइसकेको छ । महिला विरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन महासन्धिमा नेपालले हस्ताक्षर गरेर यस सम्बन्धमा आफ्नो अन्तरराष्ट्रिय प्रतिवद्धता प्रकट गरेको छ । यो महासन्धिको प्रावधानहरूलाई कार्यान्वयन गर्नु नेपालको अन्तर्राष्ट्रिय दायित्व हो । नेपालले यो महासन्धिलाई २२ अप्रिल, १९९१ मा अनुमोदन गरेको हो । यस महासन्धिको धारा २ मा उल्लेख गरिएको छ- पक्ष राष्ट्रहरू महिला विरुद्ध हुने सम्पूर्ण प्रकारका विभेदप्रति निन्दा प्रकट गर्दछन् र महिलाहरू विरुद्ध कुनै व्यक्ति, सङ्गठन वा उद्योगधन्दाबाट हुने विभेद अन्त्य गर्ने विद्यमान नियम कानुन, परम्परा र अभ्यासहरू जसले महिला विरुद्ध विभेद निर्माण गर्छन्, तिनीहरूलाई हर उचित तवरले ढिलासुस्ती बिना परिवर्तन तथा उन्मूलन गर्न सहमत छन् ।

यस महासन्धिद्वारा व्यवस्थित अधिकारको कार्यान्वयन पक्षको सुपरीवेक्षण (monitor) गर्नका लागि एक समितिको गठन गरिएको छ । महिला विरूद्ध हुने भेदभाव सम्बन्धी महासन्धिमा महिला विरूद्ध हुने हिंसा सम्बन्धी प्रष्ट प्रावधान नभए पनि CEDAW समितिले आफ्नो सामान्य सिफारिस नं. १९ मा महासन्धिको व्याख्यामा महिलाविरूद्ध हुने हिंसालाइ स्पष्टरूपमा समेटेको छ । समितिको यो व्याख्यालाई आधिकारिक व्याख्या ठानिन्छ । जस अनुसार- लिङ्गमा आधारित हिंसा (लैङ्गिक हिंसा) विभेदको एक रूप हो जसले महिलाहरूको पुरुषसरह अधिकार र स्वतन्त्रता उपभोग गर्ने क्षमतामा गम्भीर बाधा पुऱ्याउँछ ।

यसैगरी यस सिफारिसमा महासन्धिका पक्ष राष्ट्रहरूलाई महिला विरूद्ध गरिने सार्वजनिक वा घरेलु हिंसालाई रोक्न हरसम्भव उपाय अवलम्बन गर्न आह्वान गरिएको छ । जसअनुसार महासन्धिको पक्ष राष्ट्र भएको नाताले घरेलु हिंसालाई नियन्त्रण र दण्डनीय बनाउन नेपालले प्रभावकारी कदमहरू चाल्न आवश्यक छ ।

यसै सम्बन्धमा संयुक्त राष्ट्रसङ्घीय महासभाले १९९३ मा महिला विरुद्धको हिंसा उन्मुलन सम्बन्धी घोषणापत्र सर्वसम्मतिद्वारा पारित गरेको थियो । यस घोषणामा स्पष्टरुपमा भनिएको छ- 'राज्यहरूले हरउचित तवरले र विना ढिलासुस्ती महिला विरुद्ध हुने हिंसा अन्त्य गर्ने नीति अबलम्बन गर्नुपर्छ ।'

घोषणामा अगाडि भनिएको छ- 'घरेलुहिंसा तथा महिला माथि हुने हरेक प्रकारका हिंसाहरू उनीहरूको मौलिक तथा स्वतन्त्रताको पूर्ण उपभोगमा बाधक मानिन्छ ।'

घरेलु हिंसा नियन्त्रण सम्बन्धी नेपाली कानून

अन्तर्राष्ट्रिय कानूनहरू उल्लिखित दायित्वहरूलाई कार्यान्वयन गर्न उचित र प्रभावकारी कानूनी संरचनाको निर्माण गर्नु नेपालको एक प्रमुख दायित्व हो । नेपालमा घरेलु हिंसालाई सम्बोधन गर्ने एउटा छुट्टै कानूनको अभाव थियो । महिला विरूद्ध हुने गरेका घरेलु हिंसाका घटनामा कमी आउनुको साटो बढोत्तरी भइरहेको अवस्थामा यस सम्बन्धमा कानूनी रिक्तता (Legal Vaccum) को स्थिति कायम भइरहनुलाई निश्चय पनि जायज मान्न सकिँदैनथ्यो । ढिलै भए पनि यस सम्बन्धी हाल एउटा छुट्टै कानूनको निर्माण भएको छ । यसका लागि अन्तरिम संविधानको धारा २० (२) को व्यवस्थालाई पनि महत्वपूर्ण मान्न सकिन्छ । सो धारामा कुनै पनि महिलाविरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको यो प्रावधान स्पष्ट र व्यापक छ ।

ऐनको आधारभूत विशेषता

- यस ऐनले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनाका साथै गाली तथा भावनात्मक चोटलाई घरेलु हिंसा भनेर परिभाषित गरेको छ ।
- घरेलु हिंसाको कृत्यलाई अपराध (Criminalize) घोषित गरिनुका साथै दण्डनीय भनेको छ ।
- यस सम्बन्धमा उजुरी दिने कुरालाई व्यापक तुल्याइएको छ ।
- पीडितलाई उपचारको व्यवस्था गरिएको छ ।
- पीडितलाई सुरक्षा प्रदान गर्न सकिने छ ।
- दुवैपक्षबीच मेलमिलाप गराउन सकिने कुरालाई प्राथमिकता प्रदान गरिएको छ ।
- मेलमिलाप हुन नसके मात्र मुद्दा अदालतमा पठाइने ।
- अदालतले पीडकका नाममा तत्काल संरक्षण दिन आवश्यक देखेको स्थितिमा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्नसक्ने । जसअनुसार पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न, सभ्य व्यवहार गर्न, उपचारका लागि उपयुक्त रकम प्रदान गर्न, पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न, पीडित छुट्टै बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्ने आदेश दिन सक्ने ।
- पीडितका अतिरिक्त निजका नाबालक सन्ताव वा निजसँग आश्रित कुनै व्यक्तिलाई पनि संरक्षण प्रदान गर्न सकिने ।
- पीडितले अनुरोध गरेमा पीडितको मुद्दा सुनुवाई बन्द इजलासमा पनि हुन सक्ने ।
- यससम्बन्धी मुद्दाको कारवाही र किनारा संक्षिप्त कार्यविधि ऐन २०२८ बमोजिम गरिने ।
- उपचारको रकम पीडकले व्यहोर्ने ।
- पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियतअनुसार मनासिव माफिकको क्षतिपूर्ति भराइने ।
- पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाका लागि नेपाल सरकारले सेवा केन्द्रको व्यवस्था गर्न सक्ने ।
- सेवा केन्द्रको सञ्चालनका लागि नेपाल सरकारले सेवा कोषको स्थापना गर्ने ।
- घरेलु हिंसा गर्नेलाई तीन हजार देखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनसक्ने ।
- उद्योग वा दरूत्साहित गर्ने वा मतियारलाई आधा सजाय हुने ।
- सजाय पाइसकेको व्यक्तिले पुनः कसूर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुने ।
- सार्वजनिक जपाफदेही पदमा बहाल रेको कुनै व्यक्तिले कसूर गरेमा थप दश प्रतिशत सजाय हुने ।

अन्तर्राष्ट्रिय कानूनहरू उल्लिखित दायित्वहरूलाई कार्यान्वयन गर्न उचित र प्रभावकारी कानूनी संरचनाको निर्माण गर्नु नेपालको एक प्रमुख दायित्व हो । नेपालमा घरेलु हिंसालाई सम्बोधन गर्ने एउटा छुट्टै कानूनको अभाव थियो । महिला विरूद्ध हुने गरेका घरेलु हिंसाका घटनामा कमी आउनुको साटो बढोत्तरी भइरहेको अवस्थामा यस सम्बन्धमा कानूनी रिक्तता (Legal Vaccum) को स्थिति कायम भइरहनुलाई निश्चय पनि जायज मान्न सकिँदैनथ्यो ।

ऐनको कमजोरी तथा खाडलहरू (Gaps)

- ऐनले घरेलु हिंसाको परिभाषामा मानसिक वा आर्थिक यातनाजस्ता तत्वहरूलाई समेटेर परिभाषालाई व्यापक तुल्याउने कार्य गरेको छ । तर अझै पनि यो परिभाषाले घरेलु हिंसाका केही महत्वपूर्ण पक्षहरूलाई स्पष्ट रूपमा समेट्न सकेको छैन । जस्तै वैवाहिक बलात्कार (Marital Rape) जसलाई सर्वोच्च अदालतले आफ्नो एक फैसलाद्वारा अपराध शोषित गरिसकेको छ । बलजफ्ती एवम् बालबिवाह (Forced and Early Marriage)
- घरेलु हिंसालाई स्पष्टरूपमा अपराध घोषित गरी दण्डनीय तुल्याउने भन्दा ऐनको उद्देश्य दुवै पक्षबीच मेलमिलाप गराइदिने प्रकृतिको देखिन्छ । यो अन्तर्राष्ट्रिय मापदण्ड विपरीत देखिन्छ । घरेलु हिंसा महिला अधिकारमाथि गरिएको गम्भीर आक्रमण एवम् गहन प्रकृतिको फौजदारी अपराध हो । यसले महिलाको सम्मानपूर्वक बाँच्न पाउने अधिकारमा आघात पुऱ्याउँछ । यस्तो अपराधमा पीडक एवम् पीडितबीच मेलमिलाप गराउन खोज्नु पीडकलाई अपराधिक दायित्व (Criminal Liability) बाट उन्मुक्ति प्रदान गर्न खोज्नु हो । घरेलु हिंसासम्बन्धी कानूनको मुलभूत उद्देश्य नै पीडितको सुरक्षा एवम् पीडकलाई दण्ड प्रदान गर्नु हो ।
- पीडितलाई तत्काल आपतकालीन संरक्षण (Emergency Protection) को व्यवस्था ऐनले गरेको छैन । ऐनमा अदालतले आवश्यक देखेमा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको छ । तर घरेलु हिंसाको स्थितिमा यो पर्याप्त हुने देखिँदैन । किनकि अदालतमा मामिला पुग्ने लाग्ने समयमसम्म पीडितलाई ढिलो भइसकेको हुनसक्छ । तसर्थ उसलाई तत्काल नै संरक्षणको आवश्यकता पर्न सक्ने देखिन्छ ।
- घरेलु हिंसा एउटा गम्भीर प्रकृतिको

फौजदारी अपराध हो र यसमा कठोर सजायको व्यवस्था हुनुपर्नेमा सजायको मात्रा एकदमै न्यून राखिएको छ । यसमा कुन मात्राको कसुरमा कति दण्ड प्रदान गर्ने सम्बन्धमा कुनै व्यवस्था गरिएको छैन । एवम् अदालतलाई व्यापक विवेकाधिकार (Discretionary Power) दिइएको देखिन्छ । यस सम्बन्धमा स्पष्ट सजाय सम्बन्धी निर्देशिकाको व्यवस्था हुनुपर्ने देखिन्छ ।

- नब्बे दिनको हदम्यादको व्यवस्था न्यायोचित देखिँदैन ।
- पीडितको पुर्नःस्थापना एवम् शसक्तिकरण (Empopwerment) का लागि कुनै व्यवस्था ऐनमा गरिएको छैन ।
- कानून कार्यान्वयन गर्ने निकाय वा अधिकारीलाई ऐनमा कहीँ कतै पनि उत्तरदायी (Accountable) बनाइएको छैन । घरेलु हिंसाका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायमा पर्याप्त उदासीनता एवम् संवेदनहीनता व्याप्त भएको स्थितिमा कानून कार्यान्वयन गर्ने निकायले आफ्नो कानूनी कर्तव्य पालन गर्न अस्वीकार गरेको स्थितिमा ऐनमा पर्याप्त सजायको व्यवस्था हुनुपर्छ । पीडितलाई यस्ता निकाय एवम् अधिकारी विरूद्ध उजुरी दिने अधिकार कानूनद्वारा सुनिश्चित हुनुपर्ने देखिन्छ ।
- ऐनको कार्यान्वयनको सुपरीवेक्षण (Monitoring) गर्ने सम्बन्धमा ऐनमा कुनै व्यवस्था गरिएको छैन । कानून कार्यान्वयनको सुपरीवेक्षण गर्ने संयन्त्र कानूनको सफल कार्यान्वयनको सुनिश्चितताका लागि आवश्यक तत्व हो ।
- घरेलु हिंसा सम्बन्धी ऐन अधिकारमुखी (Right based) हुनु जरूरी हुन्छ । यस्तो स्थितिमा पीडितलाई राज्यबाट तत्काल संरक्षण र सहायता पाउने अधिकार सुनिश्चित हुनुपर्छ । पीडितलाई निःशुल्क कानुनी सहायताको अधिकार प्राप्त हुनुपर्छ । पीडितलाई तत्काल उसको कानूनी अधिकारका बारेमा जानकारी गराइनु पर्दछ ।

ऐनको प्रभावकारी कार्यान्वयन गर्न चालिनु पर्ने कदमहरू

- कानुनको प्रभावकारी कार्यान्वयन नहुनु कानुनविहीनता एवम् दण्डहीनताको स्थिति हो । यो कुनै पनि सभ्य एवम् लोकतान्त्रिक समाजका लागि घातक हुन्छ । कुनै पनि समाजमा सजावटका (Cosmetic Purpose) का लागि कानुन बनाइनु हुँदैन अपितु कार्यान्वयन गर्ने स्पष्ट प्रतिवद्धता हुनु आवश्यक हुन्छ । यो ऐनको प्रभावकारी कार्यान्वयनका लागि निम्न कदमहरू तत्काल चालिनु पर्ने देखिन्छ ।
- यो ऐन तुरून्त प्रारम्भ हुनेछ भनिएता पनि नियमावलीको अभावमा ऐनका प्रावधानहरू कार्यान्वयन हुनसक्ने देखिँदैन । तसर्थ, यो ऐनलाई कार्यान्वयन गर्न नेपाल सरकारले तत्कालै नियमावली बनाउनु आवश्यक छ ।
- कुनै पनि ऐन कार्यान्वयन गर्न आवश्यक संस्थागत संयन्त्र वा संरचना निर्माण गर्नुपर्ने हुन्छ । सोका लागि आवश्यक साधन श्रोत वा बजेट आवश्यक पर्दछ । नेपाल सरकारले यस सम्बन्धमा आवश्यक श्रोत साधनको व्यवस्था गर्नु जरुरी छ ।
- यो ऐनलाई सफल कार्यान्वयन गर्न कानून कार्यान्वयन गर्ने निकायको अभिमुखीकरण तथा क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । कानून कार्यान्वयन गर्ने निकाय लैङ्गिक मैत्री छैनन् । यस सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायमा उदासीनता (Culture of Opathy) को संस्कृति देखिन्छ । तसर्थ, यस सम्बन्धमा आवश्यक तालिम र् अभिमुखीकरण आवश्यक देखिन्छ ।
- यो ऐनका बारेमा सार्वजनिक सञ्चार माध्यमहरूद्वारा व्यापक प्रचार-प्रसार गर्नु राज्यको दायित्व हो । यस कानूनको विद्यमानताका बारेमा जानकारी प्रदान गर्नु कानूनको सफल कार्यान्वयनको आवश्यक तत्व हो ।
- यो ऐनको कार्यान्वयनका लागि यथाशक्य विशिष्ट नीतिको व्यवस्था हुनु पर्छ ।
- ऐनमा व्यवस्था भएअनुसार तत्काल सेवा केन्द्रहरूको स्थापना हुनु जरुरी छ । यी सेवाहरू पर्याप्त सङ्ख्यामा हुनुका अतिरिक्त आवश्यक श्रोत र साधनले सम्पन्न हुनु आवश्यक छ । यस सम्बन्धमा ऐनमा गरिएको सेवा कोष सम्बन्धी व्यवस्था तत्काल कार्यान्वयन गरिनुपर्छ ।
- घरेलु हिंसा सम्बन्धी अपराधको रोकथाम (Prevention) का लागि राज्यले पर्याप्त बन्दोबस्त गर्नु जरूरी हुन्छ । पाठ्क्रमहरूमा यस सम्बन्धी विषयवस्तु समावेश गर्नुका साथै समुदायमा पनि यस सम्बन्धमा व्यापक चेतना विस्तार गरिनु आवश्यक छ ।
- यस ऐनको सफल कार्यान्वयनका लागि ऐनको पक्षमा व्यापक सामाजिक समर्थन (Community Support) निर्माण गरिनु आवश्यक हुन्छ । यसका लागि नागरिक समाज, समुदायिक र गैरसरकारी संस्था एवम् कानून कार्यान्वयन गर्ने संस्थाहरूबीच व्यापक सहयोग तथा समन्वय आवश्यक हुन्छ ।
- कानून कार्यान्वयन गर्ने निकायहरूले यो ऐन कार्यान्वयन गर्न आवश्यक तदारुकता देखाए नदेखाएको सम्बन्धमा नागरिक निगरानी (Civic Monitoring) हुनुपर्ने जरुरी छ ।

घरेलु हिंसा एउटा गम्भीर सामाजिक अपराध हो । यो विषयको सम्वोधन गर्न नसक्दा समाजले गम्भीर क्षति व्यहोर्नु पर्छ । यो एउटा बहुआयमिक समस्या हो । यस सम्बन्धमा कानूनको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ । यसलाई नियन्त्रण गर्न ठोस कानूनी संरचना आवश्यक पर्दछ । कानून बनाउनु मात्र पर्याप्त होइन । प्रथा वा परम्पराका नाममा घरेलु हिंसालाई जायज ठहऱ्याउन सकिँदैन ।

निष्कर्ष

घरेलु हिंसा एउटा गम्भीर सामाजिक अपराध हो । यो विषयको सम्वोधन गर्न नसक्दा समाजले गम्भीर क्षति व्यहोर्नु पर्छ । यो एउटा बहुआयमिक समस्या हो । यस सम्बन्धमा कानूनको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ । यसलाई नियन्त्रण गर्न ठोस कानूनी संरचना आवश्यक पर्दछ । कानून बनाउनु मात्र पर्याप्त होइन । प्रथा वा परम्पराका नाममा घरेलु हिंसालाई जायज ठहऱ्याउन सकिँदैन । घरेलु हिंसा कुनै पनि रूपमा प्रकारमा अस्वीकार्य छ । जसका विरूद्ध शुन्य सहिष्णुता (Zero Tolerance) विकसित गरिनु पर्दछ । महिलाहरूलाई हिंसा रहित वातावरणमा बाँच्न पाउने अधिकार छ । किनकि हिंसापूर्ण वातावरणमा उनीहरूले आफ्नो व्यक्तित्वको विकास गर्न सक्षम हुँदैनन् ।

घरेलु हिंसालाई घरेलु विवादको रूपमा लिइनु हुँदैन । तसर्थ मेलमिलाप गरेर विवादको टुङ्गो लगाउने समस्याका रुपमा यसलाई ग्रहण गर्नु हुँदैन अपितु पीडकलाई दण्ड एवम् पीडितलाई न्याय एवम् संरक्षण प्रदान गर्ने दृष्टिकोण अपनाउनु पर्दछ । सम्पूर्ण सामाजिक संरचना लैङ्गिक मैत्रीपूर्ण (Gender Friendly) तुल्याउँदै सबैका लागि न्याय, स्वतन्त्रता एवम् सम्मान सुनिश्चित गर्नु नै लोकतान्त्रिक समाजको मुलमन्त्र हो ।

घरेलु हिंसाको संवेदनशीलतालाई कानूनले हेर्न सकेको छैन

सपना मल्ल प्रधान सभासद् हुनुहुन्छ । उहाँ महिलाअधिकारको क्षेत्रमा गर्नुभएको योगदानका लागि अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित हुनुभएको छ । नेपाल सरकारद्वारा घोषित लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजना २०१० को सल्लाहकार समितिको सदस्यसमेत रहनु भएकी मल्लसँग नयाँ संविधानमा महिला अधिकारका सवालहरू, महिला हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजना २०११ र यसका विषयवस्तु र महिला हिंसाका घटनामा केन्द्रित रहेर राजु पासवानले गर्नुभएको कुराकानी यहाँ प्रस्तुत् गरेका छौँ ।

महिला माथि हुने विविध खाले हिंसाको अहिलेको अवस्थालाई यहाँले कसरी मूल्याङ्कन गर्नु भएको छ ?

पहिला पहिला महिलामाथि हुने हिंसा भन्नासाथै शारीरिक हिंसालाई मात्र हेरिन्थ्यो । हिंसा भन्नासाथै सार्वजनिक ठाउँमा बाह्य व्यक्ति वा सार्वजनिक व्यक्तिले मात्र हिंसा गर्छ भन्ने आधारबाट हामीले हिंसालाई बुझ्ने गरेका थियौँ । अहिले हिंसालाई फराकिलो दृष्टिकोणबाट हेरिन्छ । हिंसा भनेपछि हिंसा भइसकेकै अवस्था नहुन सक्दछ । हिंसाको डर छ, हिंसा हुन सक्ने शङ्का छ भने त्यो पनि हिंसाको परिभाषाभित्र पर्छ भन्ने आँखाबाट हिंसालाई हेर्न आवश्यक छ । जीवन गुमाइसकेपछि भन्दा जीवनको संरक्षणको नीति राज्यले लिनु आवश्यक छ । हिंसाको कुरा गर्दा नेपालमा अहिले फरक किसिमका हिंसाका घटनाहरू सार्वजनिक भइरेहका छन् । केही वर्ष अघिसम्म मानव बेचबिखन, बलात्कारको कुराहरू मात्रै महिला हिंसाका घटनामा गणना गर्ने चलन थियो । अहिले लिङ्गको आधारमा गर्भपतन गरिन्छ, जबरजस्ती गर्भपतन, वैवाहिक बलात्कारका घटनाहरू सार्वजनिक भइरहेका छन् । बोक्सीको नाममा जलाउने, यातना दिने कार्यहरू बढेका छन् । मानसिक हिंसा, घरेलु हिंसा कारक तत्वको रूपमा जोडिएर आइराहेका छन् । स-साना बच्चाहरू बलात्कृत भइरहेका छन् । प्रहरी भित्रका महिलाहरू सहकर्मी पुरूषबाट असुरक्षित भइरहेका अवस्थाहरू छन् ।

२.घरेलु हिंसा कसूर र सजाय ऐन बनेको एक वर्ष पूरा भएको छ , यसको कार्यान्वनको अवस्था कस्तो छ ?

कानुन बनाउने तहमा भएकाले मैले यसको कार्यान्वयनको अवस्थाका बारेमा अहिले केही भन्न सक्ने अवस्थामा म छैन । महिला प्रहरीमा त्यसको जानकारी अली बढी पाउन सकिएला । विगत एक वर्षमा कति ओटा मुद्दाहरू दर्ता भए भन्ने तथ्याङ्क प्रहरीसँग उपलब्ध छ ।

कानुन अझ पनि अपर्याप्त छ ,अपूर्ण छ र घरेलु हिंसाको संवेदनशीलतालाई कानूनले हेर्न सकेको छैन । कमजोर कानुन बनेकोमा म आफैँ पनि जिम्मेवार पक्षको रूपमा रहेको छु । कानुनको प्रभावकारी कार्यान्वयनका लागि प्रहरीलाई दायित्व दिएर अनुसन्धानका लागि थुन्न सक्ने अधिकार जबसम्म हुँदैन तबसम्म यी र यस्ता कानुनको कुनै अर्थ रहँदैन ।

ऐन बनेको एक वर्ष पूरा भएको छ तर अहिलेम्म नियमावली बन्न किन ढिलाइ भएको होला ?

महिला मन्त्रालयले नियमावली बनिसकेको भन्छ,तर त्यो सार्वजनिक भएको छैन । यो त हाम्रो देशको चलन नै त हो नी । विगतमा पनि गर्भपतनको ऐन आयो नियमावली आउन एक वर्ष लाग्यो । नियमावाली बनाउन ढिला गरेको महिला मन्त्रालयले हो यो विषयमा त्यो मन्त्रालयका अधिकारीलाई बढी थाहा हुन सक्छ ।

तपाईंको विचारमा घरेलु हिंसाका घटनाको न्यूनिकरणका लागि यो एन पर्याप्त छ कि छैन ?

पहिलो कुरा त राज्यले घरेलु हिंसा अपराध हो भन्ने कुराको मान्यता दिनुपनि यही विषयमा लामो समयदेखि काम गरिरहेका हामीहरूलाई खुशीको कुरा हो । हिजोसम्म घरभित्र हुने हिंसालाई हिंसाकोरुपमा मानिएको थिएन । आज घरभित्रै हिंसा हुन्छ भने कुरा स्वीकार्न राज्य वाध्य भयो । कानुनलाई परिमार्जन गर्ने सधैँ ठाउँहरू हुन्छन्, त्यो ठाउँहरू अहिले खुलेको पनि छ र निश्चय पनि यो कानुन पूर्ण छैन पर्याप्त पनि छैन । विशेष गरी प्रहरीलाई अनुसन्धान गर्ने थुन्ने अधिकार हुनुपर्दछ र संरक्षण अधिकारीहरूको नियुक्ति गर्ने व्यवस्थाहरू हुनु पर्दछ । यो विषयमा हामीले शुरुदेखि नै राज्यको ध्यानाकर्षण गराउँदै आएका हौँ । प्रहरीलाई अनुसन्धान गर्न, गिरफ्तार गर्न र हिरासतमा राख्न अधिकार दिनुपर्छ । कानुन कार्यान्वयनका लागि कानुन मात्रै भएर हुँदैन कानुनको प्रवर्द्धनको लागि सरकारले के काम गऱ्यो ? बनेको कानूनका बारेमा सर्वसाधारणमा

हिजोसम्म घरभित्र हुने हिंसालाई हिंसाकोरुपमा मानिएको थिएन । आज घरभित्रै हिंसा हुन्छ भने कुरा स्वीकार्न राज्य वाध्य भयो । कानुनलाई परिमार्जन गर्ने सधैँ ठाउँहरू हुन्छन्, त्यो ठाउँहरू अहिले खुलेको पनि छ र निश्चय पनि यो कानुन पूर्ण छैन पर्याप्त पनि छैन । विशेष गरी प्रहरीलाई अनुसन्धान गर्ने थुन्ने अधिकार हुनुपर्दछ र संरक्षण अधिकारीहरूको नियुक्ति गर्ने व्यवस्थाहरू हुनु पर्दछ । यो विषयमा हामीले शुरुदेखि नै राज्यको ध्यानाकर्षण गराउँदै आएका हौँ । प्रहरीलाई अनुसन्धान गर्न, गिरफ्तार गर्न र हिरासतमा राख्न अधिकार दिनुपर्छ । कानुन कार्यान्वयनका लागि कानुन मात्रै भएर हुँदैन कानुनको प्रवर्द्धनको लागि सरकारले के काम गऱ्यो ? बनेको कानूनका बारेमा सर्वसाधारणमा जनचेतना जगाउन सरकारले कस्ता प्रयासहरू गऱ्यो ? त्यो पनि महत्वपूर्ण हुन्छ ।

जनचेतना जगाउन सरकारले कस्ता प्रयासहरू गऱ्यो ? त्यो पनि महत्वपूर्ण हुन्छ । कानुन बन्नु ठूलो कुरा होइन हाम्रो सामाजिक मूल्य, मान्यता र व्यवहारमा पनि परिवर्तन गर्नु आवश्यक छ ।

सरकारले लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजना २०१० को घोषणा गरी कार्ययोजना सार्वजनिक गरेको छ, तपाईं कार्ययोजनाको सल्लाहकार समितिमा पनि हुनुहुन्छ, कार्ययोजनाले के कस्ता विषयवस्तुहरू समेटेको छ ?

कार्ययोजनाले लैङ्गिक हिंसा अन्त्यका लागि सबै मन्त्रालयलाई नै जिम्मेवार निकाय ठानेको छ र अन्तरमन्त्रालय स्तरीय एक समिति पनि गठन गरिसकेको छ । मन्त्रालय स्तरीय समितिले हरेक महिना रिपोर्टिङ्ग गर्ने व्यवस्था पनि छ । अहिले ७० ओटा जिल्लामा टास्क फोर्स गठन भइसकेको छ र अहिले सेलमा थुप्रै उजुरीहरू पनि आइरहेका छन् । उजुरी हेर्ने काम पनि भइरहेको छ र कार्यान्वयनको काम पनि धेरै कुराहरू अगाडि बढिरहेका छन् । शिक्षा मन्त्रालयले छोरा-छोरीबीचको पढाईको विभेद अन्त्य गर्ने खालका कार्यक्रमहरू बनाइरहेको छ । स्वास्थ्य मन्त्रालयले महिला स्वास्थ्यको सेवा उपलब्ध गराउने सुनिश्चितताको कार्यक्रम तयार गर्दैछ । गृहमन्त्रालयले प्रहरीलाई थुप्रै तालिमहरू दिने काम गरिराखेको छ । त्यस्तै, स्थानीय विकास मन्त्रालयले जिल्ला श्रोत समूहहरूलाई टास्कफोर्सका काम गर्नका लागि ५० हजार रकम छुट्याएको छ । प्रचार प्रसार र केही कारक तत्वलाई निराकरण गर्नका लागि र न्याय कतैबाट नपाए राहतको लागि यो संयन्त्रको विकास प्रभावकारी हुने मैले अपेक्षा लिएको छु ।

घोषणा गरेअनुरुप लैङ्गिक हिंसा विरुद्धको वर्षकारुपमा सन् २०१० कत्तिको फलदायी होला ?

घोषणा हुनु पनि एउटा राजनीतिक प्रतिवद्धताको अभिव्यक्ति हो । तर, घोषणा हुँदैमा घरेलु हिंसा अन्त्य हुने भए सबै राष्ट्रले त्यही गर्थे होलान् नि । घोषणा गर्थे हामीले अन्त्य गर्छौं भन्थे होलान । बोलेर मात्रै समस्याको समाधान हुँदैन यसका लागि काम गर्नुपर्छ । एक वर्षमा सबै कुरा हुँदैन । तर यो मौकामा यसलाई हिंसा विरूद्धको संयन्त्रहरू तयार गर्ने, कानुनको निर्माण गर्ने जस्ता विषय राज्यको प्राथमिकतामा हुनुपर्छ ।

तपाईं संयुक्त राष्ट्र सङ्घ CEDAW Committee को उम्मेदवार पनि हुनुहुन्छ, त्यो मञ्चमा तपाईंको उपस्थितिले नेपाली महिलाको अधिकार प्राप्तिको आन्दोलनमा कसरी सघाउ पुऱ्याउँछ ?

पहिलो कुरा त नेपाली महिला पनि अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनहरूमा र संयुक्त राष्ट्र सङ्घको उपल्लो निकायमा सहभागी हुन सक्छन् भन्ने उदाहरण हो यो । यसले नेपालको पहिचान र नेपाली महिलाको सहभागिताको सुनिश्चितता हुनेछ । दोस्रो कुरा हाम्रो आफ्नै फरक अनुभवहरू छन् । हिंसाका अनुभवहरू, कानुन संशोधनका अनुभवहरू त्यो मञ्चबाट अरू देशका महिलाहरूसँग बाँड्न सक्छौं । अनि २३ देशको महिलासँग बसेर काम गर्दा र सबै देशको महिलाको अधिकारको स्थिति सुधार्ने काम गर्दा अरू ठाउँमा सिकेका रणनीतिहरूलाई मैले नेपालमा ल्याएर नेपालका महिलासँग सँगै बसेर काम गर्ने र देशको विकास गर्न सक्ने अवस्थामा हुन्छ । यसले सकारलाई एक किसिमबाट दवाव पनि हुन्छ । आफ्नै मान्छे चाहिँ विभेदको अन्त्य गर्ने समितिमा छ भनेपछि नेपालको विद्यमान विभेदलाई पनि यसले उन्मुलन गर्नुपर्छ भन्ने एउटा सोच ल्याउन पनि सहयोगी भूमिका निर्वाह गर्छ ।

तपाईं संविधानसभाको सभासद् देशको नयाँ संविधान बनाउने विषयमा तपाईले महत्वपूर्ण भूमिका निर्वाह गुर्नुहुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं । यस सन्दर्भमा नयाँ संविधानमा केकस्ता विषयहरू समावेश हुँदैछन् ? यसका लागि महिला सभासद्हरूको भूमिका कस्तो रहेको छ?

नयाँ संविधानको प्रस्तावित प्रस्तावनामा अन्याय र विभेदका कारण माथि पितृसतात्मक समाज भनेर उल्लेख गरिएको छ । गर्भ अवस्थाको आधारमा, वैवाहिक अवस्थाको आधारमा विभेद गर्न हुँदैन भन्ने सकारात्मक प्रावधानहरू उल्लेख छन् । यतिमात्र होइन राष्ट्र प्रमुख वा उपप्रमुख मध्ये एकजना महिला हुनुपर्ने, सभामुख र उपसभामुखमा एकजना महिला हुनुपर्ने व्यवस्था रहेको छ । अब बन्ने व्यवस्थापकीय अङ्गमा पनि कम्तिमा ३३ प्रतिशत महिला हुनुपर्ने, धर्मप्रथाको नाममा, संस्कृतिको नाममा शोषण हुन्छ भने ती विषयहरू विभेदको परिभाषा भित्र पर्ने, सम्पतिमा छोरा-छोरीको समान अधिकारका कुराहरू, हिंसाविरूद्धको अधिकारको सुनिश्चितता गरिएको छ ।

अहिले महिला आयोगलाई पनि संवैधानिक आयोग बनाउनु पर्छ भन्ने कुराहरू पनि आइरहेका छन् । अब यसमा सबै सभासदहरू एकजुट भएर आवाज उठाउन आवश्यक छ । विशेष गरेर नागकिरता लिँदा विभेद नगर्ने भनिएता पनि परिणाममा विभेदहरू जन्मिन सक्ने र नागरिकता लिँदा बाबु र आमा दुईटै नेपाली हुनुपर्ने जस्ता प्रावधानले गर्दा महिलाको अस्तित्व स्वीकार नभएका जस्तो देखिन्छ । पुर्ख्यौली सम्पतिमा छोरा-छोरीलाई समानताको सुनिश्चितता गर्दा त्यसले पनि केही जटिलता आउन सक्छ । यहाँनेर महिला सभासद्हरूको अवधारणा आउन आवश्यक छ र सबै सभासद एक ठाउँमा भएर एउटा आवाज उठाउन आवश्यक छ । किनभने हाम्रा १ सय ९७ महिला सभासद्को भोटले मात्र पुग्दैन, संविधानका धारा पारित हुन त दुईतिहाई बहुमत चाहिन्छ । जसका लागि पुरुष सभासद्को पनि साथ लिएर अगाडि जानुपर्छ ।

अहिले महिला आयोगलाई पनि संवैधानिक आयोग बनाउनु पर्छ भन्ने कुराहरू पनि आइरहेका छन् । अब यसमा सबै सभासदहरू एकजुट भएर आवाज उठाउन आवश्यक छ । विशेष गरेर नागकिरता लिदा विभेद नगर्ने भनिएता पनि परिणाममा विभेदहरू जन्मिन सक्ने र नागरिकता लिँदा बाबु र आमा दुईटै नेपाली हुनुपर्ने जस्ता प्रावधानले गर्दा महिलाको अस्तित्व स्वीकार नभएका जस्तो देखिन्छ । पुर्ख्यौली सम्पतिमा छोरा-छोरीलाई समानताको सुनिश्चितता गर्दा त्यसले पनि केही जटिलता आउन सक्छ । यहाँनेर महिला सभासद्हरूको अवधारणा आउन आवश्यक छ र सबै सभासद एक ठाउँमा भएर एउटा आवाज उठाउन आवश्यक छ ।

घोषणा हुनु पनि एउटा राजनीतिक प्रतिवद्धताको अभिव्यक्ति हो । तर, घोषणा हुदैमा घरेलु हिंसा अन्त्य हुने भए सबै राष्ट्रले त्यही गर्थे होलान् नि । घोषणा गर्थे हामीले अन्त्य गर्छौं भन्थे होलान । बोलेर मात्रै समस्याको समाधान हुदैन यसका लागि काम गर्नुपर्छ । एक वर्षमा सबै कुरा हुदैन । तर यो मौकामा यसलाई हिंसा विरूद्धको संयन्त्रहरू तयार गर्ने, कानुनको निर्माण गर्ने जस्ता विषय राज्यको प्राथमिकतामा हुनुपर्छ ।

महिलाको अधिकार सुनिश्चित भइसकेपछि मात्र महिला सवल हुन्छन्

मन्जुकुमारी यादव चौधरी, राष्ट्रिय महिला आयोगको सदस्य हुनुहुन्छ । हाम्रा सहयोगी राजु पासवानले चौधरीसँग महिला आयोगले महिला अधिकारका संरक्षणका लागि गरिरहेका गतिविधिमा केन्द्रित रहेर गुर्नभएको कुराकानी प्राचीको यो अङ्कमा प्रकाशन गरेका छौं ।

मञ्जुकुमारी चौधरी

महिला अधिकारको संरक्षण तथा सम्वर्धनमा महिला आयोगले कस्ता खालका गतिविधिहरू गरिरहेको छ ?

आयोगले महिलाको अधिकार संरक्षण र सम्वर्द्धनका लागि उजुरीहरू लिने तथा प्राप्त उजुरीमाथि पीडित पक्षसँग छलफल गर्ने, मिलापत्र गराउने, कानुनी साहायताको लागि सिफारिस गर्ने, महिला अधिकार हननका घटनाको अध्ययन, अवलोकन र अनुगमन गर्ने र सरकर तथा सम्बन्धित पक्षलाई सिफारिस गर्ने र त्यो अध्ययन र अनुगमनबाट आएको घटनाहरूको प्रतिवेदन सार्वजनिक गर्ने काम गर्छ । सरकारले बनाएका विभिन्न ऐन कानुनको लैङ्गिक दृष्टिकोणबाट पुनरावलोकन गर्ने, तथा बन्न लागेका विधेयकहरू महिलाअधिकार मैत्री छन्, छैनन् अध्ययन गरी सुझावहरू दिने गरेको छ ।

महिला आयोगले नयाँ संविधानका लागि विभिन्न समितिमा सुझाव सहितको प्रतिवेदन बुझाएको छ । बोक्सीको आरोप सम्बन्धी कसूर तथा सजायका सम्बन्धमा व्यवस्था गर्नुपर्ने विधेयक बनाएर विभिन्न चरणमा छलफल गरी महिला मन्त्रालयमा पठाइसकेका छौं । महिलाको अधिकार सुनिश्चित भइसकेपछि महिला सवल हुन्छन् भनेर भूमिमा महिला अधिकारका लागि पनि आयोगले विभिन्न कार्यक्रममार्फत आवाज उठाएको छ ।

घरेलु हिंसाका कस्ता खालका उजुरीहरू महिला अधिकार आयोगमा आउने गरेका छन् ?

घरेलु हिंसा, सार्वजनिक स्थलको हिंसा, विवाह नगरी सँगै बसेका, बोक्सीको आरोप, कर्तव्य ज्यान, सम्पति उपभोग गर्न नदिएको, व्यक्ति वेपत्ता पारिएको, बालविवाह, अपहरण कर्मचारी नियुक्ति जस्ता तथा सरूवा, सम्बन्ध विच्छेद, अङ्श विवाद, अदालतको फैसला कार्यान्वयनजस्ता विषयवस्तु लिएर पीडितहरू महिला आयोग आउँछन् ।

आयोग पीडितको न्यायका पक्षमा कसरी क्रियाशील हुने गरेको छ ?

पीडित पक्षको उजुरी लिने, उजुरी लिएपछि परामर्श दिने, उजुरीलाई कायान्वयन गर्ने निकायमा प्रेषण गर्नेजस्ता काम हुने गरेको छ । हिंसा पीडित महिलाहरूको विषयमा चासोका साथ काम गर्छौं । आयोगले मेलमिलाप गराउनेमा बढी जोड दिएको छ । मिलापत्र गराउने काम पनि आयोगबाट हुन्छ ।

आयोगले गरेका सिफारिशहरूको कार्यान्वयनको अवस्था कस्तो छ ?

राष्ट्रिय मानवअधिकार आयोगको अवस्था त त्यस्तो छ भने राष्ट्रिय महिला आयोगले त धेरै सिफारिस गरेकै छैन । त्यही पनि केही घटनामा सरकारलाई सिफारिस गरिएको छ । तर धेरैजसो सिफारिश सरकार पक्षबाट कार्यान्वयन भएका छैनन् ।

महिला अधिकारको रक्षाको लागि महिला अधिकार आयोग सक्रिय नभएको भन्ने आरोप छ नि ?

जहाँ काम हुन्छ त्यहाँ पक्कै आरोप आउँछ । घोडामा चढ्ने नै लड्छ । आयोगमा काम नगरेको त होइन भन्न मिल्दैन । आयोगको जनशक्ति अभाव छ, भएकामा पनि आवश्यक सीप भएका जनशक्ति कम छ, नेपाल सरकारले कर्मचारी पठाउँछ, उनीहरूको प्रत्येक दुई वर्षमा सरूवा हुन्छ । दुई वर्ष लगाएर सिकेको सीप उनीहरूसँगै जान्छ ।

सीमित श्रोत साधनको कमीका कारणले पनि आयोगलाई काम गर्न अप्ठ्यारो छ । अप्ठ्यारो हुँदा हुँदै पनि आयोगले काम नगरेको पक्कै होइन । काम गरेकै छ र त्यो आरोपलाई हामी साकारात्मकरूपले लिएका छौं ।

सामान्य महिलाले जो महिला अधिकारबाट वञ्चित छन् , उनीहरूले कसरी महिला आयोगसम्म पहुँच पाउँछन् ?

नेपाल सरकारले राष्ट्रिय महिला आयोग केन्द्रमै खोल्यो । आयोगको ऐनमा शाखा विस्तार गर्ने प्रवधान छ तर शाखा विस्तारको लागि बजेट चाहियो, बजेटको अभाव छ । तैपनि, विभिन्न गैरसरकारी संस्थासँग मिलेर २० जिल्लामा सञ्जाल विस्तार गरेका छौं । ती सञ्जालमार्फत हिंसामा परेका महिलाहरूको उजुरी लिने सुनिदिने काम आयोगले गरिरहेको छ ।

७. महिला आयोगको आगामी कार्ययोजना के के छन् ?

महिला आयोगको कार्ययोजना, पञ्चवर्षीय रणनीति योजना बनेको छ । त्यो योजनालाई आधार मानेर महिला आयोगको आगामी कार्ययोजना जस्तै जनचेतना अभिवृद्धिका कार्यक्रमहरू, त्यसपछि लक्षित वर्गको कार्यक्रम, संस्थागत सुदृढिकरण जस्ता क्रियाकलापलाई अगाडि बढाउने, विभिन्न २० जिल्लामा गैरसरकारी संस्थासँग मिलेर बनाइएको सञ्जालको क्षमता अभिवृद्धि गर्ने, अनुसन्धान र सिफारिस गर्ने जस्ता क्रियाकलापमा आयोगको ध्यान जानेछ ।

महिला आयोगले नयाँ संविधानका लागि विभिन्न समितिमा सुझाव सहितको प्रतिवेदन बुझाएको छ । बोक्सीको आरोप सम्बन्धी कसूर तथा सजायका सम्बन्धमा व्यवस्था गर्नुपर्ने विधेयक बनाएर विभिन्न चरणमा छलफल गरी महिला मन्त्रालयमा पठाइसकेका छौं । महिलाको अधिकार सुनिश्चित भइसकेपछि महिला सवल हुन्छन् भनेर भूमिमा महिला अधिकारका लागि पनि आयोगले विभिन्न कार्यक्रममार्फत आवाज उठाएको छ ।

अहिले पनि महिलाका मुद्दालाई राजनीतिक, सामाजिक मुद्दाका रूपमा लिने गरिएको छैन

शर्मिला कार्की गैर सरकारी संस्था महासङ्घको महासचिव तथा जागरण नेपालको अध्यक्ष हुनुहुन्छ । लामो समयदेखि महिला अधिकारका क्षेत्रमा कार्यरत कार्कीसँग हाम्रा सहयोगी राजु पासवानले घरेलु हिंसाका घटनाहरूको न्यूनिकरणका लागि गैरसकारी संस्थाहरूले गरेका प्रयासका बारेमा गर्नुभएको कुराकानी यसपटकको प्राचीमा प्रकाशन गरेका छौं ।

शर्मिला कार्की

लामो समयदेखि महिला अधिकारका लागि क्रियाशील हुनुहुन्छ ? वर्तमान समयमा महिला अधिकारको अवस्था कस्तो छ ?

विशेष गरी कुनै पनि क्षेत्र वर्ग, तह तप्काको अधिकार राम्रो हुनका लागि त्यो राष्ट्रको नीति, वर्तमान अवस्था, मानवअधिकारको समग्र अवस्था राम्रो हुनुपर्दछ । हाम्रो मुलक एउटा सङ्क्रमणकालको अवस्थामा छ । सङ्क्रमणकालीन अवस्थाका कारणले गर्दा समग्र मानवअधिकारको अवस्था नै राम्रो छैन । विशेष गरी हामी दण्डहीनताको ठूलो चपेटमा छौं । अपराधमा संलग्नहरूले सजाय पाएका नजिरहरू छैनन् । मानव अधिकारको अवस्था अस्तव्यस्त भएको बेला महिला अधिकारको अवस्था पनि सन्तोषजनक छैन । अहिले पनि महिलाको मुद्दालाई महिला मानवअधिकारका मुद्दा राजनीतिक मुद्दा, सामाजिक मुद्दाका रूपमा लिने गरिएकों छैन । ती मुद्दाहरू विशेष गरेर एउटा वर्ग, एउटा तहको मात्रै भनिदोरहेछ । महिला अधिकारको क्षेत्रमा काम गर्न धेरै बाँकी नै छ ।

महिला अधिकार संरक्षणका लागि राज्यले गरिरहेको प्रयासलाई कसरी लिनुभएको छ ?

दश वर्षयता भएको द्वन्द्वले धेरै हिंसाको रुपहरू [illegible] आएको छ । त्यसमा पनि महिला नै बढी चपेटामा परेका छन् । त्यसलाई हेर्ने हो भने हिंसाको स्वरुप र प्रकारहरू बढ्दैछन् । अर्कोतिर समग्रमा नीतिगत तहमा राम्रा कुराहरू पनि हामीसँग धेरै छन् । हामीले प्राप्त उपलब्धिको रक्षा गर्दै नयाँ उपलब्धि खोज्नु जरुरी छ । नेपाली महिला अधिकारका सवालमा दुई-तीन ओटा निकै राम्रा कुराहरू स्थापित भएका छन् । ऐतिहासिक संविधानसभामा ३३ प्रतिशत महिलाको सहभागिताले अन्तर्राष्ट्रिय क्षेत्रमा निकै ख्याती पाएको छ । अर्को घरेलु हिंसा कसूर र सजाय ऐन । मोटामोटी खाकाकोरुपमा नीतिगत हिसाबमा महिला अधिकारका कुराहरू अगाडि आएका छन् भने यिनीहरूको कार्यान्वयनको पक्ष भने साकारात्मक देखिँदैन ।

नेपालमा घरेलु हिंसाका कस्ता कस्ता घटनाहरू सार्वजनिक हुने गरेका छन् ?

घेरलु हिंसाका घटना अन्य घटनाहरू भन्दा पनि अहिले त नेपालमा राज्यद्वारा हुने हिंसाहरू नै धेरै बढी छन् । घरेलु हिंसामा केन्द्रित रहेर कुरा गर्ने हो भने 'बोक्सी' प्रथा समाजमा अझैपनि विद्यमान छ । श्रीमान्ले श्रीमतीलाई गर्ने दुर्व्यवहार, बालिकाहरू हुने बलात्कारका घटना, दाइजोका कारणले हुने दुर्व्यवहार, विवाहमा दिने दाइजो उचित नपाएको भनी महिलामाथि हुने हिंसाका घटनाहरू सार्वजनिक हुने गरेका छन् । पीडित महिलाहरू बहुलाउने स्थितिमा पुगेका देखेका छौं । कानुनी उपचारका लागि लाग्ने आर्थिक स्रोतको अभाव अनि लाग्ने समयका कारण पीडित महिलाहरूको कानुनसम्म पहुँच पुगेको छैन ।

गएको वर्ष घरेलु हिंसा कसुर र सजाय ऐन आयो यसको कार्यान्वयनको अवस्था कस्तो छ ?

गत वर्ष घरेलु हिंसाको कसुर सजाय ऐन आयो, कानून पनि बन्यो । तर यो ऐन बढी मेलमिलापप्रति केन्द्रित छ । 'लोग्ने स्वास्नीको झगडा परालको आगो', भनेर घरेलु हिंसाका कतिपय घटना प्रति आँखा चिम्लिने गरिन्छ । अहिले आएको ऐन पनि त्यैतपट्टि ढलिकएको छ । विशेष गरेर सबै कुरा गरेर ल्याएको, विशेष गरेर मेलमिलापमा बढी केन्द्रित गरेको छ ।

अब कानुन आएको छ, त्यसमा व्यापकरुपले कार्यक्रम ल्याउने, सिङ्गो पुलिसभित्र आचारसंहिता कसरी बनाउने सम्पूर्ण कुराहरूलाई कोड गर्नुपर्छ । सुन्तली धामीको घटना हाम्रो अगाडि ताजै छ । अब त्यसमा कस्को गल्ती भयो भनेर सचेत किसिमले आयोगले काम गर्ला गरी पनि राखेको छ । महिला अधिकार आयोग संवैधानिक नभएको अवस्थामा यसले महिलाको हक हितमा धेरै काम गर्न सक्दैन ।

अब कानुन आएको छ, त्यसमा व्यापकरुपले कार्यक्रम ल्याउने, सिङ्गो पुलिसभित्र आचारसंहिता कसरी बनाउने सम्पूर्ण कुराहरूलाई कोड गर्नुपर्छ । सुन्तली धामीको घटना हाम्रो अगाडि ताजै छ । अब त्यसमा कस्को गल्ती भयो भनेर सचेत किसिमले आयोगले काम गर्ला गरी पनि राखेको छ । महिला अधिकार आयोग संवैधानिक नभएको अवस्थामा यसले महिलाको हक हितमा धेरै काम गर्न सक्दैन ।

तपाईंको विचारमा घरेलु हिंसाका घटनाहरूको न्यूनिकरणका लागि यो ऐन पूर्ण छ कि छैन ?

यो ऐन पूर्ण छैन । विशेष गरेर घरेलु हिंसा समाजमा विधमान छन् । दैनिक हुने तथा अन्य संयन्त्र भित्र हुने हिंसाहरूलाई यसले समेटेकै छैन । घरेलु हिंसा भित्रमात्रै यो रहेको छ । घरेलु हिंसा भित्रै पनि यो (specific) भएको छैन । घरेलु हिंसा भनेको घरमा मात्रै हुने हिंसा परिवारसँग झगडा हुने भनेर define गरिएको छ । घरेलु हिंसाका केही पक्ष यसले समेटेको छ । हाम्रो समाजमा विविधता छ समाज अनुसार फरक खालका हिंसाका घटनाहरू हुने गरेका छन् । तसर्थ ती सबै घटनालाई समेट्नका लागि यो ऐनमा परिमार्जन आवश्यक छ ।

महिला हिंसाका घटनाहरूलाई कसरी कम गर्न सकिन्छ ?

सबैभन्दा पहिलो कुरा नीति, नियम र कार्यान्वयनको हो । बर्दिया निकुञ्जमा तीनजना महिला मारिए । घटनाका आरोपीलाई कुनै कारबाही भएन । घटनाका आरोपीलाई कारबाही भएको भए हिंसाका पीडकलाई पनि डर चिन्ता हुन्छ । तर हिंसा गर्ने कसैलाई सजाय भएको छैन । दण्ड सजाय नै हुँदैन भने किन हिंसा बढ्दैन ? महिलाहरू आर्थिकरुपमा सक्षम नहुञ्जेलसम्म हिंसाका घटना कम हँदैनन् । । अधिकाङ्श महिलालाई कानूनी ज्ञानको अभाव छ । हिंसा हुनु भन्दा पहिले नै उनीहरू Aware हुनुपर्छ ।

सुदूरपश्चिममा महिला हिंसा

प्रत्येक बर्ष महिला हिंसाविरूद्ध वृहत् प्रकारका अभियानहरू हुने गरेका छन् । तर, तिनको सार्थक परिणाम भने आउन सकेको छैन । गएको वर्ष संसदले घरेलु हिंसा कसुर र सजाय ऐन पारित गऱ्यो। तर, सुदूरपश्चिमाञ्चल क्षेत्रको हकमा भने घरेलु हिंसाका घटनाका बारेमा प्रहरी कार्यालय वा अदालतमा थोरै महिलाले मात्र न्यायका लागि निवेदन वा उजुरी दिएका छन् । सुदूरपश्चिमाञ्चल शिक्षा र संचेतनाका हिसाबले देशका अन्य क्षेत्र भन्दा पछाडि परेको छ । यो क्षेत्रमा अहिले पनि महिला हिंसा र घरेलु हिंसाका नाममा अनगन्ती घटनाहरू भइरहेका छन् ।



मनमाया बस्नेत

जानेर वा नजानेर, बुझेर वा बुझ पचाएर समाजमा महिला माथि हुने हिंसा विद्यमान छ। महिला हिंसाको न्यूनीकरण र त्यसको अन्त्यका लागि विभिन्न क्षेत्र, समुदाय र सामाजिक सङ्घ संस्थाहरूको अभियान जारी छ , तर पनि समाजमा महिला हिंसाका घटनामा कमी आएका छैनन्। हाम्रो सामाजिक संरचना, अव्यवहारिक शिक्षा एवम् चेतनामा भएको कमीका कारण पनि महिला हिंसाका घटनाले समाजमा प्रश्रय पाइरहेका छन्। प्रभावकारी कानूनको व्यवस्था नहुनु, भएका कानूनका बारेमा जानकारी नहुनु, तथा तिनको परिपालना नहुनु एवम् दण्डहीनता मौलाँउदै जानुले पनि महिला हिंसाका घटनामा कमी आउन नसकेको यर्थाथ हाम्रो सामु छ।

प्रत्येक वर्ष महिला हिंसाविरूद्ध वृहत् प्रकारका अभियानहरू हुने गरेका छन् । तर, तिनको सार्थक परिणाम भने आउन सकेको छैन। गएको वर्ष संसदले घरेलु हिंसा कसुर र सजाय ऐन पारित गऱ्यो। तर, सुदूरपश्चिमाञ्चल क्षेत्रको हकमा भने घरेलु हिंसाका घटनाका बारेमा प्रहरी कार्यालय वा अदालतमा थोरै महिलाले मात्र न्यायका लागि निवेदन वा उजुरी दिएका छन्। सुदूरपश्चिमाञ्चल शिक्षा र संचेतनाका हिसाबले देशका अन्य क्षेत्र भन्दा पछाडि परेको छ। यो क्षेत्रमा अहिले पनि महिला हिंसा र घरेलु हिंसाका नाममा अनगन्ती घटनाहरू भइरहेका छन्। महिलाहरू कहिले समाजबाट, कहिले श्रीमानबाट, कहिले सासूबाट त कहिले समाजमा रहेको व्यक्तिहरूबाट प्रताडित भएका छन्। विशेषत: सुदूरपश्चिमका डडेल्धुरा, अछाम, बैतडी, बाजुरा र बझाङ जस्ता पहाडी जिल्लाहरूमा तराईको जिल्ला भन्दा बढी घरेलु हिंसाका घटनाहरू हुने गरेको छन्।

कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका-१८ की १८ वर्षीया भागरथी सुनारलाई ०६६ मङ्सिर २८ गते राति मादक पदार्थ सेवन गरेर आएका पति करन सुनारले शरीरमा डिजेल खन्याएर आगो लगाए। आगोको मुस्लो र पीडितले कराएको आवाज सुनेपछि गाउँलेले पीडितलाई उद्धार गरी महाकाली अञ्चल अस्पताल पुऱ्याएका थिए। भागरथीको ८० प्रतिशत शरीर जलेको थियो।

डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका-६ भालमारेकी एक १२ वर्षीया बालिकालाई ०६६ असोज ११ गते घर नजिकैको जङ्गलमा दाउरा काटिरहेको बेला बैतडी जिल्ला सिद्धेश्वर गाविसका ४० वर्षीय हीरा महराले बलात्कारको प्रयास गरे। बालिकाले होहल्ला गरेपछि आरोपित महराले बालिकालाई चक्कु प्रहार गरी भागे। पीडितका आफन्तले ०६६ असोज १२ गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा बलात्कारको प्रयास गरेको आरोपमा मुद्दा दर्ता गरे, तर घटनाका आरोपी महरालाई प्रहरीले अहिलेसम्म पनि गिरफ्तार गर्न सकेको छैन।

महिलामाथि हुने हिंसाका घटनामा सर्वसाधारण महिला मात्र होइन पढेलेखेका तथा कानुन कार्यान्वयन गर्ने निकायका महिलाहरू पनि परेका छन्। दार्चुला जिल्ला धुलीगडा घर भई जिल्ला प्रहरी कार्यालय अछामका कार्यरत महिला प्रहरी २२ वर्षीय सुन्तली धामी ०६६ असोज ११ गते राती सोही कार्यालयमा कार्यरत उनका सहकर्मीहरूबाट बलात्कृत भइन्। आरोपीहरूका विरुद्ध मुद्धा चलिरहेको बताइएको छ।

सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा कलङ्कको रुपमा रहेको छाउपडी प्रथाले त झन महिलाहरूको आधारभूत स्वास्थ्यको अधिकारलाई समेत चुनौती दिएको छ। यस क्षेत्रमा छाउपडी प्रथाका कारण महिलाहरू छाउपडी गोठमा बस्न बाध्य भएकाले जाडो याममा चिसो लागेर बिरामी परी मर्ने, बाघ भालुका शिकार बन्ने, सर्पले डस्ने मात्र नभई बलात्कृत हुने जस्ता घटनाहरू बेला बेलामा सार्वजनिक हुने गरेका छन्। विभिन्न सरकारी एवम् गैरसरकारी संस्थाको प्रयासका बावजुद पनि यो प्रथा सुदूरपश्चिमको ग्रामीण समाजमा अझै कायम छ।

ओरेक अझै धनगढी कार्यालयमा एक वर्षमा घरेलु हिंसाका ९१, सामाजिक हिंसाका १७, बहुविवाहका १७ , चेलीबेटी बेचविखनका चार, बोक्सीको आरोप दुई , बालविवाहको एक, दाइजो नल्याएकै कारण प्रताडित हुनु परेको दुई ओटा र बलात्कारका १८ घटनाहरू दर्ता भएका छन्। यी बाहेक पनि सयौँ घटनाहरू हाम्रो समाजमा भएका होलान् तर धाकधम्की आउन सक्ने, परिवारको वा आफ्नो इज्जत जाने, सामाजिक मर्यादा तोडिने आदि विभिन्न डर त्रासका कारणहरूले गर्दा महिला हिंसाका घटनाहरू बाहिर आउन सकिरहेका छैनन्।

महिलामाथि हुने हिंसा विरूद्ध कानुनी संचेतना कार्यक्रम गाउँ-गाउँमा पुऱ्याउन सके मात्र महिलाहरू सङ्गठित रूपमा आफ्ना आवाजहरूलाई राख्न सक्थे । महिला हिंसाको अन्त्यका लागि सक्षम हुने थिए। त्यसका लागि राज्यले स्थापना गरेका महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाज एवम् सरोकारवाला अन्य निकायहरूको सहयोग समर्थन एवम् समन्वयको टड्कारो आवश्यकता देखिन्छ। साथै यस्तै प्रकारका सामूहिक एवम् समन्वयात्मक प्रयासबाट मात्र महिला हिंसारहित सभ्य समाजको परिकल्पना गर्न सकिन्छ।

महिला हिंसा न्यूनीकरणका लागि सञ्चार माध्यमको भूमिका

उषा थपलिया

आजको आधुनिक भनिएको समाजमा पनि बोक्सीको आरोपमा असहाय महिलाहरू मारिने क्रम रोकिएको छैन । प्रथा र परम्पराका नाममा अझै पनि महिलाहरू देउकी र झुमाको जिन्दगी बिताइरहेका छन् भने नेपालको सुदूरपश्चिमी भेगमा छाउपडी प्रथा कायम छ । यौन व्यवसाय, सर्कसलगायत विभिन्न प्रयोजनका लागि भारत तथा खाडी मुलुकहरूमा वर्षेनी ५ हजारको हाराहारीमा महिला तथा बालबालिकाहरू बेचिने गरेका छन् । नेपाली महिलाहरू आफ्नो घरभित्र मात्र होइन विदेशमा समेत हिंसाबाट पीडित हुनुपरेको छ ।

महिला हिंसाको परिभाषा र स्वरुपहरू

महिला भएकै आधारमा गरिने विभेद, शारीरिक तथा मानसिक रुपबाट दिइने पीडा, प्रतिबन्ध लगायत जुनसुकै तरिकाबाट महिलाको आत्मसम्मानमा पुऱ्याइने आघातलाई महिला हिंसा भनेर बुझ्नुपर्छ । समाजमा महिला हिंसाको स्थिति कायम रहन विभिन्न तत्वहरूले भूमिका निर्वाह गरिरहेका हुन्छन् । नेपालको सन्दर्भमा कुरा गर्दा कूल जनसङ्ख्याको आधा भन्दा बढी हिस्सा ओगटेका महिलाहरू अहिलेसम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्न खाले हिंसाको शिकार भइरहेका छन् । परम्परागत धार्मिक तथा साँस्कृतिक मान्यताहरूले महिलालाई असमान त बनाएकै छ, देशमा विद्यमान कतिपय कानूनी व्यवस्थाले समेत महिलाको हैसियतलाई समान बनाउन सकेको छैन । देशमा धेरै ठूला राजनीतिक परिवर्तनहरू भए तर ती परिवर्तनलाई निर्णायक बिन्दूमा पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने नेपाली महिलाहरूको जीवन र मर्यादामा भने उल्लेखनीय परिवर्तन आउन सकेको छैन । समाजमा कायम रहेको पितृसत्तात्मक सोच, अन्धविश्वास, पुरातन संस्कार र परम्परा, विभेदपूर्ण कानून, लैङ्गिक असमानता, आर्थिक परनिर्भरता, अशिक्षा, गरीबी जस्ता विषय नै महिलामाथि हुने हिंसाका कारक हुन् ।

अझै पनि नेपाली समाजमा महिलालाई दोस्रो दर्जाका नागरिकको रुपमा व्यवहार गरिन्छ । महिला र पुरूषबीच रहेको सामाजिक विभेदको यही कारणले गर्दा पनि महिलामाथिको हिंसाका घटनामा कमी नआएको हो । हत्या, बलात्कार, यौन दुर्व्यवहार, अपहरण, बेचबिखन, कुटपिट, आगो लगाउनु, विष खुवाउनु, एसिड खन्याउनु, दैनिक घर व्यवहारमा भेदभाव गर्नु, संस्कार र परम्पराको नाउँमा अधिकारबाट वञ्चित गर्नु/गराउनु, आत्मसम्मानमा चोट पुग्ने बोली र व्यवहारहरू गरिनु साथै मानसिक रुपबाट समेत तनाव उत्पन्न गराउने सबै कार्यलाई महिला विरूद्धको हिंसा भनिएको छ ।

महिला हिंसाको स्थिति

महिला हिंसा अर्न्तगत पनि अधिकाङ्श महिलाहरू आफ्नै घर परिवेशभित्र पति तथा परिवारका अन्य सदस्यहरूबाट पीडित भएका घटनाहरू उजागर हुने गरेका छन्, जसलाई घरेलु हिंसा भनिन्छ । दाइजो नल्याएको, छोरा पाउन नसकेको, चरित्र राम्रो नभएको लगायतका आरोपमा पति तथा उनका परिवारका सदस्यहरूले पत्नी र बुहारीमाथि दुर्व्यवहार हुने गरेका छन् । कुटपिट, आगजनी, विष आदिको प्रयोग गरी महिलाहरूको हत्या समेत हुने गरेको छ भने हतियार प्रहार गरेर घाइते/अङ्गभङग गराउने, एसिड खन्याएर कुरूप बनाउने, कुटपिट गर्ने तथा अत्याधिक तनाव श्रृजना गराएर आत्महत्या गर्न वाध्य बनाइदिने लगायतका घटनाहरू पनि बारम्बार सार्वजनिक भएका छन् । श्रीमानले बहुविवाह गरेर अघिल्लो श्रीमती तथा सन्तानप्रतिको जिम्मेवारी पूरा नगर्ने र कतिपय अवस्थामा घरबाट निकाली दिने अवस्थाको साथै वैवाहिक बलात्कारबाट पनि महिलाहरू उत्तिकै सताइएका घटनाहरू सार्वजनिक हुँदै आएका छन् । सामाजिक तहमा हुने विभिन्न खाले हिंसाबाट पनि महिलाहरू उत्तिकै पीडित भएका छन् । कामकाजमा रहेका महिलाहरूलाई विभिन्न किसिमका टिप्पणी गरेर गरिने चरित्र हत्या, सार्वजनिक स्थल तथा सवारी साधनहरूमा दुर्व्यवहार र अपशब्दहरूको प्रयोग, काम गर्ने ठाउँमा हुने हिंसाजन्य व्यवहारहरू, व्यापक रुपमा हुने गरेको भएपनि सामाजिक तहमा भने यस्ता घटनालाई सामान्य ढङ्गले मात्र हेर्ने गरिएको छ । पछिल्लो समयमा महिला तथा बालिकामाथि हुने गरेका बलात्कारका घटनाहरू असामान्य ढङ्गबाट बृद्धि भइरहेका छन् । इन्सेकले सन् २००९ मा गरेको एक अध्ययनमा १ सय ६३ वटा बलात्कार र बलात्कार प्रयासका घटना भएको तथ्य सार्वजनिक भएको थियो । बलत्कारबाट पीडित हुनेहरू मध्ये धेरैजसो १६ वर्षमाथिका महिला रहेको भएतापनि ३ वर्ष उमेर समूहदेखि १ सय २ वर्षका बृद्धा समेत पीडित बनेको उक्त अध्ययनले देखाएको छ । कतिपय बलात्कारका घटनामा बलात्कारपछि पीडितको हत्या समेत हुने गरेको छ ।

आजको आधुनिक भनिएको समाजमा पनि बोक्सीको आरोपमा असहाय महिलाहरू मारिने क्रम रोकिएको छैन । प्रथा र परम्पराका नाममा अझै पनि महिलाहरू देउकी र झुमाको जिन्दगी बिताइरहेका छन् भने नेपालको सुदूरपश्चिमी भेगमा छाउपडी प्रथा कायम छ । यौन व्यवसाय, सर्कसलगायत विभिन्न प्रयोजनका लागि भारत तथा खाडी मुलुकहरूमा वर्षेनी ५ हजारको हाराहारीमा महिला तथा बालबालिकाहरू बेचिने गरेका छन् । नेपाली महिलाहरू आफ्नो घरभित्र मात्र होइन विदेशमा समेत हिंसाबाट पीडित हुनुपरेको छ ।

महिलाका सवाल र सञ्चार माध्यम

नेपालमा सञ्चारको क्षेत्र निकै फराकिलो र व्यापक बन्दै गएको छ । सञ्चार प्रविधिमा आएको व्यापकतासँगै महिलाका सवालहरूले पनि सञ्चार माध्यममा स्थान पाउन थालेका छन् । सञ्चार माध्यममार्फत समाजमा भएका र हुने गरेका महिला हिंसाका घटनाहरू

उजागर हुने क्रम पनि बढी रहेको छ । महिला हिंसाका घटनाहरू सार्वजनिक हुन थालेपछि विगतमा भन्दा महिला हिंसाका घटनामा बढोत्तरी भएको हो कि भन्ने खालका विश्लेषण पनि बाहिर आउने गरेका छन् । समाजभित्रै दबिएर रहने महिला हिंसाका घटनाहरूले सञ्चार माध्यममा स्थान पाउन थालेपछि तथ्याङ्क बढेको जस्तो देखिएको मात्रै हो । समाजमा लुकेर बसेका महिला हिंसाका घटनाहरू सार्वजनकि भएपछि कानूनी उपचारको बाटो पहिल्याउन सजिलो भएको छ । तर, सञ्चार माध्यमबाट प्रकाशित र प्रसारित हुने विभिन्न कार्यक्रम तथा विज्ञापनले महिला हिंसालाई प्रोत्साहन गरेको हो कि भन्ने भान हुन्छ । विभिन्न टेलिभिजन च्यानलहरूले प्रसारण गर्ने टेलिफिल्महरूमा पुरुषले गर्ने शोषणलाई महिलाहरूले यो उनीहरूको कर्तव्य नै हो भने जसरी निरीह भएर सहेर बसेको देखाइन्छ भने, मादक पदार्थ सेवन गरेपछि महिलालाई कुटपिट र दुर्व्यवहार गर्ने कार्य पुरूषहरूको अधिकार नै हो भन्ने किसिमबाट विषयवस्तुहरू प्रस्तुत् गरिएका हुन्छन् । कतिपय टेलीश्रृङ्खलाहरूमा पुरुषले गरेको व्यवहारप्रति जवाफ फर्काउनु हुन्न, महिला भएकै कारणले ती कुरालाई आफू तल परेरै भएपनि सहनु पर्दछ भन्ने सन्देश दिनका लागि नै विभिन्न महिला पात्रलाई अघि सारिएको हुन्छ । यस्ता प्रकारका दृश्यले हिंसामा रमाउन चाहने पुरूषलाई थप उत्प्रेरणा प्रदान गर्दछ भने महिलाहरूलाई जस्तोसुकै अत्याचार पनि सहेरै बस्नुपर्दछ भन्ने सन्देश दिन्छ । रेडियो र टेलिभिजनबाट प्रसारण हुने विज्ञापनहरूमा लैङ्गिक समानताको मान्यता विपरीतका चित्र, सम्वाद र शैलीको व्यापक प्रयोग गरिएका छन् । यस्ता सामग्रीहरूको निर्वाध प्रचारप्रसारले महिलाहरू पुरुषको तुलनामा साँच्चिकै दोस्रो दर्जाकै नागरिक हुन् कि भन्ने भ्रम समेत फैलाउन मद्दत गरिरहेका छन् ।

महिला अधिकार सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी व्यवस्थाहरू

राज्यले महिलाअधिकार प्रत्याभूतिकालागि विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा प्रतिवद्धता जनाएको छ । राज्यले जनाएका प्रतिवद्धताहरूमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्वन्धी महासन्धि १९७९, वेइजिङ विश्व महिला सम्मेलन १९९५ ले पारित गरेका महिला सरोकारका १२ बुँदा तथा त्यसयता हरेक निश्चित अवधिमा तयार गरिएका तथा समीक्षा हुँदै आएका "वेईजिङ महिला सम्मेलनको कार्ययोजना" आदिलाई लिन सकिन्छ । अन्तर्राष्ट्रिय तहमा जनाइएका यिनै प्रतिवद्धता बमोजिम नेपालमा अहिले महिलाअधिकारको रक्षाका लागि उत्साहजनक कामहरू भएका छन् । मुलुकी ऐनको एघारौँ संशोधनलाई महिला अधिकारको क्षेत्रमा भएको उल्लेखनीय प्रगतिको रूपमा लिन सकिन्छ । संशोधनले छोरीलाई पैतृक सम्पत्तिमा हक, वैवाहिक बलात्कारको विरूद्धमा कानूनी व्यवस्था, सम्बन्ध विच्छेद हुँदा महिलालाई अङ्श हक, विशेष परिस्थितिमा गर्भपतनको अधिकारको साथै अन्य धेरै महत्वपूर्ण व्यवस्थाहरू गरेको छ । अन्तरिम संविधान २०६३ ले महिला हिंसा विरूद्धको अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । महिला भएकै कारणले विभेद गर्न नपाउने तथा प्रथा परम्पराको आधारमा गरिने विभेदलाई पनि महिला हिंसा विरूद्धको अधिकारमा राखी संवैधानिक उपचारको हक प्रत्याभूत गरेको छ । तर, देशका अधिकांश महिलाहरू घरेलु हिंसाबाट पीडित हुने गरेका र त्यसलाई सम्बोधन गर्ने कानूनको अभाव रहेको परिप्रेक्ष्यमा संविधानमा व्यवस्था भएको हक प्राप्तीका लागि महिला हिंसा विरूद्धको छुट्टै कानून निर्माणकालागि महिलाअधिकारकर्मीहरूले निरन्तर आवाज उठाइरहे । यसैको परिणाम स्वरूप २०६६ वैशाखमा घरेलु हिंसा (कसुर तथा सजाय) ऐन व्यवस्थापिका संसदले पारित गरेको छ । विधेयकले महिलामाथि हुने मानसिक, सामाजिक, आर्थिक र यौनजन्य यातनालाई घरेलु हिंसाका रूपमा परिभाषित गरेको छ ।

लैङ्गिक हिसावले विभेदकारी रहेका कानूनहरूको अनुसन्धान गरिरहेको महिला, कानून तथा विकास मञ्चले केही समय अघि सार्वजनिक गरेको प्रतिवेदनमा १ सय ३ कानूनी व्यवस्थामा अझै लैङ्गिक विभेदका प्रावधानहरू रहेको जनाएको छ । त्यसैले महिला अधिकारको रक्षाकोलागि नयाँ कानून निर्माण गरिनुका साथै अन्य कानूनहरूका विभेदकारी प्रावधानहरूलाई पनि हटाउँदै लैजानु जरूरी छ ।

लैङ्गिक हिंसा विरूद्धको अभियानमा सरकारको तत्परता

नेपालमा महिलाअधिकार प्राप्तिका लागि हालैका केही वर्षहरू धेरै उपलब्धीमुलक साबित भएका छन् । विशेष गरी ०६२-०६३ को जनआन्दोलन पछि फेरिएको राजनीतिक अवस्थाले महिलाअधिकार स्थापित गर्न निकै सहयोग पुऱ्याएको छ । महिलाको आधारभूत अधिकारहरू अन्तरिम संविधानको मौलिक हकमा समावेश भएका छन् । संविधानमा राज्यका प्रत्येक अङ्गमा ३३ प्रतिशत महिला सहभागिता, सम्पतिको हक, आमाको नाममा नागरिकता, सबै खालका भेदभाव र कुसंस्कारको अन्त्य आदि जस्ता महत्वपूर्ण पक्षहरू कानूनीरूपमा नै स्थापित भएका छन् । संविधानसभामा ३३ प्रतिशत अर्थात १ सय ९७ जना महिला सभासद्को प्रतिनिधित्व रहेको छ । महिला अधिकारकै लागि महिला मन्त्रालय, विभाग, आयोग, हरेक जिल्लामा महिला विकास कार्यालयहरूको गठन गरिएको छ ।

महिला हिंसा विरूद्धको अभियानका लागि सन् २०१० लाई सरकारले "महिला हिंसाविरूद्धको वर्ष" को रुपमा घोषणा गरी त्यसलाई सफल बनाउन कार्ययोजना समेत तयार गरेको छ । यसका साथै महिला हिंसा विरूद्धका घटना सम्बन्धमा उजुरी लिन प्रधानमन्त्री कार्यालयमा 'लैङ्गिक हिंसाविरूद्ध उजुरी व्यवस्थापन तथा अनुगमन इकाई' स्थापना गरिएको छ । उक्त इकाईले महिला हिंसा सम्बन्धी देशभरका गुनासा एवम् उजुरी सुन्ने र कारवाहीका लागि कडाइकासाथ अनुगमन गरिने

विभिन्न टेलिभिजन च्यानलहरूले प्रसारण गर्ने टेलिफिल्महरूमा पुरुषले गर्ने शोषणलाई महिलाहरूले यो उनीहरूको कर्तव्य नै हो भने जसरी निरीह भएर सहेर बसेको देखाइन्छ भने, मादक पदार्थ सेवन गरेपछि महिलालाई कुटपिट र दुर्व्यवहार गर्ने कार्य पुरूषहरूको अधिकार नै हो भन्ने किसिमबाट विषयवस्तुहरू प्रस्तुत् गरिएका हुन्छन् । कतिपय टेलीश्रृङ्खलाहरूमा पुरुषले गरेको व्यवहारप्रति जवाफ फर्काउनु हुन्न, महिला भएकै कारणले ती कुरालाई आफू तल परेरै भएपनि सहनु पर्दछ भन्ने सन्देश दिनका लागि नै विभिन्न महिला पात्रलाई अघि सारिएको हुन्छ । यस्ता प्रकारका दृश्यले हिंसामा रमाउन चाहने पुरूषलाई थप उत्प्रेरणा प्रदान गर्दछ भने महिलाहरूलाई जस्तोसुकै अत्याचार पनि सहेरै बस्नुपर्दछ भन्ने सन्देश दिन्छ ।

फोटो : कोमलनिरञ्
कञ्चनपुर

पतिले डिजेल छर्केर आगो लगाएपछि घाइते भएकी भिमदत्त नपा-१८ गोबरैयाकी १८ वर्षीया भागरथी सुनार ।

फोटोः राजु पासवान
काठमाण्डौं

काठमाडौंको माइतिघर मण्डलामा महिला हिंसाको विरोधमा महिला मानवअधिकार रक्षकहरूको धर्ना कार्यक्रमको एक्यबद्धता जनाउँदै इन्सेकका कार्यकर्ताहरू

काठमाडौं माइतिघर मण्डलामा महिला हिंसाको विरोधमा

हिंसामा आधा आकाश

नेपालमा महिला हिंसाका घटनाहरूमा कमी नआउनु दःखद् विषय हो। नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू जनाउनुको साथै महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि १९७९ लाई पनि अनुमोदन गरिसकेको छ। नेपालको अन्तरिम संविधानमा लिङ्गका आधारमा विभेद नहुने कुरा उल्लेख छ। प्रतिवद्धता जाहेर गर्दै निर्माण गरिएका कानूनहरूको पूर्ण पालना नगरिएका कारण महिला हिंसाका घटनाहरूमा कमी आउन सकेको छैन। महिला हिंसाको अन्त्यका लागि महिलाहरूलाई आर्थिक तथा सामाजिकरूपले सशक्त बनाउनुका साथै नीति निर्माणका हरेक तहमा महिलाहरूको समानुपातिक तथा प्रभावकारी सहभागिता अनिवार्य गरिनु पर्दछ। देश नयाँ संविधान निर्माणको चरणमा छ। महिला हिंसा उन्मूलनको लागि प्रभावकारी कानुनी संयन्त्रको संवैधानिक ग्यारेण्टीका लागि यो एउटा अवसर पनि हो। महिलाका सवालहरू सम्बोधन हुने गरी महिला मैत्री संविधान बनाउन आवाज उठाउनु आजको आवश्यकता हो।

–बिमलचन्द्र शर्मा

राजविराज नपा-१० डुमरी शिवयानकी २५ वर्षीय बुधनीदेवी रामलाई बहान पति महिनारायणले छुरा प्रहार गरी मार्ने प्रयास गरे पछि राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा उपचार गराउँदै।

कोचाबखारी गाविस-६ की २३ वर्षीया गीतादेवी साहलाई काका ससुरा रामचन्द्र साह र उनका छोरा अशोकले बाँसको भाटाले निर्घात कुटपिट गरी घाइते बनाए पछि सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरिँदै।

महिला मानवअधिकार रक्षकहरूको विरोध कार्यक्रम

नेपालगञ्जमा महिला हिंसा विरुद्ध दबाब दिनका लागि हस्ताक्षर अभियान

जनाएको छ ।

तर, बिडम्वना के रहेको छ भने संविधान र कानूनमा उल्लेख भएका अधिकारहरू व्यवहारिक कार्यान्वयनमा आउन सकेका छैनन् । घरेलु हिंसासम्वन्धी कानून बनेको एक वर्ष बितिसक्दा समेत त्यसको नियमावली आउन नसक्दा ऐनको कार्यान्वयन हुन सकेको छैन । त्यस्तै, सरकार र राजनीतिक दलहरूले आफ्ना नीति कार्यक्रम तथा घोषणापत्रमा महिला अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता गरेका छन् तर, तिनको कार्यान्वयनकालागि उनीहरूमा दृढ इच्छाशक्तिको भने अझै अभाव नै छ ।

न्याय प्राप्तीकालागि पीडितद्वारा उजुरी गर्ने क्रममा वृद्धि

सामाजिक इज्जत, प्रतिष्ठा तथा घरपरिवारको डरका कारण सकेसम्म महिलाहरू घरेलु हिंसाका घटनाहरू बाहिर ल्याउन चाहँदैनन् र अन्तिममा समाधानको कुनै विकल्प नभेटिएपछि मात्र यस्ता घटनाहरू सार्वजनिक हुने गरेका छन्। तर, घरेलु हिंसाका पीडकहरूले महिलाहरूको यही सहनशीलतालाई कमजोरीको रूपमा लिँदै पीडादायी व्यवहारहरू अझ बढाउँदै लैजान्छन्।

विगतको तुलनामा अहिले महिला हिंसाका घटनाहरूको उजुरी गर्ने क्रममा वृद्धि भएको छ । यस्ता घटनाहरू विरूद्ध राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, प्रहरी कार्यालयका महिला सेल, महिला तथा मानवअधिकार संस्थाहरू आदिमा पीडितहरूले निवेदन दिने गरेको पाइएको छ भने सम्बन्ध विच्छेद सम्बन्धी मुद्दाहरू जिल्ला अदालतमा पेश हुने गरेका छन् । ती सबै निकायहरूमा अघिल्लो वर्षको तुलनामा हरेक वर्ष महिला हिंसा विरुद्धका उजुरीहरू बढ्दै गएकोमा पनि उजुरी लिने निकाय धेरै भएकाले हरेक वर्ष कति उजुरीहरू पर्छन् भन्ने एकीन तथ्याङ्क छैन ।

उजुरीका आधारमा पक्राउ परेका पीडकहरू जमानत, धरौटी आदिमा छुट्ने गरेको र समय क्रममा सजायबाट उन्मुक्ति पाउँदै जाने अवस्था विद्यमान छ । यसका साथै कानून कार्यान्वयन गर्ने तहमा रहेका व्यक्तिहरूको पुरूषप्रधान सोचाइका कारण पनि महिलाका मुद्दाहरूलाई त्यति महत्वकासाथ हेर्ने गरिएको पाईँदैन । यस बाहेक जतिसुकै गम्भीर हिंसाका घटना लिएर जाने पीडित महिलाहरूलाई कानूनी उपचार भन्दा मेलमिलाप गराएर फर्काउने प्रचलनले कानूनी हकका निम्ति अघि बढ्न खोजेका महिलाहरू पछाडि फर्कनु परेको छ ।

हिंसा न्यूनिकरणमा सञ्चारमाध्यमको भूमिका

नकारात्मक सन्देश दिने किसिमका विषयवस्तु सञ्चार माध्यमबाट प्रसारण भयो भने त्यस्तै चरित्र बोकेका व्यक्तिहरूलाई उत्प्रेरणाको आधार बन्दछ । सञ्चार माध्यमले महिलाका सवालमा विषयवस्तुहरू प्रस्तुत गर्दा धेरै ध्यान पुऱ्याउनु जरूरी छ । महिलाका सवाललाई महत्व दिन थालेकाले नै महिला सफलताका कथाहरू, उत्प्रेरणा जगाउने विषयवस्तुकासाथै उनीहरूले भोग्न वाध्य भएका पीडा र दुःख आदिलाई समेत सञ्चार माध्यमले उचित स्थान दिँदै आएका छन् । एक पीडितले हिम्मत गरेर बाहिर ल्याएको आफ्नो पीडा र त्यसबाट प्राप्त भएको न्यायको बारेमा सञ्चार माध्यमद्वारा प्रचार प्रसार भयो भने त्यस्तै पीडा खेपिरहेकी अर्की महिलाले पनि न्यायको प्रक्रिया अवलम्वन गर्नुपर्ने रहेछ भन्ने जानकारी पाउन सक्छिन् । यसका साथै आफूले गरेको कर्तुत सञ्चार माध्यमबाट सार्वजनिक हुने भयका कारण पीडकको हिंसा गर्ने मनोबलमा क्रमशः ह्रास आउन सक्छ ।

पीडितको न्याय सुनिश्चित हुने र पीडक कारबाहीबाट उम्कन नपाउने किसिमले समाचार बनाउनु जरुरी छ । यसका साथै कतिपय संवेदनशील घटनामा पीडित महिलाका गोपनीयताका सवालहरूलाई पनि सञ्चार माध्यमले ख्याल गर्नुपर्छ । महिला हिंसा विरुद्धमा बनेका कानूनहरू बारेमा धेरैजसो महिला जानकार हुन सकेका छैनन् । कानून र प्रक्रियाका बारेमा अनभिज्ञता भएका कारणले नै पीडित महिलाहरूले कानूनी कारवाहीतर्फ ध्यान दिन सकेका हुँदैनन् । कानूनमा भएका व्यवस्था, उजुरीका प्रक्रिया, प्राप्त हुने कानूनी हक आदिका बारेमा सामग्रीहरू प्रसारण गरेर सञ्चारमाध्यमले चेतना जगाउन सक्दछन् । त्यस्तै पीडकलाई कानून अनुसारको कारवाही भएको छ कि छैन ? र नभएको स्थितिमा सम्बन्धित सरोकारवालाहरूलाई दवाव दिने काम पनि सञ्चार क्षेत्रले गर्नसक्छ ।

> **सामाजिक इज्जत, प्रतिष्ठा तथा घरपरिवारको डरका कारण सकेसम्म महिलाहरू घरेलु हिंसाका घटनाहरू बाहिर ल्याउन चाहँदैनन् र अन्तिममा समाधानको कुनै विकल्प नभेटिएपछि मात्र यस्ता घटनाहरू सार्वजनिक हुने गरेका छन् । तर, घरेलु हिंसाका पीडकहरूले महिलाहरूको यही सहनशीलतालाई कमजोरीको रूपमा लिँदै पीडादायी व्यवहारहरू अझ बढाउँदै लैजान्छन् ।**

निश्कर्ष तथा सुझाव

समाज विकासका लागि लैङ्गिक समानताको साथै देशका सबै नागरिकले सम्मानित भएर बाँच्ने अवस्था सुनिश्चित गरिनुपर्छ । महिला अधिकारलाई मानवअधिकारको रुपमा स्थापित गर्ने अभियानमा विगतको तुलनामा महत्वपूर्ण प्रगति भएपनि महिलाको ठूलो हिस्सा अझै पनि समानताबाट वञ्चित छ । नेपालको सन्दर्भमा महिला विरूद्धको हिंसा अन्त्यकालागि कानुनी मात्र नभएर सामाजिक र मनोवैज्ञानिक समस्याहरू पनि रहेका छन् । त्यसैले सामाजिक प्रणालीका साथै महिलाप्रति पुरूषको दृष्टिकोण र व्यवहारमा पनि सकारात्मक परिवर्तन ल्याउन आवश्यक छ । समाजमा व्याप्त हिंसाको अनुगमन गर्न र कानुनको प्रभावकारी कार्यान्वयनको लागि सरकारले गैरसरकारी सङ्घ संस्थासँग समन्वय गरी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्दछ । सामाजिक अपराधको रुपमा बढ्दै गएको लैङ्गिक हिंसाका घटनालाई नियन्त्रण गर्न कानुनमा व्यवस्था गरिएको सजाय मात्र पर्याप्त हुन सक्दैन यसको लागि नागरिक सचेत हुनु पनि त्यति नै जरूरी छ । सरकारले न्यून आर्थिक हैसियत भएका तथा असहाय महिलाहरूका हकमा निःशुल्क र सरल कानूनी उपचारको हकको व्यवस्था सरकारले मिलाउनु पर्छ ।

राष्ट्रिय मानवअधिकार आयोग, महिला आयोग तथा महिला अधिकारमा क्रियाशील संस्थाहरूले महिला हक र अधिकारको पालना भए नभएको बारेमा अनुगमन गर्ने कार्यलाई सशक्त बनाउनुको साथै कमी कमजोरी भेटिएमा त्यसको सुधारकालागि सरोकारवालको ध्यानाकर्षण गराउनु पनि जरुरी छ । समग्रमा महिला हिंसाको जरो राज्य, समाज, परिवार तथा हरेक व्यक्ति व्यक्तिको मानसिकतासम्म फैलिएको विषय भएकोले एक वा दुई कानून बनाएर मात्र यसको समाधान हुन सक्दैन, यसकालागि महिला हिंसा विरोधी अभियानमा लागेका सबै निकाय, संस्था, व्यक्तिलगायत सबै सचेत वर्गको सामूहिक प्रयत्न र प्रतिवद्धता आवश्यक छ ।

महिला विरूद्ध हुने हिंसा र निराकरणका उपाय

भावी संविधानमा महिला आयोगलाई संवैधानिक बनाउनु जरुरी छ । महिलाको आर्थिक सामाजिक अधिकारलाई मौलिक अधिकार उपचारात्मक व्यवस्था अर्न्तगत राखिनु उपयुक्त हुन्छ । महिला उपर हुने हिंसा विरूद्धको हक मौलिक अधिकारको रूपमा राख्न सकेमा महिला अधिकारको सम्मान गरेको ठहरिनेछ ।

सरस्वती मल्ल

हाम्रो समाज पितृसतात्मक सोचले ग्रसित छ। पुरूष प्रधान सोच र सामाजिक कुरीतिले गर्दा महिलाविरूद्ध हुने हिंसाले समाजमा जरो गाडेको छ। २१ औं शताब्दीमा आइपुग्दा पनि समाजमा महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिर्वतन आउन सकेको छैन। समाजमा अझैपनि महिलालाई एउटा कामदार, सहयोगी र उपभोग्य वस्तुको रूपमा मात्र हेर्ने गरिन्छ। दैनिक जसो सुनिने बलात्कारका घटना, दाइजोका कारण महिलामाथि हुने गरेको यातना अनि कथित बोक्सीको आरोपमा महिलामाथि गरिने दुर्व्यवहार, लैङ्गिक विभेदका घटना आदिले माथिका विषयलाई पुष्टि गरेको छ।

महिलामाथि हुने हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्यलाई बुझ्नुपर्छ, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ। धम्की, दवाव र जबरजस्ती जस्ता कुराले महिलाको स्वतन्त्रतामा बन्देज लगाउँछ। परिवारमा हुने कुटपिट, परिवार भित्रै बालबालिका माथि हुने यौन दुर्व्यवहार, दाइजो नल्याएकै कारण दिइने यातना तथा हत्या, बैबाहिक बलात्कार, बेचविखन, वेश्यावृत्ति, झुमा, छाउपडी प्रथा, जागिरबाट हटाउन धम्की दिने, सुविधा कटाउने, जागिर बढुवा तथा ग्रेड वृद्धि रोक्ने, मानसिक दवाव दिने समान काममा असमान ज्याला आदिलाई नै हिंसा भनेर बुझ्न सकिन्छ।

शिक्षा, रोजगारी तथा आर्थिक स्रोतमा महिलाको पहुँच नहुनु महिलामाथि हुने शोषण मुख्य कारक हो। हाम्रो समाजमा अहिले पनि परम्परागत सोचले प्रश्रय पाउँदै आएको छ। प्रभावकारी कानूनको अभाव, बनेका कानूनहरू पनि व्यवहारमा लागू नहुनु, असमान कानून अनि असमान संयन्त्रका कारणले पनि महिलामाथि हुने हिंसाका घटनालाई बढावा दिएका छन्। महिलामाथि भएका घटना प्रहरीसम्म पुग्दै पग्दैनन् पुगेपनि मिलापत्र गरिन्छ। पीडित महिलालाई लोभलालचमा पारेर मुद्दा फिर्ता लिन लगाउनु, डर त्रास र धम्की दिनु, नेपालको अदालती प्रक्रिया लामो र झण्झटिलो भएकाले पनि हत्तपत्त कानूनी प्रक्रिया नअपनाउनु आदि कारणले पनि महिला हिंसालाई प्रश्रय दिइरहेको छ।

बाँके रभेना गाविस-७ की १८ वर्षीया चाँदतारा सल्मानीलाई दाइजो नल्याएको आरोपमा ०६६ माघ २ गते पति मोहमली सल्मानीले मट्टितेल खनाई हत्या गर्न खोजेको भनी चादताराले ०६६ माघ ५ गते पतिका विरूद्ध इलाका प्रहरी कार्यालय कोहलपुरमा ज्यान मार्ने उद्योग सम्बन्धी किटानी जाहेरी दर्ता गराइन्। तीन वर्षअघि विवाह भएकी ती महिलालाई पतिले २५ हजार नगद र मोटरसाइकल दाइजो माग्दै आएको पीडित महिलाले बताएकी थिइन्। त्यस्तै दाइजो नल्याएकै भनी बाँके जिल्लाकी हासुन इद्रिसीलाई उनको श्रीमान लगायत घरपरिवारले जिउँदै जलाएर मार्ने प्रयास गरे। उनका श्रीमान अदालतको आदेशमा हाल जेलमा छन्।

बाँके बनकटुवा-५ की १९ वर्षीय अमृता विकले बनकटवा-५ का २२ वर्षीय लोकेन्द्रनाथ योगीसँग प्रेमविवाह गरेकी थिइन्। विवाह पश्चात उनलाई घरपस्न दिइएको छैन। हाल उनी माइती घरमा बस्दै आएकी छन्। उनको नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्र समेत घरपरिवारले कब्जामा लिएका छन्। उनलाई पटक-पटक ज्यानको धम्की दिदै आक्रमणको प्रयास भएको छ । यी माथिका घटनाहरुलाई हेर्दा पनि महिला माथि हुने हिंसाका घटनाहरुमा विविधिता छन् । एसिया फाउन्डेसन र साथी संस्थाको अध्ययनअनुसार नेपालका ९३ प्रतिशत महिला र बालबालिकाले मानसिक वा भावनात्मक यातना भोगेका छन्। ८२ प्रतिशत माथि कुटपिट भएको, ३० प्रतिशतले बलात्कार भोगेको, र २८ प्रतिशतलाई बेश्यावृति गर्न बाध्य पारिएको देखिएको छ। करिव ७७ प्रतिशत घटना परिवार भित्र भएका छन्। सन् २०१० लाई महिला हिंसा मुक्त वर्ष बनाउने घोषणा प्रधानमन्त्री माधवकुमार नेपालले गत वर्ष गरेको भएपनि २०१० को पहिलो दुई महिनामा पनि महिला हिंसाका धेरै घटनाहरू सार्वजनिक भए। इन्सेकले सन् २०१० को जनवरी र फेब्रुअरी महिनामा गरेको अध्ययनमा हत्याका १०, बलात्कारका २१, कथित बोक्सीको आरोपमा तीन जना र अन्य घरेलु हिंसा बाट १३ जना महिला पीडित भएको तथ्याङ्क सार्वजनिक भएको थियो।

लैङ्गिक आधारमा हुने हिंसा संसारभर नै एउटा प्रमुख मानवअधिकार हनन्को विषय बनेको छ। महिला विरूद्ध हुने विभिन्न प्रकारका हिंसाहरू मध्ये घरेलु हिंसा एक प्रमुख हिंसा हो। नेपाली समाजमा घरेलु हिंसालाई व्यक्तिगत वा घरायसी मामिलाको रूपमा लिई यो सामाजिक र बाहिरी हस्तक्षेप भन्दा टाढाको विषय हो भन्ने परम्परागत सोचाई विद्यमान भएकै कारण महिला विरुद्ध हुने हिंसा घट्नुको साटो बढ्ने क्रममा छ।

महिलाहरूको पक्षमा धेरै राम्रा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन कानुनहरू बनेका छन्। नेपाल अन्तरिम संविधान, २०६३ ले महिलाका अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरी अन्तर्राष्ट्रिय अधिकारको मापदण्डलाई आत्मसात गर्न फड्को नै मारेको छ। त्यस्तै घरेलु हिंसा कसुर र सजाय ऐन २०६६ महिला अधिकार तथा घरेलु हिंसाका विरुद्ध एक अग्रगामी कदम नै हो भन्दा अत्युक्ति नहोला।

भावी संविधानमा महिला आयोगलाई संवैधानिक बनाउनु जरुरी छ। महिलाको आर्थिक सामाजिक अधिकारलाई मौलिक अधिकार उपचारात्मक व्यवस्था अर्न्तगत राखिनु उपयुक्त हुन्छ । महिला उपर हुने हिंसा विरूद्धको हक मौलिक अधिकारको रूपमा राख्न सकेमा महिला अधिकारको सम्मान गरेको ठहरिनेछ।

महिलामाथि हुने हिंसा र नियति

शवनम शर्मा

कुनै पनि व्यक्तिलाई शारीरिक, मानसिक, यौनजन्य वा अन्य तरिकाले दुःख, पीडा, हानी नोक्सानी पुऱ्याउने कार्यलाई हिंसा भनिन्छ। महिलामाथिको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो। यसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ।

महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व अर्थात गर्भावस्थादेखि मृत्यु नहुञ्जेलको अवस्थासम्म महिला भएकै कारणले हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार, शोषण, शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। महिलालाई शारीरिक, मानसिक, यौनिकरुपमा आघात पुग्ने गरी सामाजिक लिङ्ग भेदका आधारमा गरिने सम्पूर्ण कार्यहरू वा डर, धाक, धम्की, ओहदाको प्रयोग गरी त्यस किसिमको आघात पुऱ्याउने काम वा व्यक्तिगत वा सामाजिक जीवनमा बलपूर्वक महिलाको स्वतन्त्रताको हनन् गरिन्छ भने त्यो महिला माथि हुने हिंसा हो। यसका अलावा मृत्यु पश्चात गरिने सांस्कृतिक कार्यमा भएको विभेद पनि यसभित्र पर्दछ।

घरेलु हिंसा :

महिला जन्मेको, परिवारका रुपमा बसेको र विवाह पश्चात बसोवास गर्ने घरभित्र उसका परिवारका सदस्यले गर्ने शारीरिक वा मानसिक, यौनिक वा अन्य प्रकारको महिलाको अधिकार र व्यक्तित्वलाई नकारात्मक पार्ने गरी गरिने व्यवहारहरू घरेलु हिंसाभित्र पर्दछन्। घरेलु हिंसाभित्र शारीरिक, सामाजिक, मानसिक, यौनिक हिंसाहरू पर्दछन्। यस्ता हिंसाभित्र कुटपिट, वैवाहिक बलात्कार, यौन दुर्व्यवहार, बहुविवाह, बोक्सीको आरोप तथा सजाय, चरित्र हत्या, घरबाट निकाला, खान लाउनबाट वञ्चित गरिनु, गालीगलौज गर्नु, एसिड खन्याउनु, दाइजोका कारण हुने दुर्व्यवहार वा यातना, भावनात्मक चोट पुऱ्याउने आदि कार्यहरू पर्दछन्।

सामाजिक हिंसा :

पारिवारिक नाताका मानिस बाहेक महिला रहने, बस्ने गरेको समाजका पक्षबाट हुने हिंसालाई सामाजिक हिंसाको परिभाषामा समेटिएको छ। यस भित्र बोक्सीको आरोप, चरित्रमाथि आरोप, छुवाछूत, कुटपिट,गालीगलौज, एसिड खन्याउने, दाइजोको कारणबाट हुने दुर्व्यवहार वा यातना सामुहिक बलात्कार, यौन शोषण, कामको दौरानमा गरिने श्रमशोषण, यौनशोषण, शैक्षिक संस्थाहरूमा गरिने यौन दुरूत्साहन वा दुर्व्यवहारलगायत मानवबेचविखन र बाध्यात्मक वेश्यावृत्ति वा यस्तै प्रकारका अन्य शारीरिक तथा मानसिक असर पुऱ्याउने घटनाहरू पर्दछन्।

यौनिक हिंसा :

महिलाको यौनजन्य अङ्ग तथा अन्य संवेदनशील अङ्गसँग सम्बन्धित दुर्व्यवहार र उत्पीडनलाई यौनिक हिंसा अन्तर्गत समेटिएको छ। यसभित्र महिलाको इच्छाविरूद्ध जबरजस्ती यौन अङ्ग तथा अन्य संवेदनशील अङ्ग छुने वा हात समाउने वा नजिक आउने, मानवबेचविखन, जबरजस्ती वेश्यावृत्तिमा लगाउनु, अश्लील चित्र, दृश्य वा फिल्म देखाउनु वा जबरजस्ती यस्ता चित्र, दृश्य वा फिल्म खिच्नु आदि यौनिक हिंसाभित्र पर्दछन्। बलात्कार पनि यौनहिंसा अन्तर्गत पर्दछ। यसमा बलात्कारको प्रयास, सामूहिक बलात्कार र सामूहिक बलात्कारका प्रयासलाई लिन सकिन्छ।

सांस्कृतिक हिंसा : झुमा, देउकी, वादी, बोक्सी, बालविवाह, बहुविवाह, सुत्केरी, रजस्वलाको समयमा गरिने छुवाछुतको व्यवहार आदि व्यवहारलाई साँस्कृतिक हिंसा भनिन्छ।

शारीरिक हिंसा : कुटपिट, जबरजस्ती गर्भपतन गर्न लगाउनु, महिलालाई कामको बोझ थपेर दुःख दिनु जस्ता कार्य शारीरिक हिंसा अन्तर्गत पर्दछन्।

मानसिक हिंसा : महिलालाई भेदभाव गरिने, गालीगलौज गर्ने, अपशब्द बोल्ने, धम्क्याउने, अरूका अगाडि होच्याउने, हेला, तिरस्कार गर्ने, इच्छाविपरीत काम गर्न दवाव दिने, दुर्व्यवहार आदि कार्य मानसिक हिंसा अन्तर्गत पर्दछन् ।

महिलाहरू जति नै सक्षम भए पनि उनीहरूको चरित्र हत्या गर्ने गरिन्छ। ढुङ्गा, गिटी कुट्ने, बालुवा बोक्ने, घरेलु कामदार, कुल्ली काम गर्ने वा अफिसमा काम गर्ने महिलाहरू बढी यसप्रकारको हिंसाको शिकार भएको पाइन्छ। हाम्रो समाजमा पढेलेखेका पुरूषहरू, सामाजिक प्रतिष्ठाका खोल ओढेका, ठूलाबडा भनाउँदाहरू नै महिलाहरू माथि हुने हिंसाका घटनामा दोषी छन्।

कानूनको अनभिज्ञता, सन्तानको मायामोह, आदि कारणले गर्दा पनि महिला निर्वल अथवा सहेर बस्नुपर्ने मान्यतामा पुगेकी हुन्छे। यसै भोलापनको फाइदा उठाएर महिलामाथि हिंसाको पहाड चुलिंदै जान्छ। सामाजिक परिवेशले पनि महिलाको पूरै पाटाहरू, उसले गरेको बलिदानलाई अझ सहेर बस्नुपर्ने निष्कर्ष निकाल्छ। घरमा भएका नराम्रा हिंसाहरूलाई बाहिर निकालेमा घरको प्रतिष्ठा, इज्जत रहँदैन भन्ने खोक्रो आडम्बरको सिहांसनमा राखिन्छ।

घरेलु हिंसा कसुर र सजाय ऐन पारित भइसकेको अवस्थामा ती ऐन नियमहरू सबै किताबको पानामा नै सीमित रहेका छन्। अधिकारविहीनहरूको पहुँचसम्म यस्ता ऐन, नियम, कानून कत्तिको पुग्न सकेको छ त ? भन्ने कुराहरूले महिला हिंसाको बारेमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। हिंसाको चरमरुपमा पुग्दा पनि प्रायः जसो महिलाहरू इज्जतको डरले, घरपरिवारको प्रतिष्ठाको डरले यर्थाथता लुकाएर नै राख्छन्। यसमा श्रीमानले मट्टितेल खन्याएर यातना पाएकी समीक्षा किन नहोस्, श्रीमानले मरणासन्न हुनेगरी कुटपिट गरी घरको दलिनमा हातखुट्टा बाँधेर कोठामा ढोका थुनेर राखिएको ममता नै किन नहोस्, कालिकालाई बोक्सी लागेको वाहानामा श्रीमानलगायत घरका सासू, ससुरा, धामी, झाँक्रीले दिएको यातना, कुटपिट नै किन नहोस्, वा विदेश गएको श्रीमानसँग आफ्नो शारीरिक पीडाका कारण यौन सम्वन्ध राख्न नसकेकी पार्वती नै किन नहोस्। यिनीहरूले भोग्नु परेको नियतिका बारेमा हामीले जति पाना भरेपनि ती पीडाहरूमा मल्हमपट्टी गर्न सक्दैनौं।

आफ्नो पीडा आफैँसँग रहन्छ त्यसमा पनि घरपरिवार, समाज र राज्यबाट पनि महिलाहरूलाई सधैँ पाखा पारिएका कारण अझ चिन्ता थपिएको छ। हुन त हाम्रो देशमा घरेलु हिंसा सम्बन्धी कानून पनि पारित भइसकेको छ। समाचारमा हरेक जसो जोडिने मानवअधिकार र महिला अधिकारवादी सङ्घ संस्थाहरूलाई समेत जोडेर के गरिरहेका छन् र के हेरिरहेका छन् सङ्घसंस्थाहरू भनेर आलोचना पनि हुने गरेको छ।

महिलाले भोगेका हिंसा, पीडा, दुःख र भावनाहरूलाई शब्दहरूमा वर्णन गर्न कहिल्यै सकिंदैन। कतिपय अवस्थाहरूमा साससम्म फेरेमा पनि बारम्बार हिंसा थप्नु गरेको पीडा होस् वा पानी खान मनलाग्दा समेत नखाइकन सुतेको अवस्था, भोक लाग्दा खान नपाएका ती क्षण र पलहरूलाई कसरी हामीले शब्दमा वर्णन गर्न सक्छौं। यर्थाथमा भन्ने हो भने प्रत्येक महिलामा हिंसा नभएको कुनै त्यस्तो पल हुँदैन। फरक यति मात्र हो कसैले अति भएपछि मौनताको संस्कृतिलाई तोडेर बोल्ने काम गर्छन् त कसैले आफैँ भित्र गुम्साएर उकुस मुकुस बनाउँछन् र विष्फोटन स्वरूप आत्महत्या समेत गर्ने गर्दछन्।

नेपाल सरकारले सन् २०१० लाई लैङ्गिक हिंसा विरूद्धको वर्ष भनेर घोषणा समेत गरिसकेको छ। महिलाका बारेमा काम गर्दा गोपनीयतालाई सर्वप्रथम ध्यान दिन आवश्यक छ भन्ने कुराहरू बुझ्न जरूरी छ। सन्धि, अभिसन्धि, कानून, ऐन, नियम आदिमा जे लेखिएको भएतापनि व्यवहारिकता बुझेर गरेको न्यायले वास्तविक पीडित केन्द्रित न्यायलाई कतिको छुन सकेको छ त ? भन्ने कुराहरूले पनि महिलाको गोपनीयताको हकलाई संरक्षण गरेको हुन्छ। समस्या आफैँ भित्र हुन्छ र समाधान समेत आफैँ भित्र नै रहन्छ भन्ने कुरा जबसम्म महिलाहरूले बुझ्दैनन् तबसम्म हिंसाको अन्त्य कहिल्यै हुन सक्दैन। कतिपय अवस्थामा महिलाको बारेमा बोली दिएमा र उनीहरूको पीडा कम गर्नको लागि हौसला दिएर र परामर्श दिएमा पनि आधा पीडा कम हुने गर्दछ। महिलाको विश्वास जित्नु सबैभन्दा महत्वपूर्ण हुन्छ।

सुर्खेत र बर्दिया जिल्लाको सीमानामा पर्ने बाँसपानी कालीकास्थान (बर्दिया राष्ट्रिय निकुञ्ज) मा नेपाली सेना र वनरक्षकहरूद्वारा एक बालिका र दुई महिलाको गोली हानी हत्या गरिएको घटनाको सम्बन्धमा तयार पारिएको स्थलगत अध्ययन प्रतिवेदन

सारांश

सुर्खेत जिल्लाको हरिहरपुर गाविस र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रको सीमानामा पर्ने बाँसपानी कालीकास्थानको जङ्गलमा काउलो (एक किसिमको जडीबुटी) काट्न गएका एक बालिका र दुईजना महिलालाई चोरी शिकारीको आरोपमा वनरक्षक र नेपाली सेनाको टोलीले गोली हानी हत्या गऱ्यो । घटना विवरण अनुसार हरिहरपुर गाविस-२ कप्सेरीका ४६ वर्षीय बलदेव गिरी उनका छोरा १५ वर्षीय भक्तराज गिरी दुर्गा भनिने ३० वर्षीय रत्नबहादुर विक र कृष्ण भनिने ४२ वर्षीय तुलबहादुर विक ०६६ फागुन २३ गते बाँसपानी कालीकास्थानमा काउलो काट्न गएका थिए । उनीहरूले काटेर थुपारेको काउलो लिन ०६६ फागुन २६ गते बलदेवका छोरी १२ वर्षीया भूमिसरा गिरी, रत्न विकको पत्नी २८ वर्षीया अमृता विक तथा तुलबहादुरका पत्नी ३९ वर्षीया देवीसरा विक र छोरी १२ वर्षीया चन्द्रा विक पनि त्यस स्थानमा पुगेका थिए । काउलो लिन चारजना महिला बाँसपानीमा पुगेकै दिन बर्दिया राष्ट्रिय निकुञ्जका चारजना वनरक्षक (गेम स्काउट) र सोही निकुञ्जको सुरक्षार्थ खटिएका ज्वाला दल गणका १७ जना नेपाली सेनाको टोली बाँसपानी कालिकास्थानमा पुगेको र सेनाको टोलीको नेतृत्व कुँवर थरका सेनाका लेफ्टीनेण्टले गरेको बताइयो । काउलो टिप्न गएका गाउँलेहरू सुत्ने तयारी गरिरहेको समयमा नेपाली सेना र वन रक्षकको टोलीले करिब पाँच मिटर माथि ढीकबाट रातिको करिब पौने नौ बजे मुढा फ्याँकेको र लगत्तै सो टोलीले टर्चलाईट बालेर 'भागिस् भने मर्छस' भन्दै हवाई फायरिङ गरेको पाइयो । चारपटक सम्मको हवाई फायरिङपछि रत्न, बलदेव, भक्तराज, भूमिसरा र तुलबहादुर भागेर ज्यान जोगाउन सफल भएका थिए । देवीसरा, चन्द्रा र अमृता भने गोलीको आवाज सुनेर भाग्न नसकी बास बसेको स्थानको ओढारको ढुङ्गामा लुके । टर्चलाईट बाल्दै वनरक्षक र सेनाको टोली ती महिलाहरू लुकेको स्थानमा आइपुगेको र सेना र वनरक्षकको टोलीले उनीहरूलाई घेराहाली नियन्त्रणमा लिएर हत्या गरेको पाइयो । १२ वर्षीया चन्द्रा विकको प्रत्यक्ष चित्कार सुनेको भनिएका रत्न विकको भनाइ, घटनास्थलमा मृतक बालिका र महिलाहरूको भित्री कपडाहरू छरपस्ट अवस्थामा पाइनु, ती कपडाहरूमा रगत र दिसा लागेको देखिनु आदिले हत्याको घटना रहस्यात्मक देखिन गएको छ । घटनास्थलमा एक कालो रङ्गको कुकुर समेत मृत अवस्थामा फेला पऱ्यो । आधा घण्टासम्म घटनास्थल नजिकैको झाडीमा लुकेर बसेका रत्न विकका अनुसार छोरीको कहालीलाग्दो चित्कार सुनेर तुलबहादुर घटनास्थलमा फर्किने क्रममा सेनाले उनलाई नियन्त्रणमा लिएपनि ती महिलाहरूको मात्र हत्या गरिएको थियो । नेपाल सरकारद्वारा राष्ट्रिय निकुञ्जको रुपमा संरक्षित गरिएको सो क्षेत्रमा अवैधरुपमा प्रवेश गरी सोही स्थानमा बास बस्नु गैरकानुनी क्रियाकलाप भएपनि सामूहिक रुपमा गएको सेनाको शक्ति हेर्दा गोली प्रहार गरी हत्या नै गर्नुपर्ने अवस्था भने नरहेको देखिन्छ । त्यसमा पनि भागेकाहरूमाथि नभइ लुकेर बसेका निहत्था बालिका र महिलाहरूमाथि गोली प्रहार गरिनुले सेनाले शक्तिको दुरुपयोग गरी गैरन्यायिक हत्या गरेको पाइयो ।

पृष्ठभूमि

मध्यपश्चिमाञ्चलको सदरमुकाम सुर्खेतको हरिहरपुर गाविस-२ र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रको सिमानामा पर्ने (राष्ट्रिय निकुञ्ज घोषणा हुनुपुर्व बर्दिया जिल्लाको सानोश्री गाविस-१) बाँसपानी कालिकास्थानमा नेपाली सेना र वनरक्षकहरूको टोलीले चोरी शिकारी गर्न आएको आरोपमा एक बालिका सहित दुईजना महिलालाई गोली प्रहार गरी रहस्यमय हत्या तथा तुलबहादुर विकलाई नियन्त्रणमा लिएको भन्ने घटनाको सम्बन्धमा सत्यतथ्य जानकारी हासिल गर्ने उद्देश्यले इन्सेक सुर्खेतका जिल्ला प्रतिनिधि दुर्गा थापा र एड्भोकेसी फोरम सुर्खेतका तेजबहादुर बोहराको टोली ०६६ फागुन २८ गते स्थलगत अनुगमनका लागि घटनास्थल पुगेको थियो । टोलीले ०६६ फागुन २८ र २९ गते घटनाको अध्ययन गरी विवरण लिने कार्य गऱ्यो । अनुगमनको क्रममा टोलीले घटनाका प्रत्यक्षदर्शी, घटनामा भागेर ज्यान जोगाएका व्यक्तिहरू, मृतक तथा घाइतेका परिवार, आफन्तहरू, स्थानीय राजनीतिक दल, नागरिक समाज, समाजिक सङ्घ-संस्थाका प्रतिनिधिहरू, सुरक्षा निकाय, स्थानीय प्रशासन र स्थानीयवासीहरूसँग समेत घटनाका बारेमा सोधपुछ र छलफल गरी घटना विवरण सङ्कलन गरेको थियो । टोलीसँगै हरिहरपुर गाविस-२ र ३ का ३८ जना गाउँलेहरू समेत घटनास्थलमा पुगेका थिए । टोलीले मृतक तथा घाइते परिवारको घरमा समेत पुगेर जानकारी लिएको छ ।

अनुगमनको उद्देश्य :

स्थानीय गाउँलेले सङ्कलन गरी घटनास्थल नजिकै सुकाउन राखिएको काउलोको बोक्रा

घटनाको स्थलगत अनुगमन गरी यथार्थ जानकारी हासिल गर्ने ।

तथ्य सङ्कलन विधि :

घटनाको बारेमा प्रकाशित सामग्रीहरूको अध्ययन ।

घटनाको बारेमा प्रारम्भिक तथ्यहरूको सङ्कलन ।

घटनास्थलको स्थलगत अनुगमन ।

घटनाका प्रत्यक्षदर्शी र घटनामा भागेर ज्यान बचाएकाहरूसँग प्रत्यक्ष भेटघाट गरी घटनाको विवरण सङ्कलन ।

स्थानीय नागरिक समाज, शिक्षक, अधिकारकर्मी, सुरक्षा निकाय, राजनीतिक दल, पीडित परिवार र गाउँलेसँग छलफल तथा सोधपुछ गरी घटनाको विवरण सङ्कलन ।

घटनाको सङ्क्षिप्त विवरण

घटना मिति – ०६६ फागुन २६ गते

घटना अनुगमन मिति - ०६६ फागुन २८ र २९ गते

घटना समय– राति करिब ८.४५ बजे

घटनास्थान– सुर्खेतको हरिहरपुर गाविस-२ र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रको सीमानामा पर्ने बाँसपानी कालीकास्थान ।

पीडक– नेपाली सेना र वनरक्षक

पीडित– सुर्खेतको हरिहरपुर गाविस-२ का तुलबहादुर विक र मृतकहरू देवीसरा विक, अमृता विक र चन्द्रा विक ।

घटना विवरण

हरिहरपुर गाविस-२ कप्सेरीका बलदेव गिरी, उनका छोरा भक्तराज गिरी, रत्नबहादुर विक, तुलबहादुर विक ०६६ फागुन २३ गतेदेखि काउलो काट्न बाँसपानी कालीकास्थानको जङ्गल क्षेत्रमा बास बसेको पाइयो । उनीहरूले काटेको काउलो लिन ०६६ फागुन २६ गते साँझ तुलबहादुरको पत्नी देवीसरा, छोरी चन्द्रकला, रत्नबहादुरको पत्नी अमृता र बलदेवको छोरी भूमिसरा साँझ ६ बजेको समयमा बाँसपानी पुगेकै दिन त्यस क्षेत्रमा वनरक्षक र सेनाको टोली पुगेको पाइयो । सुरक्षाकर्मीको टोली सो क्षेत्रमा पुग्दा उनीहरू सुत्ने तयारी गर्दै गरेको र सोही समयमा टोलीले उनीहरू बसेको स्थानमा मुढा फुँयाकी टर्चलाईट बालेर 'भागिस भने मर्छस्' भन्ने आदेश दिँदै हवाई फायरिङ्ग गरेको थियो । सेनाको फायरिङ्गपछि बलदेव, भूमिसरा, भक्तराज, रत्न र तुलबहादुर सो स्थानबाट भाग्न सफल भएको र देवीसरा चन्द्रकला र अमृता भाग्न नसकी ओढारमा लुकेको पाइयो । सेना र वनरक्षकहरूको टोलीले देवीसरा, चन्द्रकला र अमृतालाई लुकेको स्थानबाट नियन्त्रणमा लिई रहस्यात्मक तरिकाले हत्या गरेको पाइयो ।

घटनामा मारिएका महिलाहरू

घटना स्थलको विवरण :

घटनास्थलमा अमृता विकले लगाएको कुर्ता सुरुवाल, चन्द्रकला विकको भित्री कपडा देवीसराको पेटिकोट र अन्य कपडाहरू छरिएको अवस्थामा पाइयो । करिब १० जनाको सङ्ख्यामा सुत्न मिल्ने ओढारमा काउलोले भरिएको बोरा रगतले लतपतिएको अवस्थामा थियो । घटनास्थलदेखि ५० मिटर पूर्व दक्षिणमा झण्डै दुई क्विन्टल काउलोको बोक्रा सुकाएको अवस्थामा थियो भने उत्तरपश्चिमतर्फको डाँडामा उनीहरूको ओढ्ने ओछ्याउने कपडा जलाइएको अवस्थामा पाइयो । सीमारेखादेखि दक्षिणतर्फको पानी ढल निकुञ्ज क्षेत्रमा र उत्तरतर्फको पानी ढल सुर्खेतको सीमानामा पर्ने सो स्थान हरिहरपुर गाविस-१, २ र ३ का जनताको घाँस दाउरा गर्ने, गौचरन र पानीको मुहान समेत भएकाले बाँसपानीमा मानिसहरू ओहोरदोहोर गर्ने सिमारेखादेखि १० मिटर तल मात्र निकुञ्जको क्षेत्रमा सो घटना भएको पाइयो ।

प्रत्यक्षदर्शी तथा घटनाबाट भागेकाहरू र अन्य सरोकारवालारुको भनाइ :

रत्नबहादुर विक, (प्रत्यक्षदर्शी, मृतक अमृता विकको पति) : चारजना महिला थपिएका कारण मैले सुत्ने ठाउँ बनाउँदै थिए । पौने नौ बजेको हुँदो हो । हामी बसेको स्थानभन्दा करिब दश मिटर उत्तरतर्फको ढिकबाट सेना र वनरक्षकहरूले मुढा फालेको आवाज आयो । त्यति नै बेला सेनाले टर्च बालेर 'भागिस् भने मर्छस्' भने साथै फायरिङ् पनि गरे । चारपटकसम्म फायरिङ् गरेको आवाज सुनियो । त्यसपछि म दक्षिण पुर्वको जङ्गलतिर भागें । अरु कता भागे थाहा भएन । मेरी पत्नी अमृता, भाउजु देवीसरा र चन्द्रकला भाग्न सकेनन् । उनीहरू ओढारतिर लुकेका हुन सक्छन् । सेनाले पिछा नगरेको थाहापाई म घटनास्थलदेखि करिब १ सय ५० मिटर टाढा दक्षिण पश्चिम तर्फको झाडीमा आधा घण्टासम्म लुकेर बसें । त्यतिखेर चन्द्रा 'ऐआ बाबा मरें, ऐया आमा मरें बाबा मलाई बचाउ' भनेर चिच्याईरहेकी थिईन् । सायद छोरीको त्यो आवाज सुनेर बुबा तुलबहादुर फर्कंदा उनी सेनाको नियन्त्रणमा परेका हुन सक्छन् । हामी त्यहाँ शिकार गर्न गएका थिएनौं हामीसँग काउलोको बोक्रा तास्ने वञ्चरो बसुला र हँसिया बाहेक कुनै हतियार पनि थिएन । महिलाहरूसँग त झन् हतियार हुने कुरै भएन न त उनीहरू हतियार चलाउन जान्दथे भन्ने कुरालाई कसैले विश्वास गर्न सक्छ । जाउलोको लागि काउलो काट्न जाँदा पत्नी गुमाउनु पऱ्यो । गरीब परिवारमाथि सेनाले थप पीडा थपिदियो । भाग्नेक्रममा हामीहरू सबैजना सामान्यरुपमा घाइते मात्र भएनौं जीवनभरको पीडा पनि थपियो ।

वलदेब गिरी, (घटनास्थलबाट भागेर ज्यान जोगाएका व्यक्ति) : खाना खाइसकेर म निदाइसकेको थिएँ । गोलीको आवाज सुन्नासाथ म उठेर भागें । को कतातिर भागे म कता गएँ थाहा छैन । रातिको २ बजेमात्र म घरमा आइपुगेको थिएँ ।

भक्तराज गिरी, (घटनास्थालबाट भागेर ज्यान जोगाएका व्यक्ति) : गोलीको आवाज सुन्नसाथ म दक्षिणतर्फको जङ्गलतिर भागें । त्यसपछि म पूर्वतर्फ भाग्दै थिएँ । बहिनी (भूमिसरा)लाई फेला पारें । बुबा मरे होलान् बहिनी हामी छिटो भागौं भन्दै बहिनीलाई अगाडि लगाएर जङ्गलको बाटो हुँदै घर नजिक

आईपुग्यौं । हामी शिकारी होइनौं हतियार पनि थिएन । सेनाले अनाहकमा गलत प्रचार-प्रसार गरेर हामी जस्ता गरीबलाई शिकारी बनाउन खोजिरहेको छ ।

एसबहादुर दर्लामी (स्थानीय शिक्षक) : हतियार बोकेका चोरी शिकारीलाई पनि गोली हान्ने अधिकार कसैलाई छैन । नियन्त्रणमा लिने प्रयास गर्नुपर्दछ । यस घटनामा दोहोरो भिडन्त भएको पनि होइन । उनीहरू शिकारी पनि होइनन् । जाउलोको लागि काउलो काट्न गएका गरीब परिवार हुन् । निहत्था महिलाहरूसँग हतियार हुने कुरा पनि भएन नत उनीहरूले हतियार चलाउन जान्दछन् भन्ने कुरामा विश्वास गर्न सकिन्छ । सुनियोजित तवरले सेनाले पुरुषहरूलाई हवाई फायर गरेर भगाएपछि सामुहिक बलात्कार गरेर गोली हानी हत्या गरेको घटना हो । घटनास्थलको प्रकृतिले पनि यो कुराको पुष्टि गरेको छ ।

तुलादेव भारती, (सभापति नेकाँ हरिहरपुर गाँउ कमिटी) : निहत्था महिलाहरूलाई बलात्कारपछि अचेत अवस्थामा पुऱ्याएर गोली हानी हत्या गरेको घटना हो यो । नाबालिका चन्द्रकलालाई बलात्कार गर्दा गर्दै उनको मृत्यु भएपछि पोल खुल्ने डरले देवीसरा र अमृतालाई दोहोरो भिडन्तको नाममा गोली हानी हत्या गरेका हुन् । उनीहरू शिकारी हुन् भनेर हामीले मात्र होइन कसैले पत्याउन सक्दैन ।

भोला खत्री, (शिक्षक) : नियन्त्रणमा लिइसकेपछि महिलाहरूलाई यसरी हत्या गर्नुको पछाडि बलात्कारको घटना लुकाउनु बाहेक केही कारण हुनै सक्दैन । तेलपानीको बाटो हुँदै उनीहरूको शव लगेको र बाटोभरि आलो रगतका थोपाहरू पाइनुले २७ गते दिउँसो मात्र दुई महिलाको गोली हानी हत्या गरिएको हुनसक्छ । नाबालिकाको भने बलात्कार गर्दा गर्दै मृत्यु भएको हो । जहाँसम्म सेनाले तीनजना महिलालाई भरुवा बन्दुक भिराएर फोटो खिचेको कुरा सार्वजनिक गरेको छ, त्यो सरासर झुठो हो । हत्यारालाई कडा भन्दा कडा कारवाही गरिनुपर्छ ।

नमराज कोइराला, (सामाजिक कार्यकर्ता) : पुरुषहरूलाई भगाइसकेपछि नियन्त्रणमा लिइएका महिलाहरू शिकारी भए कारवाही नगरेर किन हत्या गरियो ? यसबाट नै प्रष्ट छ यो बलात्कारपछिको हत्या हो । पीडकलाई कारबाही र पीडितलाई उचित क्षतिपूर्ति दिइनुपर्छ र यो घटनाको जिम्मा बर्दिया राष्ट्रिय निकुञ्ज र सरकारले समेत लिनुपर्छ ।

जनक दर्लामी, (एमाले कार्यकर्ता) : घटनास्थलको अवलोकन गर्दा महिलाहरूलाई त्यहाँ मारिएको होइन । सञ्चार माध्यममा प्रचार गरिएअनुसार तीननाल बन्दुक भेटिएको भन्ने सरासर गलत हो । पीडकलाई कारबाही र पीडितलाई उचित क्षतिपूर्ति नदिएसम्म हामी हरिहरपुरवासी आन्दोलन गर्न समेत तयार छौं । सेना र वनरक्षकहरूको टोलीले नाबालिका चन्दकलालाई बलात्कार गर्दागर्दै र पोल खुल्ने डरले अन्य दुई महिलालाई भोलिपल्ट गोली हानी हत्या गरेका हुन् ।

एकराज गिरी, (स्थानीय कार्यकर्ता नेकाँ): पीडितलाई उचित क्षतिपूर्ति र पीडकलाई हदैसम्म कारबाही गरिनुपर्छ । घरमा एकछाक खाना नहुनेसँग बन्दुक हुन्छ भनेर पत्याउनै नसक्ने कुरा गर्न सेनालाई लाज लाग्नुपर्ने हो ।

धनसरी कार्की, (शिक्षिका): निर्दोष महिलाहरूलाई सेनाले झुठो आरोपमा हत्या गरेको घटना हो यो । यस्तो अकल्पनीय घटनाबाट यहाँका सबैजना महिलाहरूमा त्रास पनि छाएको छ । घटनाको सत्यतथ्य छानबिन गरी हत्यामा संलग्नहरूलाई कारबाही हुनुपर्दछ ।

सूर्यबहादुर डाँगी, (स्थानीय कार्यकर्ता एकीकृत माओवादीका) : पानीघाट र गौचरन भएको स्थानमा वास बसेका गरीब परिवारलाई हत्या गरिएको यस घटनाको जिम्मा सेनाको उच्च तहका कमाण्डर र सरकारले लिनुपर्छ । यसका लागि हरिहरपुरवासीले मात्र होइन सबै राजनीतिक दलहरूले समेत दबाब दिनुपर्छ ।

नवराज विक, (शिक्षक) : शिकारीलाई होइन निहत्था महिलाहरूलाई वनरक्षक र सेनाको टोलीले पासविक तवरले हत्या गरेको घटना हो यो । मजदुरी गर्न गएकालाई चोरी शिकारी गर्न आएको भन्नु सेनालाई लाज लाग्नुपर्ने हो । यस घटनाको सत्यतथ्य बाहिर आउनु पर्दछ र दोषीलाई हदैसम्मको कारबाही हुनुपर्दछ ।

अनिपाल विष्ट, (स्थानीय कार्यकर्ता, एकीकृत माओवादी) : निर्दोष महिलाहरूलाई बलात्कारपछि हत्या गरेर शिकारी भन्ने सबुत प्रमाण सेनाले देखाउन सक्छ भने हामी पनि मजदुरी गर्न गएका महिलाहरूलाई बलात्कार पछि हत्या गरेका हुन् भनेर देखाउन सक्छौं । यो शिकारीमाथिको आक्रमण होइन निहत्था गरीब जनताको हत्या हो ।

बलबहादुर महतरा, (समाजसेवी) : कहिल्यै बन्दुक समेत नदेखेका महिलाहरूलाई शिकारीको आरोपमा मार्नुको पछाडि बलात्कार भन्दा अरु केही कारण हुनै सक्दैन । । यसको जिम्मा बर्दिया राष्ट्रिय निकुञ्ज, सो निकुञ्जको रेखदेख गर्ने जिम्मा पाएको ज्वाला दल गण, गणपति प्रकाश देउजा र गस्तीमा खटिएका वनरक्षक र सेनाको टोलीले लिनुपर्छ । उनीहरूलाई कडा कारवाही गर्नेतर्फ सरकारले तत्काल कदम चाल्नुपर्छ ।

कुलबहादुर विक, (मृतक देवीसराको ससुरा) : घरको खेतीपातीले मुस्किलले महिना दिन खाना खान पुग्छ । मजदुरी नगरे हातमुख जुर्दैन । अहिले पनि घरमा एकगेडो अन्न छैन । प्रति केजी २३ रुपिँया पर्ने काउलो खोज्न गएका बुहारीलाई सेनाले मारिदिए । छोरा तुलबहादुरलाई पनि नियन्त्रणमा राखेका छन् । पाँचजनाको परिवार अहिले शोकमा मात्र छैनौं भोकको सामना पनि गरिरहेका छौं । सेनाले, हामी जस्तो गरीब परिवारको यो बिच्चली पारिदियो । ज्यान त गइसक्यो त्यो फर्केर आउँदैन । सेनाको नियन्त्रणमा राखिएको छोरालाई बिना सर्त तत्काल निकाल्ने प्रयास गरिदिनुहोस्, बाबु ।

नन्द भण्डारी, (अधिवक्ता) : आरक्ष भित्र हतियार लिई चोरी शिकारी गर्न गएका शिकारीहरूलाई समेत गोली हान्ने आदेश छैन । शुरुमा आत्मसर्मपण गर्न लगाउने हो ।

घटनास्थलमा मृतकका कपडाहरु

आत्मसर्मपण गर्न नमानेर भाग्न खोजेमा मात्र घुँडादेखि मुनिको भागमा लाग्ने गरी आरक्षको सुरक्षाको लागि खटिएका सेना तथा वनरक्षकहरूले गोली चलाउन सक्छन् । दोहोरो हानाहान भएको कुरा बेग्लै हो । तर यस घटनामा न उनीहरू शिकारी हुन् नत उनीहरूसँग हतियार नै थियो । शिकारी र हतियार नै भएको भएपनि यसरी मार्न मिल्दैन । सेनाले सरासर कानुनको ठाडो उल्लङ्घन गरी निहत्था महिलाहरूको हत्या गरेको यस घटना अपराधिक घटना हो ।

टिकाराम अधिकारी, (वार्डेन प्रमुख बर्दिया राष्ट्रिय निकुञ्ज) : १७ नाल बन्दुक सहितका शिकारीहरू बर्दिया राष्ट्रिय निकुञ्ज भित्रको पुरणपुरमा डेरा जमाएर बसेको खबर आयो । सो खबर पछि चार जना वनरक्षक र १७ जना नेपाली सेनाको टोली ०६६ फागुन २५ गते त्यसतर्फ गए । त्यही दिन बसाह भन्ने स्थानमा पुगे र उनीहरू त्यहीँ बसे । २६ गते राति ८ बजे बाँसपानी पुगे । मृतक महिलाहरू र उनका परिवारहरूले डेरा जमाई बसेको स्थान देखे । शुरुमा उनीहरूले नै ल्याएको कुकुरले झम्टिएका कारण सेना र वनरक्षकको टोली उनीहरू बसेको स्थानसम्म जान सकेनन् । घेरा हालिसकेपछि फायर गरेर जनाउ दिए । प्रतिकारमा फायरको आवाज आयो भन्ने त्यँहा खटिएका सेना र वनरक्षकहरूको भनाइ छ । यस्तो दुःखद घटना भयो । निकुञ्जमा यस्तो दुःखद घटना भएको सम्भवत यो पहिलो हो । यसबाहेक थप जानकारी छैन ।

प्रकाश देउजा, (गणपति ज्वाला दल गण बर्दिया राष्ट्रिय निकुञ्ज) : फागुन २६ गते राती ८.३० देखि ९ बजेको बीचमा यो घटना भएको हो । १७ नाल बन्दुक र बन्दोबस्तीका सामान सहित शिकारीहरू निकुञ्जमा पसेको भन्ने खबरपछि वनरक्षक र सेनाको टोली त्यहाँ पुगेका थिए । जनाउ आदेश दिएर पक्राउ गर्नेक्रममा प्रतिकार स्वरुप फायर गरेपछि सेनाले गोली चलाउदा तीनजना महिलाको घटनास्थलमै मृत्यु भएको हो । उनीहरूबाट तीन नाल बन्दुक र बन्दोबस्तीको सामानहरू समेत बरामद भएको छ । हतियार सहित देखेपछि सेनाले जनाउ आदेश दिँदा उल्टै फायर गरेपछि जवाफी कारवाहीमा यो अप्रिय घटना भएको हो । बलात्कार गरिएको भन्ने कुरा निराधार हल्ला मात्रै हो ।

वासुदेव दाहाल, (प्रमुख जिल्ला अधिकारी, सुर्खेत) : घटना भएको स्थान बर्दिया जिल्लाको सिमानामा पर्ने भएको हुँदा मेरो कुनै प्रतिक्रिया छैन । पीडित पक्ष सुर्खेतबासी भएपनि आफूले घटनाको सम्बन्धमा कुनै प्रतिक्रिया दिन मिल्दैन ।

अनुगमनबाट प्राप्त भएका तथ्यहरू :

घटनास्थल निकुञ्ज क्षेत्रभित्र पर्ने भएतापनि त्यस वरपर हरिहरपुर गाविस-१, २ र ३ नम्बर वडाका जनताले गौचरन, घाँसदाउरा काट्ने र जडीबुटी सङ्कलन गर्ने गरेको पाइयो ।

सिमारेखादेखि दक्षिणतिरको भाग निकुञ्ज क्षेत्रमा पर्ने भएपनि उत्तरतर्फको भाग हरिहरपुरवासीको जङ्गल क्षेत्रमा रहेको कारण सो क्षेत्रमा सर्वसाधरणलाई त्यँहा आवतजावत गर्न सजिलो भएको पाइयो ।

हरिहरपुर गाविस-२ कप्सेरीका बलदेव गिरी उनका छोरा भक्तराज गिरी, रत्नबहादुर विक, तुलबहादुर विक ०६६ फागुन २३ गतेदेखि काउलो काट्न बाँसपानी कालिकास्थानको जङ्गल क्षेत्रमा बसेको पाइयो ।

जीवन गुजाराको लागि प्रति केजी रु. २३ पर्ने काउलो काट्न तथा सुकाएर ल्याउन गएका उनीहरूसँग हँसिया, वञ्चरो र बसुला बाहेक कुनै प्रकारको हतियार नभएको पाइयो ।

आफ्ना श्रीमान तथा दाइहरूले काटेर सङ्कलन गरेको काउलो लिन ०६६ फागुन २६ गते साँझ तुलबहादुरकी पत्नी देवीसरा, छोरी चन्द्रकला, रत्नबहादुरकी पत्नी अमृता र बलदेवकी छोरी भूमिसरा साँझ ६ बजेको समयमा बाँसपानी पुगेको र सोही दिन राति करिव पौने नौ बजे सो क्षेत्रमा वनरक्षक र सेनाको टोली पुगेको पाइयो ।

गाउँलेहरू बसेको स्थान नजिक पुग्नासाथ सेना र वनरक्षकको टोलीले माथिबाट मुढा फ्याँकेको

घटनास्थलमा फेला परेको रगत लागेको विछ्यौना

र टर्च बालेर हवाई फायरिङ् गर्दै भागिस् भने मर्छस भनेको पाइयो ।

सेनाले हवाइफायरिङ्ग गरेपछि त्यहाँ रहेका पुरुषहरू भागेको र महिलाहरू ओढारमा लुकेको पाइयो ।

हवाई फायरिङ बाहेक घटना भएको रात जङ्गलमा कुनै फायरिङ नभएको र २७ गते दिउसो मात्र पुनः फायरिङको आवाज सुनिएको गाउँलेहरुले बताए ।

ओढारमा लुकेका महिलाहरूलाई सेना र वनरक्षकहरूको टोलीले घेरा हाली नियन्त्रणमा लिई रहस्यमय तरिकाले हत्या गरेको पाइयो । मृतकहरूको लास ०६६ फागुन २७ गते सेनाको थप टोली घटनास्थलमा गई उठाएर लगेको पाइयो ।

मृतक महिला र भागेका पुरुषहरूसँग सेनाले दावी गरेजस्तो शिकार खेल्न प्रयोग हुने बन्दुक लगायतको हतियार नरहेको र शिकारमा प्रयोग हुने प्रकृतिका अन्य कुनै पनि साधनहरु भएको पाइएन ।

सो क्षेत्रमा यसअघि सेनाको गस्ती नआएको र स्थानीयवासीले सो क्षेत्र वरपर गौचरन र घाँस दाउरा काट्ने गरेको पाइयो ।

सेनाको अनुमतिबाटै बाँसपानीदेखि २ किमी दक्षिणमा पर्ने बसाह भन्ने स्थानबाट हरिहरपुर गाविस-२ र ३ का जनताले खानेपानी समेत ल्याएको पाइयो । स्थानीयवासी सँगै अनुगमन टोली घटनास्थलमा पुग्दा बाँसपानीमा हरिहरपुर-२ र ३ का जनताका गाईबाखा चरिरहेको पाइनुले पनि त्यसस्थानसम्म त्यँहाका जनता सहजै आउने जाने गर्दथे भन्ने कुरा पुष्टि गरेको छ ।

गाउँलेहरूद्वारा तासिएको काउलोको रुख

घटनाका रहस्यहरू :

घटनास्थलमा छरपस्ट अवस्थामा मृतकका कपडा भेटिनु, कपडामा दिशा र रगत देखिनु, उनीहरूले ओढ्न ओछ्याउन प्रयोग गरेको कपडा अन्यत्रै लगेर जलाइएको पाइनु, घटनामा भागेर ज्यान जोगाएकाहरूले

हवाइफायरिङ बाहेक गोली प्रहार भएको आवाज नआएको बताउनु, तीनजनाको गोली प्रहारद्वारा हत्या हुँदा तीनओटा फरक ठाउँमा रगत हुनुपर्नेमा एक ठाउमा थोरैमात्र रगत देखिनु, स्थानीयवासीले २७ गते दिउँसो १ बजेको समयमा गोलीको आवाज आएको बताउनु, २७ गते तेलपानीको बाटो हुँदै लास लैजाँदा आलो रगत पाइनु, घटनाबाट जोगिएर भागेकाहरूले मृतक बालिकाको चित्कार सुनेको बयान दिनु, घटनाबाट ज्यान जोगाइ भागेका रत्नबहादुर विकले घटनास्थलमा फेला परेको पेटिकोट देवीसराको, कुर्तासुरुवाल आफ्नो पत्नी अमृताको तथा पेन्टी र सल चन्द्रकलाको हो भन्ने दावी गर्नु, भागेका पुरुषहरूमाथि गोली प्रहार नभइ लुकेर बसेकाहरूमाथि गोली प्रहार हुनु, नियन्त्रणमा लिन सकिने अवस्था हुँदाहुँदै हत्या गरिनु, नियन्त्रणमा लिएका पुरुष सकुशल रहनु, सेनाले गाउँलेहरूसँग हतियार रहेको, फायरिङ समेत भएको र घटनास्थलमा तीनथान भरुवा बन्दुक फेला परेको भनी झुटो दावी गर्नु, सेनाले लास सर्वसाधरणलाई हेर्न र सञ्चारकर्मीहरूलाई तस्विर लिन समेत वञ्चित गर्नु, पोष्टमार्टम रिपोर्ट हालसम्म सार्वजनिक नगरिनु, पोष्टमार्टम पूर्व मृतकका आफन्तहरूलाई लास हेर्न समेत नदिइनु, मृतकहरुको शरीरको कुन भागमा कतिओटा गोली लागेको छ भन्ने सार्वजनिक नगरिनु, घटनास्थलमा फेला परेको भनिएको बन्दुक सेनाले सार्वजनिक नगर्नु र घटनाको सम्बन्धमा सेनाको फरक-फरक भनाइ आउनु आदिले घटनालाई रहस्यमय बनाएको छ ।

निष्कर्ष

घटनाका सम्बन्धमा प्रकाशित सामग्रीहरूको अध्ययन, स्थलगत अनुगमनका क्रममा पाइएका तथ्यहरू, घाइते, प्रत्यक्षदर्शी, घटनाबाट ज्यान जोगाएर भागेका व्यक्तिहरू, स्थानीय नागरिक समाज, राजनीतिक दल, गाउँले, सामाजिक कार्यकर्ता, बर्दिया राष्ट्रिय निकुञ्जका वार्डेन प्रमुख टिकाराम अधिकारी, गणपति प्रकाश देउजासँगको कुराकानी तथा छलफल समेतको आधारमा अनुगमन टोली घटनामा मारिएका एक बालिका र दुई

घटनास्थलमा मृत अवस्थामा फेला परेको कुकुर

घटनाबाट भागेर ज्यान जोगाएका भूमिसरा र भक्तराज गिरी (दाजुबहिनी)

महिलालाई वनरक्षक र सेनाको संयुक्त टोलीले नियन्त्रणमा लिएर रहस्यमय तरिकाले हत्या गरेको निष्कर्षमा पुगेको छ ।

नेपाल सरकारद्वारा वन्यजन्तु संरक्षण ऐन अनुसार संरक्षित गरिएको राष्ट्रिय निकुञ्ज परिसरमा सर्वसाधरणहरू प्रवेश गरी कैयौँ दिन रात बिताउनु र जङ्गलबाट जडिबुटीजन्य वस्तुहरू सङ्कलन तथा आयात निर्यात गर्नु

घटनास्थनास्थलको अनुगमनमा गएका मानवअधिकारकर्मी तथा गाउँलेहरू

कानुन विपरीत कार्य हो । निकञ्ज सुरक्षार्थ खटिएका वनरक्षक र नेपाली सेनालाई निकुञ्ज परिसरमा अवैध प्रवेश गरेकाहरूमाथि बलप्रयोग गर्न सक्ने कानुनी अधिकार भएपनि यस घटनाका सम्बन्धमा मृतक बालिका र महिलाहरूलाई नियन्त्रण लिई हत्या नै गर्नुपर्ने हदसम्मको शक्तिको प्रयोग गर्नुपर्ने अवस्था देखिँदैन । नियन्त्रणमा लिइएका बालिका र महिलाहरुको हत्या नगर्दा सुरक्षा टोलीलाई कुनै खतरा हुने र अप्रिय घटना हुन सक्ने अवस्था रहेको पनि देखिँदैन । त्यस्तै सेनाले सो घटनामा गाउँलेलाई आत्मसमर्पणको प्रयास गराउने, निःशस्त्र हुन आह्वान गर्ने र घाइते मात्र बनाउने किसिमको सुरक्षा विधि नअपनाई शक्तिको दुरुपयोग गरी निहत्था महिला र बालिकालाई नियन्त्रणमा लिएर रहस्यमय तरिकाले गैहृन्यायिक हत्या गरेको देखिन्छ । तसर्थ, यो घटनामा सेनाले मानवअधिकारको उल्लङ्घन गरेको अनुगमन टोलीको ठहर छ ।

सुझाव/अनुरोध

नेपाल सरकार र रक्षा मन्त्रालयद्वारा घटनाका सम्बन्धमा अविलम्ब सत्यतथ्य सार्वजनिक गरिनुपर्ने ।

नेपाल सरकारद्वारा हत्यामा संलग्न दोषीलाई कानुनी कारवाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइनुपर्ने ।

मृतकहरूको पोष्टमार्टम प्रतिवेदनलाई पारदर्शी बनाउन राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाज र सञ्चारकर्मी समेतको उपस्थितिमा पुनः पोष्टमार्टम गराइनुपर्ने ।

राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाज र सञ्चारकर्मीका प्रतिनिधिहरूलाई घटनास्थल निरीक्षणमा जाने वातावरण श्रृजना गरिनुपर्ने ।

आगामी दिनमा यस्ता घटना दोहोरिन नदिनका लागि निकुञ्ज प्रशासनले निकुञ्ज वरपर रहेका स्थानीयवासीहरूलाई निकुञ्ज निषेधित क्षेत्र हो भन्ने ज्ञानको प्रचारप्रसार गर्न प्रभावकारी भूमिका निर्वाह गरिनुपर्ने ।

(यो प्रतिवेदन ०६६ चैत ३ गते नेपालगञ्जमा आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक गरिएको थियो ।)

महिलाका लागि शिक्षामा पहुँच र सम्पत्ति माथिको स्वामित्व अनिवार्य छ

उषा पोखरेल, केन्द्रीय सदस्य
मानव अधिकार एलायन्स, राजविराज

राज्य वा गैरराज्यबाट गरिने लैङ्गिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित हुने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वञ्चित छन् ।

महिलाको मानव अधिकारको उल्लङ्घनको प्रमुख विषय महिला माथिको हिंसा पनि हो । त्यसमा पनि दाइजो प्रथाका कारण महिलामाथि अत्यधिक हिंसा हुने गर्दछ । तराईमा त परम्परा र लोकलाजका कारण धेरैजसो दाइजोका नाममा हुने हिंसाका घटना त सार्वजनिक नै हुँदैनन् । घटना सार्वजनिक गर्दा महिलाले थप मानसिक तथा शारीरिक पीडा खप्नुपर्ने अवस्था सृजना हुने हुँदा दहेजका कारण हुने हिंसाका घटना बाहिर आउँदैनन् । दाइजोको कारण परिवारबाट हिंसाको शिकार बन्नु पर्दा महिलाले ज्यानै गुमाएका घटनाहरू पनि बेला बखतमा सार्वजनिक हुने गरेको छ । घर निकाला गरिनु, जिउँदै जलाउने प्रयत्न गरिनु र घरपरिवारबाट शारीरिक तथा मानसिक यातनाको शिकार बन्नु हिंसा पीडित महिलाको नियति बन्ने गरेको छ । सन २०१० को शुरूको तीन महिनामा सप्तरी जिल्लामा तीन जना महिलाको हत्या भयो । त्यसमध्ये दुई जना महिला त दाइजोकै कारण पतिद्वारा मारिएका छन् ।

आधुनिक विज्ञानको विकाससँगै नयाँ पुस्तामा आएको सचेनताका कारण यसलाई थोरै चिर्न खोजिए पनि परम्परागत मान्यता र अन्धविश्वासका कारण सदियौँदेखि जरा गाडेर रहेको बोक्सी प्रथा समाजमा अद्यावधि कायमै छ । बोक्सीको आरोपमा महिलामाथि हुने ज्यादतीका घटना मानवअधिकार आन्दोलनकालागि समेत चुनौती बन्ने गरेको छ ।

पितृसत्तात्मक व्यवस्थाका कारण सदियौँदेखि विभेदको शिकार हुँदै आएका नेपाली महिलाउपर हुने ज्यादतीको क्रममा प्रयोग हुने शब्द हो 'बोक्सी' । केही अपवाद बाहेक कुनै पनि पुरूषलाई बोक्सी भनिँदैन । बोक्सीको आरोप लाग्नेहरू प्राय: गरीब, दलित, असहाय, बृद्धहरू रहने गरेका छन् । अझ एकल महिलाहरू यसको बढी शिकार हुन्छन् । अर्थात आर्थिकरूपले विपन्न त्यसमापनि एकल महिलाहरू बोक्सीको आरोपमा प्रताडित हुने गरेको छन् । रूपले सुन्दर, पढेलेखेका, र सम्भ्रान्त परिवारका कुनैपनि महिलालाई बोक्सी भनिएको एउटा पनि उदाहरण छैन ।

समाजमा जस्तोसुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुने हिंसाका घटनामा कमी आउन सकेको छैन । महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापित गरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसाविरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्टिय कानूनको व्यवहारिक कार्यान्वयन सँगै बोक्सी प्रथा र घरेलु तथा महिला हिंसा विरूद्धको कडा कानून निर्माण, दाइजो दिने वा लिनेलाई कडा कारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

जबसम्म प्रभावकारी कानुन लागु हुँदैन तबसम्म न्याय र मुक्ति मिल्दैन

ललिता भट्टराई
सम्पादक ,फेवा साप्ताहिक, विराटनगर

नेपाली महिलाले धेरै किसिमका हिंसाको सामना गर्नु परेको छ । आधा आकाश ओगट्ने महिला भनिए पनि अधिकारबाट वञ्चित हुनु परेकोले हिंसा बढेर गएको हो । छोरीलाई स्वतन्त्र अस्तित्व भएको नागरिकको रूपमा नलिने प्रथाले गर्दा सही र न्यायपूर्ण प्रतिनिधित्व अझै हुन सकेको छैन । घरको काममा अल्झाई राख्ने, वस्तुभाउ हेर्न पठाउने गर्नाले पुरूषको तुलनामा महिला अशिक्षित छन् । अशिक्षाले गर्दा आफ्नो स्वतन्त्र अधिकार र अस्तित्ववाट विमुख हुनु परेको छ । शिक्षा र स्वास्थ्यमा छोरा सरह छोरीलाई व्यवहार गर्ने कमै मात्र छन् । हिंसा घरैबाट सुरु हुन्छ। यसको न्यूनीकरण घरदैलोबाटै महिला पुरूष मिलेर गर्न सक्नुपर्छ । महिलामाथि हेराइमा, बोलीमा र क्रियाकलापमा हिंसा हुने गरेको छ ।

पुरूष प्रधान समाज र परम्परागत सोचमा परिवर्तन भएको छैन । महिलाले दाइजो नल्याएका कारण यातना सहनु परेको उदाहरण थुप्रै भइसकेका छन् । बोक्सीको आरोप लगाएर घर निकाला गरेका घटना मोरङका महिलाले सहने गरेका छन् । बालविवाह, बहुविवाह, देहव्यपार, गरीबी, बेरोजगारी, चेलिबेटी बेचविखन र ओसारपसार, यौन शोषणलगायतका हिंसाले यहाँको समाज अछुतो रहेको छैन । हिंसाका विरुद्ध जबसम्म प्रभावकारी कानून लागू हुँदैन तबसम्म न्याय र मुक्ति मिल्दैन । राज्यको संरचनाले नै महिलाहरूको सही र न्यायपूर्ण प्रतिनिधित्व गराउन सकेको छैन । पुरूष प्रधान मानसिकताले गर्दा महिला नेतृत्व अगाडि आउन नसकेको हो ।

दोहोरो जिम्मेवारी बहन गर्ने महिलाको अधिकारलाई मानवअधिकारका रूपमा सुनिश्चित गर्नसके हिंसा स्वत: निर्मुल हुन्छ भन्नेमा दुईमत छैन । महिलाले पनि आफूलाई साँघुरो घेरा भित्र राख्न खोज्नु हुन्न । हजारौँ. वर्षको सामन्ती विचार र सँस्कृतिले लादेको पितृसत्तात्मक सोचको दिमाग परिवर्तन गराउन महिलाहरू पनि एक हुनु जरूरी छ । नेपालको अन्तरिम संविधान २०६३ को मौलिक हक अर्न्तगत धारा २० ले महिलाको हकमा कुनैपनि महिला विरूद्ध शारिरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ भनी उल्लेख गरिएको छ ।

महिलामाथि हुने हिंसा र यसको अवस्था

मञ्जिता उपाध्याय, का.मु. जिल्ला संयोजक
ओरेक नेपाल , मोरङ

महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्वदेखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र

दुर्व्यवहारलाई बुझाउँछ ।

रूढीवादी परम्परा, पितृसत्तात्मक सोच, सामाजिक मूल्य मान्यताका कारण महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा हेरिनु, समान अवसरबाट वञ्चित गराइनु, महिलाको स्वतन्त्रता, गतिशीलता र शरीरमाथि अरूले नियन्त्रण गर्ने प्रवृतिको कारण पनि महिला माथि हिंसा भएको अवस्था छ ।

मोरङ जिल्लामा महिला हिंसाको स्वरूपहरूमा महिलामाथि गरिने कुटपिट, मानसिक यातना, गाली गलौज, घरेलु हिंसा, जवरजस्ती करणी, बैवाहिक बलत्कार, एसिड खन्याउने, बोक्सीको आरोपमा दुर्व्यवहार, बहुविवाह, वालविवाह, प्रेमको नाममा धोका, मानव बेचविखन तथा ओसारपसार, हाडनातामा करणी, वैदेशीक रोजगारीको नाममा ठगी, यौन शोषण, अत्याधिक काम, यौन दुरूत्साहन आदि देखिएको छ । जस्तै : बोक्सीको आरोपमा महिलाहरूलाई गाउँ निकाला गर्नु , पारिवारिक रिसइबीको कारण ३ वर्षको बालिकादेखि ६५ वर्षको बृद्ध महिला समेत बलात्कृ भएका छन् ।

ओरेक नेपालले सन् २०१० जनवरीदेखि मार्चसम्म गरेको एक अध्ययनमा पूर्वाञ्चलका सात जिल्लामा ७६ वटा घटना अभिलेख गरिएको छ । महिला हिंसाका घटना शहरको तुलनामा गाउँमा बढी भएका छन् । उमेरको आधारमा हेर्दा ३ वर्षदेखि ६५ वर्ष सम्मका महिलामाथि हिंसा भएको छ । पेशाको आधारमा हेर्दा घरभित्र काम गर्ने महिला र मजदुर महिलामाथि हुने हिंसा बढी छ । हिंसाको कारणमा सामाजिक परम्पराको कारण सबैभन्दा बढी महिला माथि हिंसा भएको पाइयो ।

महिलामाथि हुने हिंसा विवाहित महिलालाई भएको र महिलामाथि हुने हिंसा आफ्नै श्रीमानबाट हुने गरेको पाइयो । हाल महिलाहरूले आफूमाथि हुने हिंसालाई बाहिर ल्याउन थालेको अवस्था छ । तर कानून कार्यान्वयन गर्ने निकाय र न्यायिक निकायमा हुने ढिलाई, सम्वेदनशीलताको कमी, प्रक्रियागत जटिलता, पीडितमुखी न्यायप्रणालीको अभाव र आर्थिक भार पीडितले नै व्यहोर्नुपर्ने आदि समस्याका कारण महिलामाथि हुने हिंसामा न्याय नपाएको अवस्थाहरू रहेको छ ।

कपिलवस्तुमा महिला हिंसाको अवस्था

पार्वती पाण्डे , कपिलवस्तु

कपिलवस्तुमा महिलामाथि हुने हिंसाका घटना रोकिएका छैनन् । महिलाहरू धेरै प्रकारका हिंसाबाट ग्रसित छन् त्यसमा पनि अधिकांश महिलाहरू घरेलु हिंसाबाट प्रताडित बनेका छन् ।

महिलाहरू दाइजो कम ल्याएकै कारण घरपरिवार र श्रीमान्बाट अपहेलित हुने, कुटपिट र यातनाको शिकार हुने गरेका छन् । दाइजो कम ल्याएकै कारण घरबाट निकालिनुपर्ने, परिवारका सदस्य मिलेर हत्या गर्ने समेतका घटना हुने गरेका छन् । पहिलो श्रीमतीलाई विवाह दर्ता र नागरिकता नबनाइ दिँदा उनीहरू सम्पति पाउनबाट वञ्चित भएका छन् । प्रहरी महिला सेल कपिलवस्तुका अनुसार घरेलु हिंसाका ९० प्रतिशत घटना सार्वजनिक हुँदैनन् । घरेलु हिंसाका १० प्रतिशत घटनाहरू मात्र प्रहरी प्रशासनमा आउने तर ती निकायमा राजनीतिक प्रभाव पारेर वास्तविक पीडितले न्याय नपाउने अवस्था रहेको महिला हिंसाविरूद्ध कार्यरत साथी संस्थाले जनाएको छ ।

अधिकारकर्मी महिलाहरूले पीडित महिलालाई न्यायका लागि सम्बन्धित निकायमा पुऱ्याउन नपाउँदै कुनै न कुनै राजनीतिक दलका कार्यकर्ताको दवाव प्रहरी प्रशासनमा पुगीसक्ने भएकाले पीडित महिलाहरूको न्याय नहुने उनीहरूको गुनासो छ । महिलाहरूमा कानुनी ज्ञान नभएका कारण उनीहरू पीडा लुकाएर बस्न बस्न बाध्य छन् । महिला हिंसाका घटनामा राजनीतिक दलहरूले पीडकको संरक्षण नगर्ने र प्रहरी प्रशासनले निष्पक्ष भई काम गर्नेहो भने पीडितले न्याय पाउन सक्ने अवस्था छ।

पितृसतात्मक सोचका कारण महिलाअधिकार उपेक्षित

बिना सिलवाल
महिला मानवअधिकारकर्मी, कास्की

हाम्रो जस्तो आर्थिक समाजिक पछौटेपनले ग्रसित पितृसत्तात्मक समाजमा महिलाहरूको अवस्थाको बारेमा कुरा गर्दा जहिले पनि महिला हिंसा जोडिएर आउने गर्दछ । पहाडदेखि तराईसम्म, उच्च घरानियादेखि सुकुम्बासी झुपडीसम्म र राजनेतादेखि मतदातासम्म जहाँसुकै, जोसुकै बाट र जहिले पनि हिंसा हुन सक्ने सम्भावनाको जोखिममा महिलाहरू बाँचिरहेका छन् ।

छोरी वा छोरा भएर जन्मिएकै कारण जन्मँदा नै प्राकृतिक उपहारको रूपमा लिएर आएका केही कुराहरू छन् जुन चाहेर पनि परिवर्तन गर्न सकिँदैन र यस सृष्टिको नियमलाई निरन्तरता दिनका लागि परिवर्तन गर्न हुँदैन पनि । यसलाई हामी प्राकृतिक लिङ्ग भन्दछौँ । जुन कुराहरू प्रकृतिद्वारा निर्धारित, अपरिवर्तनीय र सर्वव्यापक हुन्छन् । त्यसरी आमाको कोखमा गर्भधारण गरेदेखि नै छोरा वा छोरी भएर गर्भधारण गरेको वा जन्मिएको कारण जन्मदाता, परिवार र समाजले हेर्ने दृष्टिकोण, गर्ने व्यवहार फरक हुनुका साथै फरक फरक सामाजिक जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । जुन कुरा सामाजिकीकरणको प्रक्रियाले निर्धारण गर्दछ ।

महिला हिंसासँग जहिले पनि सामाजिक लिङ्ग जोडिएर आउने गर्दछ । जहाँ समाजले निर्धारण गरेको मूल्यमान्यता, रीतिरिवाज, चालचलन, धर्म संस्कृति र संस्कारलाई व्यवहारमा उतार्ने क्रममा पितृसत्तात्मक समाजमा सामाजिकीकरण भएका पुरूषहरू र पितृसत्तात्मक सोचले ग्रस्त केही महिलाहरूले महिलालाई प्राकृतिक लिङ्गको रूपमा हेरेर समाजको समान नागरिकको रुपमा व्यवहार नगर्दा हिंसा निम्तने गर्दछ । बिभिन्न अध्ययनहरूले देखाएअनुसार हरेक पाँच महिलामध्ये कम्तीमा दुई जना कुनै न कुनै प्रकारको हिंसाको मारमा परेका हुन्छन् । विकासोन्मुख देशहरूमा असाध्यै प्रकारका महिला हिंसा हुने गरेको भएतापनि केवल कुटपिट, तथा बलात्कारलाई मात्र हिंसाको रूपमा हेरिने गरिन्छ । नेपाली समाजलाई विश्लेषण गरेर हेर्ने हो भने प्रशस्तै मात्रामा शारीरिक, मानसिक संवेगात्मक, आर्थिक र यौनजन्य हिंसा हुने गरेको छ । पुरूषहरू आफैँले वा पितृसत्तात्मक सोचको शिकार भएका केही महिलाहरूले महिलाहरूलाई हेला गर्ने/हेप्ने, कुटपिट गर्ने, जोखिमपूर्ण काममा लगाउने, एक्लै हिँडडुल गर्न नदिने, पोषणयुक्त र पेटभरी खान नदिने, तिरस्कार गर्ने, बेइज्जत गर्ने, बेवास्ता गर्ने जस्ता व्यवहारका काराण महिलाहरू शारीरिक मानसिक र संवेगात्मकरूपमा कमजोर हुने गरेका छन् । समाजले पनि सम्पति माथिको अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति जस्ता महत्वपूर्ण तहमा महिलामाथि भेदभाव गर्नाले पनि महिला माथि हुने हिंसाका घटनाले प्रश्रय पाएको कुरा हामी सबैको सामु छर्लङ्ग छ । महिला माथि हुने यस्ता प्रकारका हिंसाहरूका कारण महिलाहरूको आत्मबल कमजोर हुन गई सामाजिक इज्जत प्रतिष्ठाको डर मानेर घर परिवार समाज, कार्य क्षेत्र र राज्य तहमा हुने गरेका सबै प्रकारका हिंसालाई मौनरूपमा स्वीकार्न वाध्य छन् भने राज्य स्तरमा भएका कानुन सर्वसाधारणको पहुँच भन्दा बाहिर रहनाले पनि महिला हिंसालाई प्रश्रय पुगेको छ ।

महिला विरूद्ध हुने हिंसाको अवस्था र प्रकृति

मैमुना सिद्धिकी , कार्यवाहक अध्यक्ष
फातिमा फाउण्डेशन नेपाल, बाँके

महिला भएकै कारणले महिलामाथि गरिने शारीरिक, मानसिक, सामाजिक तथा वौद्धिक शोषण, दमन, यातना र दुर्व्यवहारहरूलाई महिलामाथि हुने हिंसा भनिन्छ । जसअन्तर्गत सम्बन्ध विच्छेद, बहुविवाह, बालविवाह, दाइजो प्रथा, कुटपिट, गालीगलौज, अपहेलना, यातना, तिरस्कार, बोक्सीको आरोप, जवरजस्ती करणी, आदि जस्ता थुप्रै प्रकारका हिंसाका घटनाका कारण विशेषत: मुस्लिम समुदायका महिलाहरू प्रताडित भइरहेका छन् । पहाडी समुदायमा भन्दा बढी मधेसी समुदायका महिलाहरू घरेलु हिंसाबाट प्रताडित भएका छन् । किनभने मधेसी समुदायका महिलाहरू अहिले पनि घुम्टोमा बस्नुपर्ने अवस्थामा छन् । स्वतन्त्ररूपमा हिँडडुल गर्नु, मनमा लागेको कुरा बोल्न र शिक्षा आर्जन गर्ने कुराबाटै उनीहरू वन्चित छन् । मधेसी महिला भित्र पनि मुस्लिम महिलालाई अझ बढी घुम्टोमा बस्न बाध्य पारिन्छ ।

दाइजो नल्याएको निहुँमा जिउँदै जलाउने, कुटपिट, घरनिकाला, मानसिक र शारीरिक यातना दिने र बहुविवाह गर्ने जस्ता विकृति समाजमा बढ्दो क्रममा छन् । मुस्लिम समुदायमा श्रीमानलाई कुनै कुरा मन परेन भने तुरून्त तलाक तलाक तलाक भने पछि श्रीमान श्रीमतीको सम्बन्ध विच्छेद हुन्छ । अहिले पनि हाम्रो समाजमा यस्ता घटनाहरू थुप्रै घटेका छन् । जनचेतना र शिक्षाको कमीका कारण विद्यमान कानुनहरूका बारेमा जानकारी नहुँदा थुप्रै विषयहरू अदालतसम्म नपुगेको अवस्था छ ।

महिला हिंसाको मूलकारण पितृसतात्मक वा पुरूष प्रधान सामाजिक संरचना हो । महिला माथि गरिने दुर्व्यवहार वा यातनालाई समाजले पुरूषको अधिकार र महिलाहरूको दैनिकीको रूपमा स्वीकारेको छ । आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक क्षेत्रमा पहुँच नभएकाले उनीहरूले आफू माथिको हिंसालाई प्रतिकार गर्न नसकी सहेर बस्नुको विकल्प नभएको ठान्दै दैनिकी हिंसाको चपेटामा पर्दै आएका छन् ।

महिला माथिको हिंसा मानवअधिकारको चरम उल्लङ्घन भएको कुरा विश्वले स्वीकार्दै आएको छ । यसै अनुरूप विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको निर्माण र सन्धि, महासन्धिहरू, विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरू र घोषणपत्र जारी गरिएको भएतापनि प्रभावकारी कार्यान्वयन नहुनुले महिला हिंसा अन्त्य हुन सकेको छैन । महिला विरूद्ध हुने हिंसालाई अन्त्य गर्न बनेका कानूनहरू कार्यान्वयन हुनुपर्छ ।

सुर्खेतमा महिलाअधिकार र यसका चुनौतीहरू

धना जि.सी.(शाही) , अध्यक्ष
महिला पैरवी मञ्च सुर्खेत

महिलाले पनि पुरूष सरहका अधिकारहरू पाउनु र पाएको महसुस गरी स्वतन्त्रतापूर्वक बाँच्न पाउनु महिला मानवअधिकार हो । नेपालको सन्दर्भमा महिला र पुरूषका अधिकार समान छैनन् । महिलाहरूले पुरूष सरहको समान अधिकार प्राप्त गरेको अनुभूति गरेका छैनन् । महिला र पुरूषमा रहेको असमान शक्ति संरचना, पितृसत्तात्मक सोचमा परिवर्तन नहुनु, राज्यका विभेदकारी कानूनहरू, सामाजिक कुसंस्कार र कुरीतिहरू, कुप्रथाहरू, बनेका कानूनहरू पनि व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा महिला र पुरूषकाबीचमा खाडल रहेको छ ।

मध्यपश्चिमाञ्चल क्षेत्रको सदरमुकाम सुर्खेत, सुगम जिल्लाका रूपमा चिनिए पनि यहाँका महिलाहरूको अवस्था पुरूष समान छैन । महिलाहरूको आर्थिक, शैक्षिक, सामाजिक कार्यहरूमा, अर्थोपार्जनका काममा, निर्णय प्रक्रियामा पहुँच र नियन्त्रण छैन। महिलाहरूलाई सधैँ पैसा नआउने काममा लगाउनु, पुरूषका सेवक , दासी र अन्याय सहेर बस्नुपर्ने संस्कारमा कुण्ठित भएर बाँच्न बाध्य छन् । यस्तो जघन्य अपराधलाई नचाहेर पनि सहेर बस्न बाध्य छन् किनभने यी घटनालाई बाहिर ल्याए भने घर, परिवार ,सन्तान छोडेर जाने डर र सम्बन्ध विच्छेदको धम्की र पुरूष बिना बाँच्ने आधार हुदैन भन्ने सोचाई समाजमा विद्यमान छ ।

घरेलु हिंसासम्बन्धी कानून बनेको एक वर्ष पुगेपनि सुर्खेतमा एउटा पनि घटना प्रहरीमा दर्ता भएको छैन । यसको मतलव यहाँ घटना भने नभएका होइनन् । महिलाहरू हरेक दिन घरेलु हिंसाका घटनाबाट प्रताडित भएका छन् । घर भित्र त यस्ता घटनाहरू दैनिक हुने र महिलाहरूले आफ्नो, परिवारको इज्जतका लागि सधैँ लुकाएर र सहेर बस्नुपरेको अवस्था छ ।

महिलाहरूलाई अधिकार सम्पन्न बनाउन समाजमा रहेका कुरीतिहरूमा परिवर्तन गर्नुपर्छ । राज्यका विभेदकारी कानूनमा परिवर्तन गरिनुपर्छ । बनेका कानूनहरूको स्थानीय स्तरमा रहेका महिलाहरूलाई जानकारी र सचेतना जगाउनुका साथै व्यवहारमा प्रभावकारी कार्यान्वयन गरिनुपर्छ साथै महिला र पुरूषमा भएको असमान सामाजिक शक्ति संरचनामा परिवर्तन गर्दै पितृसत्तात्मक सोचको परिवर्तन गरिए मात्र महिलाहरू अधिकार सम्पन्न हुन सक्छन् ।

बारामा महिला हिंसा

साबित्री शर्मा, कलैया नपा-८
महिला मानवअधिकारकर्मी
सदस्य जिल्ला पारालिगल कमिटी, बारा

बारा जिल्लामा मानवअधिकारको अवस्था केही वर्ष अघिको तुलनामा एकदमै खस्किएको छ । अपराधिक क्रियाकलापहरू बढ्दै गएका छन् । तराईमा महिलाहरू माथि हुने घरेलु हिंसाका घटना एकदमै बढेका छन् । अधिकाङ्श घटनाहरू सार्वजनिक हुन नदिने, भइहाले पनि गाउँमै मिलापत्र गराउने, कानूनी कारबाहीको प्रक्रिया अगाडि बढ्न नदिन सामाजिक दवाव दिने गरेका कारण थोरै घटना मात्र सार्वजनिक हुन्छन् ।

महिलाहरूको सानो उमेरमा नै विवाह हुनु, अशिक्षित हुनु, आर्थिक स्थिति कमजोर हुनु, दण्डहीनता बढ्नुजस्ता कारणले तराईमा महिला हिँसाका घटनाहरू बढेको मैले महसुस गरेको छु ।

महिलालाई अझै सम्म पुरूषहरूले घरको काम गर्ने र छोराछोरी पाउने मेसिनको रूपमा हेरिने प्रवृत्तिमा परिवर्तन गर्न नसक्नु अर्को कमजोरी पक्ष हो ।

गाउँमा अझै पनि छोरीलाई पढाउने चलन छैन । अशिक्षाको कारण सानै उमेरमा आमा बन्नुपर्ने र रोगी हुनुपर्ने वाध्यता छ ।

माइतीपक्षको आर्थिक स्थिति कमजोर भएका महिलाहरू झनै पीडित हुन्छन् ।

पति भन्दा पनि सासू, ससुरा, नन्द आमाजुबाट दाइजो कम ल्याएको कारण दैनिक प्रताडित हुनुपर्छ । दाइजो कम ल्याएको भनी महिलाको हत्यासमेत हुने गरेको छ ।

कमजोर आर्थिक अवस्था भएको परिवारकी महिलालाई कुटपिट गरी घरबाट निकाल्नै र पुन: बढी दाइजो ल्याउने पत्नी ल्याउने होडबाजी जस्तो चलेको पाइन्छ ।

महिला हिंसाका सम्बन्धमा अनुसन्धान गर्ने निकायको अभाव

सुलेखा रोक्का
जलेश्वर–२, महिला अधिकारकर्मी

महोत्तरी जिल्लामा महिला साक्षरता प्रतिशत कम छ । महिला हिंसाका घटनाहरूले यहाँका महिलाहरू आक्रान्त छन् । खासगरी मुस्लिम समुदायमा प्रचलनमा रहेका 'तलाक' प्रथाले यहाँका महिलाहरू पिल्सिएका छन् । तलाक पीडित मुस्लिम महिलाहरूले अदालतबाट न्याय नपाउँदा अझ पीडित हुनु परेको छ । अदालतले अङ्श पाउने फैसला गरेपनि आफूखुसी तलाक दिएका पतिले अङ्श दिनु त परको कुरा बारम्बार उनै पतिबाट कुटपिट सहनु परेको छ ।

धर्मपुर गाविस -५ की १८ वर्षीय अनिता साहले दाइजोमा 'बक्स पलङ' ल्याउन नसक्दा पति र सासू, ससुराको कुटपिटबाट मारिनु परेको घटना ताजै छ । बर्दिवास गाविस-३ की एक तीन वर्षीय बालिका ४५ वर्षीय वेचु गुर्मछानेबाट बलात्कृत भएको घटना अदालतमा विचाराधीन छ । त्यस्तै माइस्थान गाविस-१ की १२ वर्षीय बालिकाले २१ वर्षीय बलवहादुर महतबाट बलात्कृत हुनु परेको छ ।

यी प्रतिनिधि घटना हुन् । पत्नीलाई, बुहारीलाई कुटपिट गर्नु, देवरले भाउजुलाई बलात्कार गर्न खोज्नु सामान्य घटना मानिन्छ यहाँको समाजमा । महिला हिंसाका कतिपय जघन्य घटना त छिमेकीका घरमा चर्चा मात्र पाएर सकिन्छ । लोकलाजका कारण ती सार्वजनिक हुँदैनन ।

महिलाहरू बलात्कारजस्ता जघन्य अपराधबाट पीडित भइ न्यायका लागि गुहार माग्दा उल्टो महिलालाई नै दाषी देख्ने सामाजिक परिवेश छ । आँट गरेर सार्वजनिक गरिएका घटनामा महिलाका लागि पैरवी गरिदिने महिला कानून व्यवसायी छैनन् । जसका कारण महिलाहरूका विशेष प्रकारका पीडा पुरुष कानुन व्यवसायीलाई सुनाउन वा अदालतमा जवाफ दिन नसक्ने भएका कारण पनि महिला सम्बन्धी घटनाहरूको पछिसम्म अनुगमन हुन सक्दैन । यसले पनि पीडकलाई फाइदा नै पुऱ्याएको छ ।

महिला हिंसाका सम्बन्धमा अनुसन्धान गर्ने दक्ष महिला प्रहरी, महिला कानुन व्यवसायी, अदालतमा गोप्य इजलास र महिला न्यायाधिश नहँदासम्म महिलाले जतिसुकै हिम्मत गरेर आफ्नो पीडा सार्वजनिक गरेपनि उल्टो झन पीडित हुने स्थिति कायम रहन्छ । हरेक क्षेत्रमा महिलाहरूको समान पहुँचको अधिकार र विवाहित महिलाको पनि पैत्रिक सम्पत्तिमा अधिकारको सुनिश्चितता नभएसम्म महिला विरूद्धको हिंसा मुक्त समाजको कल्पना गर्न सकिँदैन भन्ने मेरो अनुभव छ ।

महिला हिंसा रोक्न सरकार जिम्मेवार देखिँदैन

देवकी नेपाल
संयोजक महिला सुरक्षा दवाव समुह, रौतहट

यहाँको समाज परम्परागत कुसंस्कारले जकडिएको छ । केही व्यक्तिहरूको राजनीतिक, आर्थिक तथा सामाजिक स्तर उठेको भएपनि दाइजो प्रथा, बालविवाह, कुटपिट, चेलिबटी बेचबिखन, बोक्सीको आरोप जस्तो जघन्य अपराध दिनानुदिन बढ्दै गएको देखिन्छ । यस जिल्लामा सबैभन्दा बढी घटना बोक्सीको आरोपमा मलमुत्र खुवाउने, दाइजो नल्याएको कारण तेजाव, मट्टितेल खन्याएर आगो लगाइदिने, बालविवाह, चोरी तस्करीजस्ता घटनाहरू भएका छन् ।

महिला विरुद्ध हुने यस्ता घटनाहरूको रोकथामको लागि विभिन्न सङ्घ संस्थाहरू, जनचेतना जगाउने, अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने र घटनाहरूलाई सार्वजनिक गर्ने कार्यहरू गरिरहेका छन् ।

महिला अधिकारका पक्षमा काम गर्ने अधिकारकर्मीहरूलाई ज्यानमार्ने धम्की, छोराछोरीलाई अपहरण गर्ने धम्की दिने, घरमा बम पड्काइदिन्छु भन्ने धम्की आउने गरेका छन् ।

महिला हिंसा र मुक्तिको बाटो

सरस्वती नेपाली
संयोजक-स्थानीय शान्ति समिति, बैतडी

बैतडी जिल्लाको सिलङ्गा गाविसमा बस्ने लक्ष्मण पन्तले २०६६ चैत १८ गते धारिलो हतियार प्रहार गरी आफ्नी भाउजुको हत्या गरे । यो एक उदाहरण मात्र हो । घरेलु हिंसामा परी ज्यान गुमाउने महिलाको सङ्ख्या यो घटनासहित १४ महिलाको ज्यान गएको तथ्याङ्क जिल्ला प्रहरी कार्यालय बैतडीमा रहेको छ ।

हरेकजसो परिवर्तनका लागि भएका आन्दोलनहरूमा महिलाले अग्रणी भूमिका निर्वाह गरेका छन् । समाज रुढीवादी विचार, कुसंस्कार, कुप्रथा, धार्मिक परम्पराको पित्तृसत्तात्मक सोचबाट मुक्त हुन सकेको छैन ।

महिलाको आफ्नो पहिचान छैन । महिलाहरू बाल्यकालमा बाबुको नामले, युवा अवस्थामा श्रीमानको नामले, बृद्ध अवस्थामा छोराको नामले चिनिनुपर्छ । छोरा-छोरीबीच हुने गरेको विभेदमा पनि कमी आएको छैन । छोरा नभए स्वर्ग जान पाईँदैन, वंश चल्दैन भनी धर्मका नाममा महिलामाथि विभेद हुने गरेको छ । अन्न उत्पादन र अन्न थन्काउने काममा महत्वपूर्ण भूमिका महिलाको हुने गरेपनि उनीहरूको नाममा जमिन छैन । महिलालाइ गाई, भैंसी बाखा, कुखुराको हेरविचार गर्ने, घाँस दाउरा काट्ने, घर सरसफाई गर्ने कामको जिम्मा छ तर ती वस्तुको बिक्री वितरण गर्ने अधिकार छैन । कामकाजी महिलाले पनि आफूले कमाएको पैसा इच्छा अनुसार खर्च गर्न सक्दैनन् । महिलाहरूलाई आफ्ना बालबच्चाको भविष्यबारे सोच्ने, निर्णय गर्ने अधिकार छैन ।

महिनावारी (छाउपडी प्रथा) भएका महिलाहरु अहिले पनि गोठमा सुत्ने, दूध हालेको चिया खान नपाउने, महिलालाई छुन नहुने, छोइहाले गाईको गहुँत जीउमा छर्कने संस्कार हट्न सकेको छैन । सुत्केरी अवस्थामा महिलालाई बढी आराम गर्नुपर्ने, पोषिलो खाना खुवाउनुपर्ने बेलामा उनीहरूलाई बच्चा सहित गोठमा सुताउने गरिन्छ । हरियो तरकारी दुध, दही, घ्यू, माछा मासु खान नदिने चलन कायमै

छ।। सुत्केरी भएको ११ दिनदेखि नै गाह्रो काम गर्नुपर्ने हुँदा यहाँका महिलाहरूको स्वास्थ्य स्थिति कमजोर भई पाठेघर खस्ने समस्याबाट पीडित छन् ।

महिलाको विश्वास गरिँदैन । शङ्काको भरमा कुटपिट गर्ने, घरबाट निकाली बहिष्कार गर्ने जस्ता समस्या झेल्नु परेको छ । सबै घरपरिवारलाई खाना खुवाएपछि मात्र महिलाले खानुपर्ने बाध्यता छ । त्यसमा पनि बुहारीले सँधै अरुले खाएर बाँकी रहेको खाने कुसंस्कार कायम छ ।

यस जिल्लामा महिलाको आर्थिक अवस्था एकदमै कमजोर छ । शिक्षा, रोजगारी, सम्पतिबाट वञ्चित छन् । कामको बोझ बढेको छ । महिलाहरु आर्थिक, शारीरिक मानसिक, यौनिक हिंसाबाट बढी पीडित रहेका छन् । महिलाहरु वस्तुसरह प्रयोग भएका छन् । महिला कमजोर भएकै कारण बहुविवाह, यौनशोषण, बलात्कार, कुटपिट श्रम शोषण, गाली बेइज्जती तथा मानसिक यातना पाइरहेका छन् । अपमान अत्याचार दुर्व्यवहार, बलात्कार सहन नसकी शरीरमा आगो लगाउने, विष खाने, खोलामा हाम फाल्ने, पासो लगाई आत्महत्या गर्ने गरेको जिल्ला प्रहरी कार्यालय परेका निवेदन, पत्रपत्रिका प्रकाशन, अध्ययन अनुसन्धानले देखाएको छ । यस्ता घटनाबाट पीडित महिलाहरू अहिले पनि पीडा सहेर बसिरहेका छन् । न्यायका लागि जिल्लासम्म पुग्न सकेका छैनन् ।

एकल महिलाहरूलाई पनि समाजले हेर्ने दृष्टिकोण फरक छ । कुनै ठाउँमा जान नहुने कसैसँग बोल्न नहुने, घर परिवारबाट सहयोग नभएको अवस्था छ । दलित महिलाको अवस्था झन विकराल छ । धार्मिक कुसंस्कारको आडमा दलित महिलामाथि गरिने जातीय छुवाछुतले दलित महिला धारा कुवा, सभा समारोहमा समेत दिनहुँ अपमानित हुनु परेको छ । समावेशीको नाममा ठगी भएको छ । आफूले कमाई खाने जमिन नभएका कारण अर्काको घरमा हलिया बस्नुपर्ने बाध्यता छ ।

दयाकोरुपमा सहभागी भएका महिलाहरूको निर्णयक भूमिका हुन नसक्दा आम महिलाका अधिकारका कुरा नै उठ्न नसकेको अवस्था छ । महिला अधिकारका लागि अहिले विभिन्न सङ्घ र्सस्था, अन्य मानव अधिकार कर्मीले सशक्तिकरणका बारेमा छलफल गर्ने दवाव दिने कार्यले गर्दा केही घरेलु हिंसाका मुद्दा प्रहरीसम्म पुग्न सकेका छन् ।

महिला हिंसा अन्त्यका लागि महिलाको भूमि माथिको अधिकार, महिला पुरुषको नाममा संयुक्त लालपुर्जा वितरण गर्ने, महिला सम्बन्धी कानुन कार्यान्वयन गर्ने, महिलालाई हरेक क्षेत्रमा निर्णायक भूमिका रहने गरी सहभागी गराउन आवश्यक छ । महिलाको क्षमता विकास गरी आवश्यकताका आधारमा जीविकोपार्जनका लागि सहयोग गर्ने, महिला हिंसाका घटनाको तत्काल न्याय पाउने वातावरणको सिर्जना गर्ने, एकल महिला रोजगारको विशेष व्यवस्था गर्ने जस्ता कार्यलाई अविलम्व कार्यान्वयन गरिनुपर्छ ।

महिला बिचरी हुन् की बलवान ?

बिन्दु रावल
अध्यक्ष (महिला अधिकार मञ्च, अछाम)

महिला बिचरी हुन् वा बलवान ? भाषणले हैन, कामले बताउँछ । परम्परावादी सोच तथा पितृ सत्तात्मक समाजले महिलाहरूलाई निरीह, शक्तिहीनको रुपमा लिएको भएतापनि वास्तविक मूल्याङ्कन गरेर मेहनती व्यक्तिहरुलाई नै हाम्रा शक्तिको रुपमा लिनुपर्दछ । हाम्रो समाजका शक्तिवान महिलाहरु हुन् कि होइनन् भन्ने विषयमा तर्क गर्नु नै व्यर्थ हुन्छ । यसका कारणहरु कतै खोज्न जानु पर्दैन । यी उदाहरणले अछाम जिल्लामा महिलाको हालको अवस्था झल्काउने प्रयास मात्र गरेको हो र पुरुष प्रधान समाजका लागि यी उदाहरणले धक्का महसुस हुने आशा मात्र गरिएको छ ।

(१) **खानपिनमा धैर्यता** : कुनै सार्वजनिक भोज भतेर जुन देखावटीका लागि गरिएका हुन्छन्, त्यहाँ खानपिन गर्दा महिला अगाडि भन्ने चलन आउन थालेको छ । यस्ता कार्यक्रम बाहेक घर परिवारका सदस्यहरुले खाना खाई नसक्दासम्म धैर्य गर्ने बानी महिलाको मात्र हुन्छ । सबैले खाना खाइसकेपछि मात्र महिलाले खाने चलन रहेको छ । हरेक महिलाले परिवारलाई खाना खुवाउँदा अन्त्यमा भाँडोमा खाना बच्यो वा बचेन वास्ता गर्दैनन् । बरु खाना खाएका परिवारका सदस्यले पेटभरी खान पायो कि पाएन ? यसैमा चिन्तित हुन्छन् । आफूलाई खाना नपुगे फेरि पकाएर खाँदैनन् । बरु थोरै भएपनि चित्त बुझाएर उठ्छन् । घर बाहिर कहिँकतै जाँदा वा आउँदा समेत महिला र पुरुषहरु सँगसँगै छन् भने बाटोमा केही खानुपर्दा महिलाले पुरुषको नै पहिला सम्मान गर्छन् ।

(२) **काममा प्रतिवद्ध** : सबै घरायसी काममा महिला मात्रै संलग्न हुने र कुनै कुनै काममा मात्र पुरुषको संलग्नता रहन्छ । नियमितरुपमा गरिने काममा कहिलेकाहीँ मात्र महिला र पुरुषहरु मिलेर काम गरेको देखिन्छ । नत्र भने महिला एक्लै मात्र काममा दलिएका हुन्छन् । आफूले एक्लै काम गर्नु पर्‍यो भनेर न कहिले रिसाएकी हुन्छन् न त रुन्छन् नै । जस्तोसुकै दुःख खेपेर भएपनि पसिनासँग अन्न साटेर परिवार पालेकी हुन्छन् । कहिलेकाहीं परिवारका पुरुष र महिलाले सागसँगै मिलेर गरिने मौसमी काम जस्तै 'मल बोक्दा, धान गहुँ आदि काट्नुपर्दा वा जुनसुक काम गर्दा' पनि कामको शुरुवात र समापन महिलाबाट नै हुन्छ । त्यसैले महिलाहरु कमजोर होइन, बलवान ठान्नु जरुरी छ ।

(३) **परिवारको जिम्मेवारी बहन** : हाम्रो घरका पुरुष सदस्य प्रायः घर परिवारको व्यवहारिक जिम्मेवारी लिन रुचाउँदैनन् । घरमुलीको नाम पुरुषको हुन्छ, तर वास्तविक जिम्मेवारी महिलाले मात्र बहन गरिरहकेकी हुन्छन् । परिवारका सदस्यहरूको खानापिनमा ख्याल गर्नु, घरमा रहेको जिन्सी सम्पतिको संरक्षण गर्नु छोराछोरीलाई तयार गरी स्कूल पठाउनु, घरभित्रको अन्नको राम्रोसँग व्यवस्थापन गर्नु, घरको वरिपरि सरसफाई र सुरक्षा गरिरहनु, घरका झ्याल ढोका बन्द गर्नु खेतीपातीको संरक्षण गर्नु आदि कार्य महिलाको जिम्मेवारी भित्र रहेका हुन्छन् । त्यसैले महिला पुरुष भन्दा जिम्मेवार बढी छन् ।

(४) **सहनशीलता** : महिला प्रायः श्रीमान र अन्य परिवारका अन्य सदस्यको सुख नै आफ्नो सुख हो भनेर परिवारलाई खुशी पार्नमा व्यस्त रहन्छन् । परिवारका सबै पुरुष सदस्यले खाएपछि मात्र महिलाहरुले खाने चलन छ । त्यसैले उनी भोक सहने सहनशील मान्छे पनि बनेकी छन् । उनी सिकिस्त बिरामी परेपछि मात्र आरामको महसुस गर्छिन् । नत्र भने सानोतिनो बिरामीहरूको बेवास्ता गरेर पनि काममा खटिरहेकी हुन्छिन् । हाम्रा पुरुष दाजु-भाइहरू अलिकति मात्र बिरामी पर्नासाथ उनको स्याहारमा महिलाहरु तुरुन्त खटिन्छन्, तर आफू बिरामी पर्दा श्रीमानबाट पानी माग्न समेत हिच्किचाउँछन् । बरु बिरामी पालिरहन्छिन् । श्रीमान तथा घरका पुरुष सदस्यहरूलाई स्याहारका लागि अनुरोध समेत गर्दैनन् । परिवारका पुरुष सदस्यले उनलाई जुन ढंगबाट बोलेपनि, गाली गरेपनि उनी खासै मतलब नगरी सही रहन्छिन् । त्यसैले उनलाई सहनशील पनि भन्न सकिन्छ ।

यति गर्दा पनि महिलाहरूका लागि गरिने विभेदपूर्ण भाषाहरूको प्रयोगमा कमी आएको छैन । उनलाई महिला न हुन्, कमजोर हुन्छन् । महिलाहरु न हुन्, अर्को पोइल जान सक्छन् । महिला न हुन्, कुरा मात्र गर्छन् । महिला न हुन् बोल्न जान्दैनन् । महिला न हुन्, सरसफाई गर्न जान जान्दैनन् । यसरी महिलाहरूमाथि प्रयोग गरिने विभेदपूर्ण भाषा र व्यवहारले महिलाहरूलाई हाम्रो परिवारमा र समाजमा नै बिचरी बनाएको छ । तर महिलाहरु नहुने हो भने हाम्रो चुल्होमा आगो समेत नबल्ने हुन सक्दछ । घर परिवारको सबै कामहरु ठप्प प्रायः हुन सक्दछ । अब भन्नुहोस् महिला बिचरी हुन् कि बलवान ?

वैशाखीको सहारामा बाहिरिनु पर्दा

सुर्खेतको दशरथपुर क्याम्पको खुल्ला मैदान । ०६६ माघ २० गते, दिनको २ बजे अनमिनद्वारा अयोग्य प्रमाणित माओवादी लडाकूहरुको बर्हिगमनको दिन । फूलमाला र अबिरले रङ्गिएको खचाखच मानिसको भीड । भीडको बीचबाट वैशाखीको सहारामा एक युवक आँसु झार्दै बाहिरिन्छन् । उनको मात्र होइन । त्यो दिन हजारौंको आँखामा आँसु छचल्किन्छ । वर्षौंदिन सँगै बसेको विछोडको पीडा । पीडा साटासाट गर्ने माध्यम आँसु र अंकमाल । दूधे बालक काखीमा च्यापेर बाहिरिनेको पीडा अझ बेग्लै । नवविवाहित युवतीको पराइघर जाँदाको पीडा झैं । विछोडको पीडाले पानी विनाको माछा जस्तै छटपटाएको कहालिलाग्दो दृश्य । यसरी छुट्टिनु पर्ने दिनको उनीहरूले कल्पना समेत गरेका थिएनन् । उनीहरूसँग विकल्प पनि थिएन, फेरि भेटौंला र फोन गर्दै गर्नु भनेर विछोड हुनु बाहेक । आँसुको भल बगाउँदै बाहिरिदाको र हात हल्लाउँदै बाई बाई गर्दाको पीडाको दृश्य त झन ..... ।

वैशाखीको सहारामा बाहिरिने दैलेख कालभैरव गाविसका यामबहादुर अधिकारी एक्ला भने होइनन्, यसरी शिविर छोड्ने । उनीजस्ता दुई दर्जन अशक्त पनि बाहिरिएका थिए त्यस दिन । आफ्नो सपना अधुरै छाडेर । अनमिनको तथ्याङ्क अनुसार छैठौं डिभिजन र त्यस मातहतका गरी कूल ६ सय ३० जना अयोग्य लडाकुमध्ये त्यस दिन ४ सय ९४ जना बाहिरिए । जसमा उमेर नपुगेका ३ सय २८ मा २ सय ५७ पुरुष, १ सय ९७ मा १ सय ५६ महिला छन् । शान्ति सम्झौता पछि भर्ना भएका ७४ पुरुषमा ५३ तथा ३१ महिलामा २७ जनाले पनि त्यसै दिन शिविर छाडे । प्रतिवेदनका अनुसार चार जना चौथो भिडिजनबाट र १ सय ३२ जना यसअघि बाहिरिसकेका थिए । तीन वर्षअघि भर्ना भएका मात्र होइनन्, सशस्त्र द्वन्द्वको क्रममा घाइते भएकाहरू समेत अयोग्य ठहरिए । आफूहरू यसरी अयोग्य ठहरिनुमा अनमिन नै प्रमुख बाधक भएको भन्दै उनीहरूले रोष प्रकट गरेका थिए । उनीहरूले प्लास्टिकका कुर्सीहरू तोडफोड गरेर भए पनि आफ्नो उद्वेगलाई शान्त पारेका थिए । विदाइ समारोहमा उनीहरूले राष्ट्रसङ्घीय प्रतिनिधिको मात्र होइन, सरकारी प्रतिनिधिको समेत खिलली उडाउनसम्म पछि परेनन् ।

यसो त कमला खड्कालाई पनि कम्तिको चोट परेको होइन । पाँच वर्षसम्म सुखदुख बाडेका साथीलाई विदाई गर्नुपर्दा । जाजरकोट खलङ्गाकी विजया चन्द बसमा चढ्न खोज्दै गर्दा सुर्खेत मेहेलकुनाकी खड्काले मलिन अनुहार मात्र लगाइनन् । विदाइको हात उठाउन समेत उनलाई गाह्रो भएको थियो । छेवैमा बसेका अधिकारकर्मी र सञ्चारकर्मीहरूले विछोड हुँदाको प्रतिक्रिया बुझ्न खोज्दा उनी खुलेर बोल्न समेत मानिन् । "फोन गर्दै गर्नु है ।" उनी भन्दै थिइन- "फेरि यस्तै मोर्चामा भेट हुन पनि सक्छ ।" सञ्चारकर्मीहरूको जिज्ञासामा उनले यति मात्र भनिन्- "जीवनकै यो पहिलो र अन्तिम दुःखद् क्षण हो, यस्तो दिनको कल्पना समेत गरेकी थिइन् ।" यस्तै विछोडको पीडामा परेकी मञ्जु खत्रीको बेदना थियो- "रिमा बहिनी गईन् । अब

सुर्खेतको दशरथपुर स्थित छैठौं डिभिजनबाट ०६६ माघ २० गते भएको बर्हिगमन कार्यक्रम पछि वैशाखीको सहारामा बाहिरिदै गरेका यामबहादुर अधिकारी । दैलेख जिल्ला कालभैरव गाविस निवासी अधिकारी अबको भविष्य अन्यौलतामा परेको प्रति चिन्तित छन् ।

भेट हुँदैन ।" उनले रिमालाई विदाई गरिसकेपछि पोखेको यो पीडा सुन्दा त्यहाँ उपस्थित सबैजना स्तब्ध मात्र बनेनन् । थप कुरा गर्ने कसैले आँटसम्म गरेनन् । झोला झाम्टी बोकेर बाहिरिएकाहरू केहीमा खुशी छाए पनि विछोडको पीडाले भने धेरैलाई रुवाएको थियो । फूलमाला र अबिरले रङ्गिए पनि अन्यौल भविष्यलाई धिक्कार्दै एकापसमा आँसु साटेर बाहिरिनु बाहेक उनीहरूसँग विकल्प पनि थिएन ।

दशरथपुर र यस मातहतका तीनओटा शिवरका अयोग्य लडाकुहरू विदाई समारोहको रौनक भने बेग्लै । भाषण र आश्वासनको अभाव थिएन । छैठौं डिभिजनका डिभिजन कमाण्डर महेन्द्र शाहीले अयोग्य लडाकूहरूलाई राष्ट्र निर्माण लगाउनु पर्नेमा जोड दिए । डेपुटी कमान्डर चन्द्रप्रकाश खनालले लोकतन्त्र स्थापनाको लागि लडेको ठूलो शक्तिलाई यसरी निकाल्नु दुखद् भएको बताए । युएनका आवासीय संयोजन रवर्ट पाईपरले त झन अयोग्य लडाकुहरूको लागि छुट्टै प्याकेज कार्यक्रम ल्याइने भन्न पछि पनि परेनन् । तर मृत्युलाई हत्केलामा राखेर लडेर पनि अयोग्य भई बर्हिगमनमा परेकाहरूलाई भने ती आश्वासनहरू विषवाण बन्यो । त्यसैगरी शान्ति सम्झौता पछि जनसेनामा भर्ना हुन आएकाहरूलाई पनि । सबै अयोग्य लडाकुहरूको एउटै स्वर थियो यी सबै झुठ्ठा आश्वासन मात्र हुन् । यस्तो आश्वासन दिइरहँदा अयोग्य लडाकुहरूको झन आक्रोशित पनि बनेका थिए । कतिपय त नेताहरूले विदाई समारोहलाई सम्बोधन गर्दै गर्दा गाली गर्नसम्म पछि परेनन् ।

नत खाने चिन्ता न बासको खाँचो । शिविरको जीवनशैली फरक थियो । पेटी परेड पार्टी प्रशिक्षणमा सीमित दिनचर्या अब समाप्तितिर उन्मुख हुँदै थियो । "एकखालको रोजगारी मात्र पाएका थिएनौं राष्ट्रको सेवा गर्ने मौकाको पखाइमा थियौं । सबै साथीभाइ एकैठाउँमा रमाउन पाउँदा समय बितेको समेत थाहै हुँदैनथ्यो । सुखदुख र राजनीतिका कुरा गर्दैमा दिन बित्थ्यो । यसैलाई नै हामीले कर्मथलो ठहराएका थियौं । तर आज अन्यौलतामा रुमलिएको भविष्यलाई चिक्कार्दै बाहिरिनु परेको छ । जुन कुराको बारेमा हामीले कल्पना पनि गरोका थिएनौ । बर्हिगमनमा परेका आक्रोशित युवा युवतीहरू भन्दै थिए- "हाम्रो भविष्य माथि खेलवाड किन गरियो, यो भन्दा पनि अशक्त भएकाहरूलाई पीडामाथि पीडा किन थोपरियो"? कम उमेर तथा शान्ति सम्झौतापछि भर्ना भएका मात्र होइन । १० वर्ष सशस्त्र युद्धमा होमिएका पनि बाहिरिनेमा परेका छन् । अनमिनको प्रमाणीकरणमा अयोग्य ठहरिएका दुई दर्जन म जस्तै अशक्तहरूको पीडा बेग्लै छ । जीवनको प्रमाणीकरणमा अयोग्य ठहरिएका दुई दजृन म जस्तै अशक्तहरूको पीडा बेग्लै छ । जीवनको बहुमूल्य समय सशस्त्र युद्धमा होमिएर बिताइयो । घरमा गएर काम गरेर खाने अवस्था पनि छैन । अनमीनले दिएको १० हजार र डिभिजनले दिएका १२ हजारले जीवनभरलाई थेग्ने पनि होइन । लालाबाला कसले पालिदिने ? भरथेग गर्ने जागिरबाट निकालिदाको पीडाको कुरै नगरौं । घरमा गएर कसरी जीवन गुजारा गर्ने हो । नत हामी जस्ता अशक्तलाई कसैले पत्याउँछन् ? वैशाखीको सहारामा बाहिरिएका यामबहादुरले भने "यो कस्तो जुनी पाएको रहेछु ।"

प्रस्तुति : दुर्गा थापा, सुर्खेत

सप्तरीमा महिला हिंसाको अवस्था

प्रकाश खतिवडा
इन्सेक प्रतिनिधि सप्तरी

पछिल्लोपल्ट उनले अदालत धाउन थालेको पनि चार वर्ष हुन लाग्यो । दिनचर्या जस्तै भइसकेको छ उनको अदालत धाउने काम । अदालतले न्याय दिन्छ भन्ने आशा छ, उनलाई । परिवारको बहिष्करणमा परेकी सप्तरी वोरीया गाविस-५ की चाँदनी झा अदालतबाट न्याय पाउने कुरामा ढुक्क छिन् ।

परिवार जतिसुकै शिक्षित भएपनि, महिलाहरू हिंसाका शिकार हुनसक्छन् भन्ने उदाहरण बनेको छ चाँदनीको परिवार । पति पङ्कज झाले अङ्ग्रेजी विषयमा स्नातकोत्तर गरेका छन् । ससुरा अमरकान्त झा प्राध्यापक हुन् । चाँदनीले पनि स्नातक तह पूरा गरेकी छन् । नपढेको कोही छैन उनको परिवारमा । समाजमा मानसम्मान र सम्पत्तिका हिसाबले पनि छुट्टै पहिचान छ उनको परिवारको । यतिहुँदाहुँदै चाँदनीले भने दाइजोको कारण घर छोडेर माइतीमा बस्नु परेको छ ।

विधिवत मैथिल परम्परा अनुसार २०५१ साल माघ १५ गतेका दिन सप्तरीको बोरिया गाविस-५ निवासी प्राध्यापक अमरकान्त झाको छोरा पङ्कजकुमार झासँग उनको विवाह भएको थियो । तर, उनले झाको घरमा पत्नीले पाउनुपर्ने कुनै पनि अधिकार पाउन सकेकी छैनन् । न विवाह दर्ता नै भयो न त नागरिक हुनुको पहिचान नै पाएकी छिन्, उनले । सामाजिक परम्परा अनुसार विवाह त भयो तर पति र ससुरा पक्षले भनेजति दाइजो नल्याएको भनेर घरबाट निकाली दिएपछि चाँदनी माइतीमा बस्दै आएको पनि १६ वर्ष भइसक्यो । परिवारले स्वीकार्न नमान्दा अर्काको घरमा भाँडा माँझेर जीवन यापन गर्दै आएकी चाँदनीका पति पङ्कजले दोश्रो विवाह गरेका छन् ।

पतिले अर्को विवाह गरेपछि गत २०६४ कार्तिक २२ गते चान्दनीले पति विरुद्ध जिल्ला प्रहरी कार्यालय सप्तरीमा बहुविवाह सम्वन्धी जाहेरी दिइन् । आफूविरुद्ध मुद्धा परेको थाहा पाएपछि पङ्कज केही दिन फरार भए । पछि ०६५ असार ५ गते पङ्कज अदालतमा हाजिर भए । उनलाई अदालतले ५० हजार धरौटी लिई तारेखमा छाड्यो, तर चाँदनीले त्यहाँ पनि न्याय पाउन सकिनन् ।

उनी भन्छिन् '१० वर्षदेखि न्यायका लागि अदालतको ढोका ढक्कढकाइरहेको छु, तर अझै न्याय पाएकी छैन । अदालतले न्याय दिन्छ भन्ने विश्वास छ त्यसैको आशमा बाँचेकी छु । मलाई विश्वास छ अदालतले एक न एक दिन न्याय दिलाएरै छोड्छ ।'

यता राजविराज ७ की २६ वर्षीय सुनिता साहको पीडा त खपी नसक्नुको छ । दाइजो कम ल्याएको आरोपमा ०६६ असार १३ गते पति, ससुरा र देवर मिलेर मट्टितेल खन्याएर जिउँदै जलाएर मार्ने प्रयास गरे । जलेर कुरुप बनेकी उनी अझै उपचाररत छन् ।

चाँदनी र सुनीताको भन्दा जगतपुर गाविस-१ की १८ वर्षीया कल्पना मुखियाको पीडा झन काहाली लाग्दो छ । दाइजो कम ल्याएको आरोपमा ०६६ माघ ३ गते पति ललित मुखियाले गोबरले नाकमुख थुनेर उनको हत्या गरे । लोहजरा गाविस-९ माइती भएकी कल्पनाको १५ वर्षको उमेरमा ०६३ वैशाखमा ललितसँग विवाह भएको थियो । विवाह भएदेखि नै दाइजोको कारण ललितले कल्पनालाई बारम्बार शारीरिक तथा मानसिक यातना दिने गरेका थिए । घटनामा संलग्न पीडक ललित मुखियालाई प्रहरीले पक्राउ गरी कारवाही त गऱ्यो तर दाइजो कै कारण कल्कलाउँदो उमेरकी किशारीको अनाहक मै ज्यान गयो ।

रक्षक नै भक्षक भएपछि

अरु त अरु नागरिकको सुरक्षा गर्ने जिम्मा पाएको प्रहरीका कारण हिंसाको शिकार बनेकी छन् रायपुर गाविस-५ पिपराहीटोलकी २६ वर्षीय लालोदेवी राय । रायले प्रहरी जवान पति प्रलाद रायले कुटपिट गर्दै खान लाउन नदिएको भन्दै ०६७ वैशाख २६ गते जिल्ला प्रशासन कार्यालय सप्तरीमा जाहेरी दिएकी छन् । विवाह भएको वर्ष दिन नबित्दै पतिले दोश्रो विवाह गरेपछि विगत ६ वर्षदेखि पतिको यातनाको शिकार बन्दै आएको पीडितले बताइन । प्रहरी भएकाले प्रहरीकै संरक्षणमा पतिले यातना दिने गरेको उनको आरोप छ । पतिले विवाह दर्ता र नागरिकता समेत नबनाइदिएको उनले दुखेसो पोखिन । एक वर्षको काखे छोरीलाई लिई न्यायको माग गर्दै सदरमुकाम राजविराजमा रहेका सरकारी तथा गैरसरकारी कार्यालयमा धाउनु उनको दिनचर्या भएको छ ।

घरेलु हिंसाको कुरा गर्दा यसै वर्ष वभनगामाकट्टि गाविस-२ की ३२ वर्षीय असियादेवी यादवलाई भैंसी बेचेको पैसा ससुरालाई नदिएको आरोपमा ०६७ जेठ १८ गते ससुरा बन्ठु यादव र देवर शिव यादवले कुटपिट गरी झुण्ड्याएर मार्ने प्रयास गरे ।

कोचाबखारी गाविस-६ की २३ वर्षीया गीतादेवी साहलाई महिला भएर जग्गा विवादमा बोलेको आरोपमा ०६७ जेठ १८ गते काका ससुरा रामचन्द्र साह र उनका छोरा अशोकले बाँसको भाटाले निर्घात कुटपिट गरी घाइते बनाए ।

राजविराज नगरपालिका-१० डुमरी शिवथानकी २५ वर्षीय बुधनीदेवी रामलाई परस्त्रीसँग सम्बन्ध नराख्न भनेको आरोपमा ०६७ जेठ १८ गते बिहान पति महिनारायणले छुरा प्रहार गरी मार्ने प्रयास गरे ।

देउरी गाविस-८ स्वर्णटोल की ३० वर्षीया ललितादेवी मण्डललाई चरित्रहीन भएको आरोपमा ०६६ फागुन २४ गते देउरी गाविसका पूर्व अध्यक्ष सूर्यनारायण साह, स्वर्ण टोलकै सुरज मण्डल, झोली मण्डल, पहाडी भन्ने बालेश्वर मण्डल, सुरजप्रसाद मुखिया, जुक्ति मण्डल सहितका गाउँलले कुटपिट गरी गाउँ निकाला गरे । पति बिनोद मण्डल रोजगारीका सिलसिलामा मलेसिया गएदेखि उनलाई दुर्व्यवहार गर्दै आएका गाउँलेले उनको कपाल काट्नुको साथै बाँसको दाउराले निर्घात कुटपिट गरे । यी र यस्ता अनगिन्ती घटनाहरु छन् जहाँ कोही

समाजमा जस्तोसुकै परिवर्तन भएपनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् । महिलामाथि हुने हिंसाका घटनामा कमी आउन सकेको छैन । महिलाहरूका लागि सुरक्षित मानिने आफ्नो घर हिंसाका कारण असुरक्षित हुने गरेको छ । सप्तरीका ८० प्रतिशत महिला घरेलु हिंसाको शिकार बन्ने गरेको भनिन्छ । तर उनीहरूको अवस्था प्रति अझै पनि साकारात्मक पहलहरू भएका छैनन् ।

परिवारको, कोही आफन्तको त कोही समाजको हिंसाबाट पीडत बनेका छन् ।

कति छन् त हिंसा पीडित महिला ?

सप्तरी, सिराहालगायत तराईका जिल्लामा लैङ्गिक हिंसाको प्रमुख कारण दहेज (दाइजो) प्रथा हो । घरेलु हिंसा, बोक्सी प्रथा यौनशोषण दुर्व्यवहारका कारण पनि महिलाहरू हिंसाको शिकार बन्ने गरेका छन् । तर फरक यति मात्र छ, गम्भीर प्रकृतिका हिंसाका घटनामात्र बाहिर आउँछन् । धेरैजसो घटना लोक,लाज,संस्कृति परम्पराका नाममा भित्रभित्रै दवाउने गरिन्छ । जस्ले गर्दा हिंसा पीडित महिलाले पीडा माथि पीडा खपेर बाँच्नुपर्ने अवस्था विद्यमान छ ।

एक तथ्याङ्क अनुसार हिंसाका कारण यस वर्ष सप्तरीमा मात्र दुई महिलाले ज्यान गुमाएका छन् भने दुई महिलाको ज्यान लिने प्रयास भएको छ । बोक्सीका कारण पाँचजना महिला पीडित भएका छन् । घरेलु हिंसाका कारण पीडित हुने महिलाको सङ्ख्या १४ छ भने छ महिला यस अवधिमा १० जना महिला बलात्कृत भए । यी त केवल सार्वजनिक भएका घटनामात्र हुन् । बाहिर आउन नसकेका यस्ता थुप्रै घटना समाजमा हुने गर्छन् । सार्वजनिक भएका घटनामा न्याय पाउने महिलाको सङ्ख्या पनि अत्यन्त न्यून छ । प्रहरीमा दर्ता भएका प्रायः सबै घटना मिलापत्रमा टुङ्गिन्छन् ।

अलपत्र लैङ्गिक हिंसा विरुद्धको वर्ष २०१०

त्यसो त लैङ्गिक हिंसा कम गर्ने उद्देश्यले सरकारले वर्ष २०१० लाई लैङ्गिक हिंसा विरुद्धको वर्ष घोषणा गरेको छ । तर, दैनिक भइरहेका महिला हिंसाको घटनाले भने सरकारी घोषणाको खिल्ली उडाएको छ । घोषणा केवल प्रचारवाजी मात्र भएको अधिवक्ता अधिकारकर्मी अन्नपुर्ण मिश्रको आरोप छ । घोषणाका विषयमा हिंसा पीडित महिलालाई जानकारी छैन ।

घोषणा लगत्तै सरकारले राष्ट्रिय कार्ययोजना तयार गरी जिल्ला जिल्लामा पठाएपनि कार्ययोजना जिल्ला प्रशासन र महिला विकाश शाखाको दराजमा थन्किएका छन् । कार्ययोजनामा सेवा केन्द्र स्थापना गरी हिंसा पीडित महिलालाई प्राथमिक सेवा उपलब्ध गराउने उल्लेख छ । यसकालागि महिला विकाश शाखा मार्फत खर्च गर्न रु १६ लाख रकम जिल्लामा पठाएको छ । जस अनुसार महिला विकाश शाखा सप्तरीले ग्रामीण इलाका र सदरमुकाम गरी आठ ओटा सेवाकेन्द्र त स्थापना गरेको छ तर उक्त रकम पनि खर्च हुन सकेको छैन भने प्रचार प्रसारको अभावमा घोषणाको ६ महिना बितिसक्दा पनि सेवा केन्द्रमा एकजना पनि हिंसापीडित महिला सेवा लिन आएका छैनन् । तर, प्रति इलाका सेवा केन्द्रकालागि रु ८० हजार र जिल्ला सेवा केन्द्रका लागि रु २ लाख रकम महिला सहकारीलाई उपलब्ध गराई सकेको महिला विकाश शाखा सप्तरीले जनाएको छ । घोषणा कार्यान्वयनका लागि प्रमुख जिल्ला अधिकारी संयोजक र महिला विकाश अधिकृत सदस्य सचिव रहेको लैङ्गिक हिंसाविरुद्धको जिल्ला श्रोत समूह गठन गरिएको छ । बैठक बस्नु बाहेक सिन्को समेत भाँच्न सकेको छैन, श्रोत समूहले । महिला विकाश अधिकृत देवकी न्यौपाने सरकारी घोषण अनुरुप काम हुन नसकेको स्वीकार्नुहुन्छ । न्यौपाने भन्नुहुन्छ-' घोषणा सफल बनाउन पर्याप्त साधन श्रोत र जनशक्तिको व्यवस्था गर्नुपर्छ ।

अन्त्यमा

समाजमा जस्तोसुकै परिवर्तन भएपनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् । महिलामाथि हुने हिंसाका घटनामा कमी आउन सकेको छैन । महिलाहरूका लागि सुरक्षित मानिने आफ्नो घर हिंसाका कारण असुरक्षित हुने गरेको छ । समाजका ८० प्रतिशत महिला घरेलु हिंसाको शिकार बन्ने गरेका छन् । तर उनीहरूको अवस्था प्रति अझै पनि साकारात्मक पहलहरु भएका छैनन् ।

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथि समान स्वामित्व स्थापना गरी कुरीति र कुसंस्कारकारुपमा रहेको बिधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल विवाह अन्त्य हुनुपर्छ । त्यसका लागि महिला हिंसाविरुद्ध बनेका राष्टिय अन्तर्राष्टिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिला हिंसा विरुद्ध कडा कानून निर्माण, दाइजो दिने वा लिनेलाई कडा कारवाही, बलत्कारीलाई ज्यानमारा सरहको सजाय लगायतका व्यवस्था गरी कुनैपनि खाले भेदभाव विरुद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

हिंसाका कारण यस वर्ष सप्तरीमा मात्र दुई महिलाले ज्यान गुमाएका छन् भने दुई महिलाको ज्यान लिने प्रयास भएको छ । बोक्सीका कारण पाचजना महिला पीडित भएका छन् । घरेलु हिंसाका कारण पीडित हुने महिलाको सङ्ख्या १४ छ भने छ महिला यस अवधिमा १० जना महिला बलात्कृत भए । यी त केवल सार्वजनिक भएका घटनामात्र हुन् । बाहिर आउन नसकेका यस्ता थुप्रै घटना समाजमा हुने गर्छन् । सार्वजनिक भएका घटनामा न्याय पाउने महिलाको सङ्ख्या पनि अत्यन्त न्यून छ ।



महिला हिंसा रोक्नका लागि आवश्यक नीति र संयन्त्र

अधिवक्ता, कविता बस्नेत

पृष्ठभूमि :

महिला हिंसा अनैतिक, अमानवीय तथा मानवअधिकारको उल्लङ्घन हो भन्ने मान्यता विश्व जगतमा नै मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ जारी भएपछि स्थापित भएको छ । यसपछि निरन्तररुपमा महिला हिंसालाई परिभाषित गर्दै अन्तर्राष्ट्रिय स्तरमा जारी भएका महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धि सन् १९५२ नागरिक राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र १९६६ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र १९६६ महिला विरुद्ध हुने सबै भेदभाव उन्मुलन सम्बन्धी घोषणा पत्र १९६७ ले समेत लिङ्गका आधारमा विभेद गर्न नपाइने कुरालाई आत्मासाथ गरेको भएपनि वास्तविकरूपमा महिलाहरुले समानता प्राप्त गर्न सकेका थिएनन् । जसको कारण महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) सन् १९७९ मा जारी भयो ।

त्यसरी नै संयुक्त राष्ट सङ्घले १९७५ लाई अन्तराष्ट्रिय महिला वर्ष र सन् १९७६ देखि सन् १९८५ सम्मको दशकलाई महिलाहरूको लागि राष्ट्रसङ्घीय दशकका रुपमा मनाउने घोषणा गऱ्यो । जसअनुरुप प्रथम सन् १९७५ मा मेक्सिको, दोश्रो कोपनहेगनमा सन् १९८० मा, तेश्रो नैरोबी सन् १९८५ मा र सन् १९९५ मा बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनले महिला हिंसालगायत १२ वटा महिलाको मुख्य सरोकारको क्षेत्र पहिचान गरेको थियो ।

महिला हिंसा वर्तमान अवस्थामा विश्व समुदायको निम्ति ठूलो चासो र सरोकारको विषय बन्न पुगेको छ । एक्काइसौँ शताब्दीको लागि लैङ्गिक समानता विकास र शान्ति विषयको विशेष अधिवेशनमा संयुक्त राष्ट्रसङ्घका तत्कालीन महासचिव कोफि अन्नानले "महिला विरुद्धको हिंसा सबै भन्दा लज्जाजनक मानवअधिकार उल्लङ्घन हो यस्तो हिंसालाई कुनै पनि भूभाग संस्कृति अथवा धनले छेकबार लगाउन सक्दैन यदि यस्तो हिंसा भइरहने हो भने समानता विकास र शान्ति तर्फ वास्तविक रुपमा विकास गर्न सक्दैनौँ ।" भन्ने धरणा राख्नु भएको थियो ।

महिला हिंसा न्यूनिकरणको निम्ति राज्यले निर्माण गरेको कानूनतर्फ हेर्दा सामाजिक सुधार व्यवहार ऐन २०३३ देखिन्छ तर यो कानूनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । महिला हिंसा कानूनलाई हेर्दा लामो समयदेखि मुलुकी ऐनको विभिन्न महलहरुमा छरिएर रहेका र महिला हिंसा सम्बन्धी छुट्टै विशेष कानून बन्न सकेको थिएन लोकतन्त्रको स्थापना भएपछि महिला हिंसा सम्बन्धी छुट्टै कानूनको रुपमा व्यवस्थापिका संसदबाट "घरेलु हिंसा कसुर तथा सजाय नियन्त्रण ऐन, २०६६ को विधयेक पारित भएको छ । यसले पनि सम्पूर्ण महिला हिंसालाई समेट्न भने सकेको छैन भने विधयेक पास भएको एक वर्ष बितिसक्दा पनि नियमावली बन्न नसकेको कारण यो कानूनको कार्यान्वयनमा कठिनाइ भएको छ । यसरी नै सन् २०१० लाई सरकारले महिला हिंसा मुक्त वर्षको रुपमा घोषणा गरेको छ । लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना निर्देशिका जारी गरी कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न केन्द्रीय तथा जिल्ला स्तरीय श्रोत समूह समिति गठन समेत गरिएको छ । कार्ययोजनाको प्रभाव र परिणाम आउन भने केही समय कुर्नुपर्छ ।

महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मुलन महासन्धि (CEDAW) लाई नेपालले सन् १९९१ मा अनुमोदन गरी प्रतिवद्धता जनायो । प्रथम पटक नेपाल अधिराज्यको संविधान २०४७ र सो पछि नेपालको अन्तरिम संविधान २०६३ ले समेत महिला हिंसा नियन्त्रण गर्नका निम्ति महिलाको शिक्षा, स्वास्थ्य, रोजगारका साथै एकल महिलाको समाजिक सुरक्षाको लागि विशेष व्यवस्था गर्ने नीति अवलम्बन गरेको छ । हाम्रो जस्तो पितृ सत्तात्मक संचरना कायम रहेको मुलुकमा जनचेतनाको कमीले गर्दा स्वयम् पीडितलाई नै पीडा बोध नहुनु, हिंसालाई अपराधको रुपमा स्वीकार नगर्ने प्रचलन र संस्कार रहनुले पीडकले दण्ड सजायबाट उन्मुक्ति र महिला हिंसाले प्रश्रय पाइरहेको छ । महिला हिंसाको प्रमुख कारण राज्यले महिला हिंसा रोक्नुका निम्ति विशेष नीति, कानूनहरूको निर्माण र संशोधन नगर्नु र भएका केही नीति कानूनहरूको प्रभावकारी कार्यान्वयनको निम्ति आवश्यक कानून र संयन्त्रको निर्माण गर्न नसक्नु नै हो । महिला माथिको हिंसा घट्नुको साटो बृद्धि हुँदै गएकाले राज्यले के कस्तो ? नीति र संयत्र निर्माण गर्नु आवश्यक छ भन्ने कुराको खोजी गर्नु आवश्यक भएको छ ।

महिला विरुद्धको हिंसा के हो ?

महिला विरुद्धको हिंसा लैङ्गिक हिंसा हो । महिला भएकै कारण महिला माथि गरिने शारीरिक, मानसिक, आर्थिक, यौनिक, समाजिक, साँस्कृतिकलगायत मौलिक अधिकार उपभोग माथि गरिने विभिन्न हस्तक्षेपका कार्यहरू र विभेदहरू समेत पर्दछन् ।

महिला विरुद्ध हुने हिंसाहरू निम्न प्रकार छन्

(१) **शारीरिक हिंसा :**
- कुटपिट, शरीर अङ्गभङ्ग गर्ने,धकेल्ने, पोल्ने, जलाउने, काट्ने, करेण्ट लगाउने ।
- यौन दुर्व्यवहार गर्ने ।
- जबरजस्ती करणी गर्नु , वेश्यावृत्तिमा लगाउनु ।
- गर्भपतन गर्नुपर्ने स्थितिको सिर्जना गर्नु ।
- कामको बोझ बढी दिनु ।

(२) **मानसिक हिंसा :**
- अपशब्दको प्रयोग, झुठा बात लगाउनु, बेइज्जत गर्नु, डर त्रास देखाउनु ।
- सार्वजनिक स्थल एवम् कार्यालयमा दुर्व्यवहार ।
- टेलिफोन, चिठी पत्र इन्टरनेट इमेलद्वारा धम्की दिनु ।
- होच्याउने, इच्छा आकाङ्क्षा दवाउने ।

(३) **परम्परागत हिंसा** : देउकी, वादी, झुमा, छाउपडी, कुमारी प्रथा आदि

(४) **आर्थिक हिंसा :**
- आर्थिकरुपमा आयआर्जन हुने काममा रोक लगाउनु ।
- जवरजस्ती काममा लगाउने ।
- पारिश्रमिक आफैँले लिने (पारिश्रमिकमा आफ्नो नियन्त्रण नहुनु)
- आवश्यक खर्च समेत नदिनु ।
- सम्पतीको दुरुपयोग गर्नु (आफू खुशी सम्पति प्रयोग गर्न नपाउनु)
- समान काममा समान ज्याला नपाउनु ।

(५) **राजनीतिक हिंसा :**
- पार्टीहरूले महिलाका निम्ति कुनै नीति धारणा नबनाउनु ।
- राजनितिमा लागेका महिलाहरुको चारित्रीक हत्या गर्नु ।
- विभेदपुर्ण कानूनको निर्माण गर्नु ।
- राजनैतिक प्रतिवद्धता पुरा नगर्नु ।

(६) **कानूनी हिंसा :**
- लिङ्गको आधारमा कानूनले गर्ने भेदभावपूर्ण व्यवहार, न्याय सम्पादनमा संवेदनहीनता हुनु ।

(७) सामाजिक हिंसा :
- बालविवाह, बहुविवाह, बोक्सीको आरोप, दाइजो आदि ।

महिला हिंसाका कारणहरू :
- परम्परावादी पितृसत्तात्मक सोच ।

- शिक्षाको कमी ।
- चेतनाको कमी ।
- महिलालाई कमजोर वर्गको रुपमा हेरिनु ।
- सीप र दक्षताको कमी ।
- परनिर्भरता रहनु ।
- आत्मविश्वासको कमी ।
- कानूनको संशोधन निर्माण नहुनु ।
- गलत मूल्य मान्यता संस्कार परम्परा प्रचलन ।
- शसक्त कानुनको साथै कानुनको प्रभावकारी कार्यान्वयनको अभाव
- पीडितको सुरक्षाको ग्यारेण्टी नहुनु ।
- झन्झटिलो र बोझिलो अदालती प्रकृया ।
- निर्णय पदमा पुग्न नसक्नु ।

महिला विरुद्धको हिंसालाई परिभाषित गर्ने अन्तर्राष्ट्रिय दस्तावेजहरू :

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ :

- सबै मानिस जन्मजात स्वतन्त्र हुन् ती सबैको समान अधिकार प्रतिष्ठा छ । (धारा १)
- जाति, भाषा, धर्म, वर्ण, लिङ्ग वा अरु कुनै पनि आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार हुनेछ । (धारा २)
- कसैलाई पनि दास वा बाँधा बनाइने छैन । (धारा ४)

महिला हिंसा उन्मुलन गर्ने घोषणापत्र १९९३ : यसले महिला विरुद्धको हिंसा पहिचानलाई फराकिलो पारेको छ । घरभित्र मात्र हुने शारीरिक यौनजन्य/मानसिक हिंसालाई मात्र सीमित नराखी सार्वजनिक जीवनमा हुने, बालिकामाथि हुने यौनजन्य दुर्व्यवहार, दाइजोसँग सम्बन्धित (वैवाहिक बलात्कार) योनी छेदन र अन्य परम्परागत व्यवहार समेतलाई यसले महिला विरुद्धको हिंसा मानेको छ ।

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि १९७९ :

यस महासन्धिले महिला उपर हुने सम्पूर्ण हिंसाको जग महिला विरुद्धको भेदभाव नै हो भन्ने प्रष्ट पाऱ्यो । यसको सामान्य सुझाव नं.१९ मा लिङ्गमा आधारित महिला विरुद्धको हिंसा जसले महिलाहरूलाई पुरुष समान आफ्नो क्षमताको आधरमा स्वतन्त्रतापूर्वक आफ्नो अधिकार उपभोग गर्नबाट वञ्चित गराउँदछ ।

<u>महिला हिंसा रोक्नको लागि निर्माण गर्नुपर्ने नीतिहरु</u> :

- संविधानमा प्रत्याभूत गरिएको राज्यका नीति निर्देशक सिद्धान्त अवलम्बनका लागि राज्यलाई श्रोत साधनले भ्याएसम्म भन्ने शब्दको सट्टा उत्तरदायी बनाउन संविधानमा नै वाध्यकारी व्यवस्था गरिनु पर्दछ ।
- संविधानको प्रस्तावनामा नै लैङ्गिक समस्या समाधान गर्ने प्रतिवद्धता हुनुपर्दछ ।
- महिलाको फरक आवश्यकता र अवस्थालाई सम्बोधन गर्न सकारात्मक विभेदको नीति सविधानमा अवलम्बन गर्नुपर्छ ।
- राज्यसँग सम्बन्ध जोड्ने दस्तावेजमा दम्पति वा सन्तानलाई नागरिकता दिँदा समान कानूनी मापदण्डमा राखिने संवैधानिक प्रावधान हुनुपर्छ ।
- महिला हिंसालाई प्रोत्साहन दिने धर्म परम्परा संस्कृतिहरु तुरुन्तै हटाउनु पर्ने विशेष निती बनाई प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।
- महिलाहरुलाई उच्च तहसम्म अनिवार्य निशुल्क शिक्षाको हक, रोजगार, उद्योग र व्यापार प्रबन्धको लागि राज्यबाट विशेष सुविधा प्राप्त गर्ने हक सामाजिक सुरक्षाको हकको व्यवस्था संविधानमा गरीनु पर्छ ।
- सामाजिक सुरक्षाको निम्ति असहाय, अशक्त, बृद्ध महिलाको लागि भत्ता र एकल बेरोजगार महिलालाई योग्यता र क्षमताको आधारमा रोजगारी प्रदान गरी सकारात्मक विभेदको नीति राज्यले अवलम्बन गर्नुपर्छ ।
- महिलाका हक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, महासन्धिहरुको संवैधानिक संरक्षण हुनुपर्छ ।

<u>निर्माण गरिनुपर्ने संयन्त्रहरू</u> :

- महिलाको मौलिक हकको रुपमा रहेको प्रजनन् स्वास्थ्यको हक (कार्यान्वयनका निम्ति स्थानीय जिल्ला र केन्द्रीय स्तरसम्म प्रभावकारी संयत्रको निर्माण गर्नुपर्छ ।
- निःशुल्क शिक्षा र छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न स्वच्छ संयन्त्र निर्माण गरिनु पर्छ ।
- महिलामाथि हुने शोषण बेचविखन, घरेलु हिंसा नियन्त्रण गर्न गठित केन्द्रीय, जिल्ला, स्थानीय, समितिहरूको परिचालनको निम्ति पर्याप्त बजेट विनियोजन गरिनुपर्छ ।
- महिला हिंसा विरुद्धको कार्यक्रमहरु संचालन गर्न ७५ वटै जिल्लामा सबै तहमा समानुपातिक समावेशी संयन्त्रहरूको निर्माण गरिनुपर्छ ।
- महिला हिंसा विरुद्ध कार्य गर्न गठन गरिने संयन्त्रहरूमा मनोविमर्शकर्ता र महिला कानूनविज्ञ र सम्बन्धित पीडित पक्षको हकमा काम गर्ने सामाजिक संस्थाको प्रतिनिधि अनिवार्य राखिने व्यवस्था हुनुपदर्छ ।
- औद्योगिक प्रतिष्ठानमा काम गर्ने महिलाहरुमाथि हुने यौन दुर्व्यवहारको तत्काल छानविन र सुनवाई गर्न प्रतिष्ठानमा नै एक समावेशी संयन्त्र गठन गर्नुपर्छ ।
- हिंसा पीडित महिला र महिला अधिकार रक्षकहरूको सुरक्षाको निम्ति सबै तहमा संयन्त्रहरूको निर्माण गरिनुपर्छ ।
- अन्तर्राष्ट्रिय अदालतमा उजुर गर्नको लागि संयत्र निर्माण गरिनुपर्छ ।

निष्कर्ष :

महिला हिंसालाई रोक्न अन्तर्राष्ट्रिय स्तरमा सन्धि, अभिसन्धि, घोषणापत्रहरू जारी भएको र सम्मेलनहरू निरन्तर भइरहेको लामो समय बितिसक्दा पनि पितृसतात्मक संरचना कायम रहेको हाम्रो जस्तो मुलुकमा महिला हिंसालाई अपराधको रुपमा स्वीकार नगरी सामान्यरुपमा लिइने प्रचलन र व्यवहारले गर्दा एकाइसौं शताब्दीमा आइपुग्दा समेत महिलाहरूले आत्मसम्मानका साथ बाँच्न पाउने, मानवअधिकार र मौलिक अधिकारको निर्बाध उपयोगबाट वञ्चित हुनुपरेको छ ।

महिलाविरुद्धको हिंसा महिलाको मात्र समस्या नभइ परिवार समुदाय तथा अन्तत राज्यले समेत यसको परिणामबाट उच्च मूल्य चुकाउनुपर्ने भएकोले महिला हिंसा अन्त्यको लागि कुनै एकपक्ष मात्र नभइ राज्य, राजनीतिक दल, सरकारी, गैर सरकारी संस्था सञ्चारकर्मी, नागरिक समाजलगायत सरोकारवाला सबै पक्ष सम्वेदनशील भई महत्वपूर्ण भूमिका निर्वाह गर्नु जरुरी छ । यसरी नै सम्पूर्ण व्यवस्थाको सोच, कार्यशैली, योजना, नीति तथा कार्यन्वयनमा परिवर्तन आउनु पर्दछ । राज्यबाट साधन श्रोत सम्पन्न समावेशी संयन्त्रहरुको निर्माण गरी अनुगमनकारी नीति समेत अवलम्वन गरिनुपर्छ । तब मात्र हामीले चाहे जस्तो लैङ्गिक, न्यायपूर्ण, समतामुलक सभ्य समाज निर्माण हुन सक्दछ ।

सन्दर्भ सामग्रीहरु :

अन्तर्राष्ट्रिय दस्तावेजहरू
नेपाल अधिराज्यको संविधान २०४७
नेपालको अन्तरिम संविधान २०६३
मुलुकी ऐन,
सामाजिक सुधार तथा व्यवहार ऐन २०३३,
लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना २०१०

हराएको छोराको सम्झनामा फोटो हरेर रूनुको विकल्प छैन

बेनीघाट गाविस-२ की धनमायाँ बराम घरिघरि छोरालाई सम्झँदै रुने गर्छिन् । घरमा भएकाहरूँग त सधैं भेट हुन्छ । नभएकाको सम्झना बढी भएकोले रूनु बाहेक उनी सामु अरू विकल्प छैन ।

अरुका छोराछोरी देख्ने वित्तिकै छोराको सम्झना आउँछ । चाडवाड आयो कि त छोरालाई नसम्झिने कुरै भएन । घर अगाडि भब्बुको बोटमा भब्बु खाने बेला भयो उसकै याद आउँछ । जब छोराको याद आउँछ तब धनमायाँको आँखामा आँसु आउँछ । गला अवरुद्ध हुन्छ । डाँको छाडेर रून सक्दिनन् । तर रूदाँ रूँदै थाकिसकेर पनि रुनु उनको नियति बनेको छ ।

धनमायाँ बरामको छोरा राजेन्द्र बरामलाई ०६१ मङ्सीर १७ गते काठमाण्डौको गौशालाबाट सेनाको टोलीले पक्राउ गरी लगेर भैरवनाथ गणबाट बेपत्ता पारेको राजेन्द्रका काका चन्द्रबरामले बताए ।

बेपत्ता भएको खबर समेत भोलिपल्टमात्र थाहा पाएकी धनमायाँले छोरो खोज्नका लागि धेरैको ढोका ढकढक्याइसकेकी छिन् । मानवअधिकारका लागि काम गर्ने इन्सेकको पहलमा उनि धरै पटक प्रहरी, सेना तथना अन्य निकायमा पुगेकी छिन् । सदरमुकाममा बेपत्ता खोजी अभियानमा समेत लागेकी छिन् । तर पनि उनले छोराको अत्तोपत्तो लाग्न सकेको छैन ।

धनमायाँको छोरोमात्र होइन बुहारी राजेन्द्रको पत्नी मुना भनिने कल्पना श्रेष्ठको सेनाले भिडन्तमा भनेर पक्राउ गरी हत्या गरेको थियो ।

बेपत्ताको लागि काम गर्ने भनेर धेरै कुरा गर्ने प्रचण्ड प्रधानमन्त्री भए । तर पनि बेपत्ताको लागि केही गर्न सकेनन् । मरेकालाई सहिद घोषणा गरे । तर, उनलाई नै सत्तामा पुऱ्याउन लडेका राजेन्द्र बरामहरूका बारेमा केही गर्न नसेको गुनासो धनमायाँको छ ।

बेनीघाट गाविस-२ की धनमायाा बराम बेपत्ता छोरो राजेन्द्र बराम र बुहारी कल्पना श्रेष्ठको तस्वीर देखाउँदै ।

बेपत्ता पार्नेहरू जोसुकै भए पनि कारबाही त हुनु पर्‍यो नि ? कि ज्यान देखाउनु पर्‍यो कि चिहान देखाउनु पर्‍यो ? धनमायाँ मानवअधिकार आयोगसमक्ष पनि पटक-पटक छोरा खोज्न आग्रह गरेको भए पनि अरूको दाँजोमा आफ्नो छोराको बारेमा खोजी नगरेकोमा दुखित छिन् । धनमायँलाई भेट्न मानवअधिकार आयोगको टोली ०६६ कात्तिक २९ गते उनको घर गएको थियो ।

सेनाले पक्रेको देख्नेहरू धरै भए पनि पक्राउ गरेकै छैन भन्ने जबाफ सेना दिन्छ । प्रहरी आफूलाई थाहा छैन भन्छ । नेकपा माओवादीको सरकार हुँदा आस लागेको थियो उनलाई खोजी गर्ला भनेर । तर, उसले पनि केही गरेन । सत्तामा जान मात्र राजनीति गरेको जस्तोमात्र व्यवहार देखियो । जो नेता भए पनि हामीलाई के हुन्छ र ? हाम्रै नाममा राजनीति गर्नेमात्र त रहेछनन् नि ? धनमायाँको गुनासोमा आक्रोश र निराशा समेत पोखिएको थियो ।

सेनाले पक्रेको देख्नेहरू धरै भए पनि पक्राउ गरेकै छैन भन्ने जबाफ सेना दिन्छ । प्रहरी आफूलाई थाहा छैन भन्छ । नेकपा माओवादीको सरकार हुँदा आस लागेको थियो उनलाई खोजी गर्ला भनेर । तर, उसले पनि केही गरेन । सत्तामा जान मात्र राजनीति गरेको जस्तोमात्र व्यवहार देखियो । जो नेता भए पनि हामीलाई के हुन्छ र ? हाम्रै नाममा राजनीति गर्नेमात्र त रहेछनन् नि ? धनमायाको गुनासोमा आक्रोश र निराशा समेत पोखिएको थियो ।

धनकुमारीको मात्र यो पीडा होइन । बेपत्ता भएकाहरू सबैको पीडा उस्तै छ । सेनाले पक्रेर गजुरी गाविस-२ का लिलाबहादुर पाण्डे हराएको ६ वर्ष भइसक्यो । उनको अवस्था पनि परिवारले केही थाहा पाउन सकेको छैन । लिलाकी आमा नेत्रमायाँको पनि छोराको कुरा सुन्ने बित्तिकै आँखा रसाएर आउँछ ।

सडक किनारमा केरा बेच्न बेच्न बसेकी नेत्रमायाँलाई चिन्ने जान्नेहरूले सोधेर हैरान पार्छन् । तर, उनको छोराको खाजीमा कोही लागेको जास्तो उनलाई लागेको छैन । कसलाई भनेर के हुन्छ र ? नेत्रमायाँ अरुलाई कुरा सुनाउन पनि दिक्क मान्छिन् ।

धादिङमा राज्यको तर्फबाट बेपत्ता हुनेको संख्या २८ रहेको छ भने नेकपा माओवादीको तर्फबाट दुई जना बेपत्ता छन् ।

प्रस्तुतिः सीताराम अधिकारी

हार्दिक श्रद्धाञ्जलि

नेपालको लोकतान्त्रिक आन्दोलनका अथक योद्धा, पूर्वप्रधानमन्त्री तथा नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको ०६६ चैत ७ गते ८६ वर्षको उमेरमा निधन भएकोमा हामी स्तब्ध भएका छौं । लोकतान्त्रिक मूल्य र मान्यताप्रति दृढ आस्थावान कोइरालाको निधनले वर्तमान शान्ति प्रक्रियामा उहाँको भूमिकाको अभाव महसुस गराएको छ । स्वर्गीय कोइरालाप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै उहाँको आत्माको चीर शान्तिको कामना गर्दछौं ।

सुबोधराज प्याकुरेल

अध्यक्ष तथा

इन्सेक परिवार

www.inseconline.org

नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल

नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामाग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनहोस्।